**<u>मस्यौदा</u>**

# गण्डकी प्रदेश वन नियमावली, २०८०

गण्डकी प्रदेश वन ऐन, २०८० को दफा १११ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "गण्डकी प्रदेश वन नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले गण्डकी प्रदेश वन ऐन, २०८० सम्झनु पर्छ।

(ख) "कम्पार्टमेण्ट" भन्नाले वन व्यवस्थापनका लागि छुट्याइएको वन क्षेत्रको भाग सम्झनु पर्छ।

(ग) "काठ" भन्नाले दुईफिट वा सो भन्दा बढी लम्बाई र एक दशमलब पाँच फिट वा सो भन्दा बढी गोलाइ भएको चिरानको रूपमा जान सक्ने गोलिया काठ सम्झनु पर्छ र सो शब्दले खयर प्रजातिको हकमा जतिसुकै आकार वा नापको काठलाई समेत जनाउछ।

(घ) "घाटगद्दी" भन्नाले काठ, दाउरा वा अन्य वन पैदावारलाई बिक्री वितरण वा अन्य तवरले हक हस्तान्तरण नभएसम्म सुरक्षित राख्न डिभिजनल वन अधिकृत वा अधिकार प्राप्त अधिकृतले तोकेको स्थानलाई सम्झनु पर्छ।

(ङ) "चट्टा" भन्नाले बिस फिट लम्बाई, पाँच फिट चौडाई र पाँच फिट उचाईमा मिलाएर राखिएको दाउराको थुप्रोलाई सम्झनु पर्छ।

(च) "जिल्ला वन पैदावार आपूर्ति समिति" भन्नाले ऐनको दफा ८४ बमोजिमको जिल्ला वन पैदावार आपूर्ति समिति सम्झनु पर्छ।

(छ) "छपान" भन्नाले कटान तथा सङ्कलनका लागि रूखमा लगाइएको टाँचा वा पहिचान हुने चिन्ह, संकेत वा निसाना सम्झनु पर्छ।

(ज) "दाउरा" भन्नाले दुई फिट भन्दा कम लम्बाई र एक दशमलब पाँच फिट भन्दा कम गोलाइ भएको गोलिया काठ सम्झनु पर्छ र सो शब्दले एक दशमलब पाँच फिट भन्दा बढी गोलाई भए तापनि धोद्रो वा सडेको वा मक्किएको भई चिरानको रूपमा जान नसक्ने खयर बाहेकको गोलिया काठलाई समेत जनाउँछ।

(झ) "धोद" भन्नाले गोलिया काठको बाहिरी सतहमा रहेको कुहिए मक्किएको वा काठ नभएको खाली भागलाई जनाउँछ।

(ञ) "बर्ड स्याङ्चुरी" भन्नाले पारिस्थितिकिय महत्त्वको चरा प्रजातिहरू प्रचुर संख्यामा रहेको प्राकृतिक क्षेत्र सम्झनु पर्छ।

(ट) "बल्लाबल्ली" भन्नाले एक दशमलब पाँच फिट देखी दुई दशमलब पाँच फिटसम्म गोलाइ भएको र छ फिट भन्दा बढी लम्बाई भएको गोलिया काठ सम्झनु पर्छ।

(ठ) "ब्लक" भन्नाले खोला, खोल्सी, बाटो, डाँडा जस्ता प्राकृतिक सिमाना वा त्यस्तै सजिलै चिन्न सकिने वस्तुबाट वन व्यवस्थापनका लागि छुट्याइएको वन क्षेत्र सम्झनु पर्छ।

(ड) "प्लट" भन्नाले वन व्यवस्थापन योजना वा वन कार्ययोजना अनुसार वन पैदावार सङ्कलन गर्नको लागि अस्थायी वा स्थायीरूपमा निर्धारण गरिएको चौहदी सहितको कुप, ब्लक क्षेत्र, कुनै विकास निर्माण आयोजना सञ्चालन गर्दा हटाउनु पर्ने रूखहरू भएको क्षेत्र, अधिकार प्राप्त अधिकारीले तोकेको कटान क्षेत्र समेतलाई सम्झनु पर्छ।

(ढ) "वन प्राविधिक" भन्नाले वन सम्बन्धी काम गर्ने कम्तिमा वन विज्ञानमा प्रविणता प्रमाण पत्र तह वा सो सरहको उपाधि हासिल गरेको व्यक्तिलाई सम्झनु पर्छ।

(ण) "वन्यजन्तु उद्दार केन्द्र" भन्नाले ऐनको दफा ७२ बमोजिम स्थापना भएको उद्दार केन्द्र सम्झनु पर्छ।

(त) "वार्षिक स्वीकार्य कटान" भन्नाले वनको बृद्धि मौज्दात (ग्रोइङ्ग स्टक) र वार्षिक उत्पादन क्षमता (यनुअल यील्ड) को आधारमा निर्धारण गरी कार्ययोजनामा उल्लेख भएको वार्षिक कटान गर्न सकिने वन पैदावारको परिमाण सम्झनु पर्छ।

(थ) "विशेष वन क्षेत्र" भन्नाले ऐनको दफा २६ बमोजिम घोषणा भएको वन क्षेत्र सम्झनु पर्छ।

(द) "सव कम्पार्टमेण्ट" भन्नाले वन व्यवस्थापनका लागि छुट्याइएको कम्पार्टमेण्ट भित्रको इकाइ वन क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद-२

## राष्ट्रिय वनको भू-उपयोग, भोगाधिकार तथा सिमा निर्धारण र अन्य व्यवस्था

३. **संरचना हटाउने सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ६ को उपदफा (७) बमोजिम संरचना हटाउनको लागि मन्त्रालयले वन अतिक्रमण नियन्त्रण रणनीति वनाई कार्यान्वयन गर्नेछ र रणनीति नबनेसम्म प्रचलित कानून बमोजिम हुनेछ।

४. **रणनीतिक योजना तर्जुमा सम्वन्धी व्यवस्थाः** (१) मन्त्रालयले प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापनको लागि रणनीतिक योजना तर्जुमा गरी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेस गर्नेछ।

(२) उपनियम (१) बमोजिम तर्जुमा गरिने रणनीतिक योजनामा अनुसूची-१ बमोजिमका विषयहरू समावेश गर्नु पर्नेछ।

(३) ऐनको दफा ८ को उपदफा (२) बमोजिम डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनीतिक योजना बनाउँदा उपनियम (१) बमोजिमको प्रदेश सरकारबाट स्वीकृत रणनीतिक योजनाको अधीनमा रही अनुसूची -२ बमोजिमको ढाँचामा बनाउनुपर्नेछ।

(४) उपनियम (३) बमोजिमको आवधिक योजना सहितको रणनीतिक योजना स्वीकृतिका लागि निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम पेस भएको आवधिक योजना सहितको रणनीतिक योजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले आफ्नो राय सुझाव सहित स्वीकृतिका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(६) उपनियम (५) बमोजिम सिफारिस भएको आवधिक योजना सहितको रणनीतिक योजना मन्त्रालयले स्वीकृत गर्न सक्नेछ।

तर, निर्देशनालयबाट सिफारिस भई आएको आवधिक योजना सहितको रणनीतिक योजनामा कुनै परिमार्जन गर्नु परेमा निर्देशनालय र सम्बन्धित डिभिजन वन कार्यालयको परामर्शमा परिमार्जन गरी मन्त्रालयले स्वीकृत गर्न सक्नेछ। यसरी स्वीकृत भएको आवधिक योजना सहितको रणनीतिक योजना सम्बन्धित डिभिजन वन कार्यालयले कार्यान्वयन गर्नु पर्नेछ।

५. **<u>वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापनः</u>** (१) ऐनको दफा ९ बमोजिम वनको व्यवस्थापन गर्दा सरकारद्वारा व्यवस्थित वन र समुदायमा आधारित वनको वन व्यवस्थापनको उद्देश्य, पुनरुत्पादनको अवस्था, वनको प्रकार र प्रजाति, वनको गुणस्तर, उमेर, भौगोलिक अवस्थिति र संवेदनशीलता र जैविक विविधतालाई मध्यनजर गरी अनुसूची-३ मा उल्लिखित वन संवर्धन प्रणाली लागू गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वनको व्यवस्थापन गर्दा संरक्षणमूलक, उत्पादनमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित वनमा वर्गीकरण गरी सो वनमा वन विज्ञानमा आधारित उपयुक्त वन संवर्धन प्रणाली (सिल्भिकल्चरल सिस्टम) अपनाइ वनको व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापनको कार्ययोजना अनुसूची-४ बमोजिमको ढाँचामा बनाउनु पर्नेछ।

(४) यो नियम प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम स्वीकृत भएको वन संवर्धन प्रणालीमा आधारित कार्ययोजना उपनियम (३) बमोजिम परिमार्जन गरी कार्यान्वयन गर्नु पर्नेछ।

६. **<u>अध्ययन अनुसन्धानका लागि अनुमति पत्र सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा १० को उपदफा (१) बमोजिम अध्ययन अनुसन्धान अनुमति पत्र लिंदा देहाय बमोजिमका कागजातहरू समावेश गरी डिभिजन वन कार्यालयमा अनुसूची-५ बमोजिमको ढाचामा निवेदन सहित अनुसूची-६ बमोजिमको ढाँचाको प्रस्ताव पेस गर्नु पर्नेछः

(क) सम्बन्धित विश्वविद्यालय वा शैक्षिक संस्था वा अनुसन्धान गर्ने निकायको आधिकारिक पत्र र व्यक्तिको हकमा शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

(ख) अध्ययन अनुसन्धान तथा नमूना सङ्कलनमा सहभागीहरूको नागरिकताको प्रतिलिपि विदेशी नागरिकको हकमा नेपाल सरकारबाट प्रदान गरिएको

प्रवेशाज्ञा।

(२) नियम (१) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा उपयुक्त देखेमा डिभिजन वन कार्यालयले अनुमतिका लागि मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिमको सिफारिस उपयुक्त देखेमा मन्त्रालयले डिभिजन वन कार्यालयमा अनुसूची-७ बमोजिमको दस्तुर बुझाएको निस्साका आधारमा मन्त्रालयले अनुसूची-८ बमोजिमको ढाँचामा अध्ययन अनुसन्धानको अनुमति दिन सक्नेछ।

(४) कसैले अध्ययन, अनुसन्धान तथा नमूना सङ्कलन गर्ने सम्बन्धमा मन्त्रालयले आवश्यक शर्तहरू निर्धारण गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम निर्धारण गरेका शर्तहरूको पालना गर्नु अनुमति लिने व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

७. **<u>वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन:</u>** (१) ऐनको दफा ११ बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि वन कार्ययोजनामा अनुसूची-९ बमोजिमका वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम समावेश गरी स्वीकृत गर्नु पर्नेछ।

(२) सार्वजनिक निजी साझेदारीमा वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकारले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

(३) सार्वजनिक निजी साझेदारीमा वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा उपनियम (२) बमोजिमको कार्यविधिका आधारमा गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम सार्वजनिक निजी साझेदारीमा वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा त्यस्तो अध्ययन प्रतिवेदन स्वीकृत गराई गर्नु पर्नेछ।

८. **<u>वन क्षेत्रभित्रको नदीजन्य पदार्थको व्यवस्थापन:</u>** (१) डिभिजिनल वन अधिकृतले ऐनको दफा १३ बमोजिमको नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धी कार्ययोजना बनाइ आवधिक योजना सहितको रणनितिक योजनामा समावेश गरी नियम ४ बमोजिम मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धी कार्ययोजना र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा डिभिजनल वन अधिकृतले नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणका लागि अनुसूची-१० बमोजिमको ढाँचामा चेकलिष्ट तयार गरी अनुसूची-११ बमोजिमको ढाँचामा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हान गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग डिभिजनल वन अधिकृतले अनुसूची-१२ बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची-१३ बमोजिमको ढाँचामा पट्टा फारम दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको ठेक्का सम्झौताको अवधि बढीमा एक आर्थिक वर्षको हुनेछ।

९. **<u>उत्खनन् तथा सङ्कलनको परिमाण नियन्त्रण:</u>** (१) नियम ८ बमोजिम नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन् तथा सङ्कलन हुन नदिन

सम्बन्धित डिभिजन वन कार्यालयले उत्खनन् तथा सङ्कलन आदेश दिनुपूर्व प्राविधिकबाट भौगोलिक सूचना प्रणालीको अवस्थिति (जि.पि.एस. लोकेसन) का आधारमा रेखाङ्कन गरी उत्खनन् तथा सङ्कलनको क्षेत्र निर्धारण गर्नु पर्नेछ।

(२) उपनिमय (१) बमोजिम उत्खनन् तथा सङ्कलन गर्ने स्वीकृति दिइएको क्षेत्रको सम्बन्धित डिभिजनल वन कार्यालयले नियमित अनुगमन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम अनुगमन गर्दा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लिखित परिमाण भन्दा बढी वा तोकिएको क्षेत्र भन्दा बाहिर उत्खनन् गरेको पाइएमा डिभिजन वन कार्यालयले त्यस्तो उत्खनन् तथा सङ्कलन कार्य तुरुन्त बन्द गर्न आदेश दिइ प्रचलित कानून बमोजिम कारवाही गर्नु पर्नेछ।

(४) निर्देशनालय वा मन्त्रालयले समेत उपनियम (१) बमोजिमको उत्खनन् तथा सङ्कलन कार्यको समय समयमा अनुगमन गर्न सक्नेछ। यसरी अनुगमन गर्दा स्वीकृति दिइएको क्षेत्रमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लिखित परिमाण भन्दा बढी वा तोकिएको क्षेत्र भन्दा बाहिर उत्खनन् गरेको पाइएमा सम्बन्धित डिभिजन वन कार्यालयलाई त्यस्तो कार्य बन्द गराउन निर्देशन दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त निर्देशन बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयले थप उत्खनन् तथा सङ्कलन कार्य तुरुन्त बन्द गर्न आदेश दिई प्रचलित कानून बमोजिम कारवाही गर्नु पर्नेछ।

(६) उत्खनन्, सङ्कलन तथा ढुवानीकर्ताले उत्खनन्, सङ्कलन तथा ढुवानी गरेको परिमाणको अनुसूची-१४ बमोजिम दैनिक अभिलेख राख्नु पर्नेछ। त्यस्तो अभिलेखका सम्बन्धमा सम्बन्धित सव डिभिजन वन कार्यालयले साप्ताहिक रुपमा अनुगमन गरी अभिलेख प्रमाणित गरी डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

१०. **<u>जडीबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादनः</u>** (१) ऐनको दफा १६ को उपदफा (३) बमोजिम साझेदारीमा अनुसूची-१५ मा उल्लिखित जडीबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादन गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम जडीबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादन गर्न सकिने क्षेत्रहरू छनोट गरी सो को विवरण डिभिजन वन कार्यालयले निर्देशनालय समक्ष पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम छनोट भएका क्षेत्रमा साझेदारीमा जडीबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादन गर्नका लागि निर्देशनालयले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रस्ताव उपर स्थलगत जाँचबुझ तथा मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको जाँचबुझ तथा सिफारिस समिति रहनेछः

(क) निर्देशक, निर्देशनालय -संयोजक

(ख) विषयगत महाशाखा प्रमुख, मन्त्रालय -सदस्य

(ग) सम्बन्धित जिल्लाको डिभिजनल वन अधिकृत -सदस्य

(घ) विषयगत शाखाको शाखा प्रमुख, निर्देशनालय -सदस्य सचिव

(५) उपनियम (४) बमोजिमको जाँचबुझ तथा सिफारिस समितिको प्रतिवेदनका आधारमा जडीबुटी खेती गर्न उपयुक्त देखिएमा मन्त्रालयले स्वीकृत गर्न सक्नेछ।

(६) यस नियम बमोजिम साझेदारीमा गरिने जडीबुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन तथा बिक्री वितरण मन्त्रालयले तोकेको मापदण्ड बमोजिम हुनेछ।

११. **जडीबुटी पकेट क्षेत्र:** (१) ऐनको दफा १८ बमोजिम डिभिजन वन कार्यालयबाट आवधिक योजना सहितको रणनीतिक योजनामा समावेश भएको जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरूको दृष्टिकोणले महत्वपूर्ण क्षेत्रमा प्रजाति विशेष वा एकीकृत रूपमा जडीबुटी पकेट क्षेत्र पहिचान गरी निर्देशनालय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको जडीबुटी पकेट क्षेत्रका सम्बन्धमा नियम १० को उपनियम (४) बमोजिमको समितिले अध्ययन गरी निर्देशनालय मार्फत मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सिफारिसको आधारमा मन्त्रालयले जडीबुटी पकेट क्षेत्र घोषणा गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको जडीबुटी पकेट क्षेत्रमा जडीबुटी खेती प्रविधि विकास, विस्तार, प्रशोधन तथा उद्यम विकास लगायतका कार्य गर्न डिभिजन वन कार्यालयले प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(५) इच्छुक व्यक्ति, फर्म, कम्पनी वा वन उपभोक्ता समूहले उपनियम (४) बमोजिम प्रकाशित सूचना बमोजिम डिभिजन वन कार्यालयमा प्रस्ताव पेस गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम प्राप्त प्रस्ताव डिभिजन वन कार्यालयले मूल्याङ्कन गरी उत्कृष्ट प्रस्तावक छनोट गर्नेछ।

(७) उपनियम (६) बमोजिम प्रस्ताव मूल्याङ्कन गर्दा व्यवसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावित लगानी र अनुभव लगायतका विषयलाई ध्यान दिनु पर्नेछ।

(८) उपनियम (६) बमोजिम छनोट भएको प्रस्तावकसँग डिभिजन वन कार्यालयले जडीबुटी खेती विस्तारका लागि सम्झौता गर्नु पर्नेछ।

(९) उपनियम (८) बमोजिमको सम्झौतामा उल्लिखित समयभित्र छनोट भएको प्रस्तावकले जडीबुटी खेती विस्तारको कार्य प्रारम्भ गर्नु पर्नेछ।

(१०) यस नियम बमोजिम छनोट भएको जडीबुटी खेती विस्तारको पकेट क्षेत्रको डिभिजन वन कार्यालयले नियमित अनुगमन गरी पृष्ठपोषण दिनुका साथै निर्देशनालय र मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

१२. **जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको बिक्री वितरण:** (१) नियम ११ बमोजिम उत्पादित जडीबुटीको सङ्कलन, ओसारपसार तथा बिक्री वितरणका लागि सरकारद्वारा व्यवस्थित वनको हकमा सम्बन्धित सब डिभिजन वन कार्यालयको नापतौल मुचुल्का सहितको सिफारिस र समुदायमा आधारित वनको हकमा सम्बन्धित वन उपभोक्ता समितिको सिफारिस तथा सब डिभिजन वन कार्यालयको नापतौल मुचुल्का सहितको सिफारिस संलग्न गरी डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन सहितका कागजात अध्ययन गरी डिभिजन वन कार्यालयले अनुसूची-१६ बमोजिमको मूल्य दरको शुल्क लिइ अनुसूची-१७ बमोजिमको ढाँचामा सङ्कलन इजाजत र अनुसूची-१८ बमोजिमको ढाँचामा छोडपूर्जी दिनु पर्नेछ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी आवादीमा उत्पादित जडीबुटीको सङ्कलन, ओसारपसार तथा बिक्री वितरण गर्दा सम्बन्धित सव डिभिजन वन कार्यालयबाट नापतौल गराई सम्बन्धित स्थानीय तहको सिफारिसमा कृषि उपज सरह सङ्कलन, ओसारपसार तथा बिक्री वितरण गर्न सकिनेछ।

(४) नियम ११ बमोजिमको पकेट क्षेत्र बाहेक राष्ट्रिय वनमा उत्पादित जडीबुटीको सङ्कलन, ओसारपसार तथा बिक्री वितरण नियम ७७ बमोजिम हुनेछ।

## परिच्छेद-३

## सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र र विशेष वन क्षेत्र सम्बन्धी व्यवस्था

१३. **चक्ला वनको व्यवस्थापनः** (१) ऐनको दफा २२ बमोजिम राष्ट्रिय वनलाई चक्ला वनको रूपमा व्यवस्थापन गर्नको लागि डिभिजन वन कार्यालयले अनुसूची-१९ बमोजिमका विषय समावेश गरी वन कार्ययोजना तयार गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको वन कार्ययोजना निर्देशनालयको सिफारिस सहित स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम पेस गरी स्वीकृत कार्ययोजना सम्बन्धित डिभिजन वन कार्यालयले कार्यान्वयन गर्नेछ।

(४) यो नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम स्वीकृत भएका वन संवर्धन प्रणालीमा आधारित कार्ययोजना नियम ५ बमोजिम परिमार्जन गरी कार्यान्वयन गर्नु पर्नेछ।

१४. **वन संरक्षण क्षेत्र इकाइः** (१) ऐनको दफा २३ को उपदफा (२) बमोजिमको वन संरक्षण क्षेत्र इकाइ देहाय बमोजिमको हुनेछः

(क) वन संरक्षण क्षेत्रभित्रका सम्बन्धित जिल्लाको वन उपभोक्ता समुहका अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्येबाट निर्वाचित एक जना -संयोजक

(ख) वन संरक्षण क्षेत्रभित्रका सम्बन्धित जिल्लाको स्थानीय तहका सम्बन्धित वडा सदस्यहरू मध्येबाट छानिएका कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(ग) वन संरक्षण क्षेत्रभित्रका सम्बन्धित जिल्लाको वन उपभोक्ता समुहका अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्येबाट निर्वाचित कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(घ) वन संरक्षण र प्रवर्धन कार्यमा योगदान गर्ने वन संरक्षण क्षेत्र भित्रका व्यक्ति वा सरोकारवाला संध संस्थाको प्रतिनिधित्व हुने गरी निर्देशनालयले तोकेको एक जना महिला सहित दुई जना -सदस्य

(ङ) डिभिजन वन कार्यालयले तोकेको सम्बन्धित क्षेत्र हेर्ने वन अधिकृत -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको वन संरक्षण क्षेत्र इकाई गठनको चुनावी प्रक्रियामा सदस्य सचिवले मतदान गर्न पाउने छैन।

(३) ऐनको दफा २३ को उपदफा (१) बमोजिमको वन संरक्षण क्षेत्र परिषद र उपदफा (२) बमोजिमको वन संरक्षण क्षेत्र इकाइका सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(४) उपनियम (१) बमोजिमको वन संरक्षण क्षेत्र इकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वार्षिक योजना तर्जुमा गरी वन संरक्षण क्षेत्र परिषद् समक्ष पेस गर्ने,

(ख) आफ्नो कार्यक्षेत्रभित्रका वन, वनस्पति, वन्यजन्तु, जैविक मार्ग, पारिस्थिकीय प्रणाली, ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्वका क्षेत्र र जलाधार क्षेत्रहरूको संरक्षण र व्यवस्थापन गर्ने,

(ग) आफ्नो कार्यक्षेत्रभित्र सञ्चालन भएका कार्यक्रमहरूको अनुगमन गरी पृष्ठपोषण दिने,

(घ) आफ्नो क्षेत्रभित्रका वन उपभोक्ता समूह, वन संरक्षण क्षेत्र परिषद्, डिभिजन वन कार्यालय र स्थानीय तह लगायतका सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने,

(ङ) वन संरक्षण क्षेत्र परिषद्ले तोकेका कार्यहरू गर्ने।

**१५. <u>वन संरक्षण क्षेत्र कार्यान्वयन इकाईः</u>** (१) ऐनको दफा २३ बमोजिमको वन संरक्षण क्षेत्रको दैनिक प्रशासन तथा कार्यक्रम सञ्चालनका लागि निर्देशनालय मातहतमा एक वन संरक्षण क्षेत्र कार्यान्वयन इकाई रहनेछ र उक्त इकाईको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वन संरक्षण क्षेत्रको वार्षिक कार्यक्रम तथा बजेट बनाई परिषदमा पेस गर्ने,

(ख) कार्यान्वयनको प्रगति नियमित रूपमा परिषदको बैठकमा पेस गर्ने,

(ग) परिषद्को कागजात, आम्दानी खर्च र चल अचल सम्पत्तिको विवरण दुरुस्त राख्ने,

(घ) दैनिक कार्य सञ्चालनको सिलसिलामा आवश्यक पर्ने निकायसँग समन्वय गर्ने,

(ङ) सञ्चालित कार्यक्रमहरूको अनुगमन गर्ने,

(च) स्वीकृत वार्षिक कार्ययोजना बमोजिमका परिषद्ले तोकेका कार्यहरू गर्ने,

(२) वन संरक्षण क्षेत्र परिषद्को सदस्य सचिवले उपनियम (१) बमोजिमको कार्यान्वयन इकाईको प्रबन्धक भई कार्य गर्नेछ।

(३) उपनियम (१) बमोजिमको वन संरक्षण क्षेत्र कार्यान्वयन इकाईको अस्थायी संगठन संरचना प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

**१६. <u>वन संरक्षण क्षेत्रको आम्दानीको बाँडफाँटः</u>** (१) वन संरक्षण क्षेत्रमा अनुसूची-२० बमोजिम प्रवेश तथा क्रियाकलाप शुल्क लाग्नेछ।

(२) वन संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्दा प्राकृतिक स्रोतबाट प्राप्त हुने राजश्वको बाँडफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

तर, वन संरक्षण क्षेत्रमा प्राकृतिक स्रोतबाट प्राप्त हुने राजश्व बाहेकको आम्दानी सम्बन्धित वन संरक्षण क्षेत्रको कोषमा जम्मा गर्नु पर्नेछ।

१७. **<u>वन संरक्षण क्षेत्रको कोषको सञ्चालन तथा व्यवस्थापनः</u>** (१) ऐनको दफा २५ बमोजिमको कोष नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकमा रहनेछ।

(२) उपनियम (१) बमोजिमको कोषको सञ्चालन वन संरक्षण क्षेत्र परिषद्को संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

(३) कोषको रकम वन संरक्षण क्षेत्र परिषदले प्रशासनिक खर्च दश प्रतिशत नबढ्ने गरी छुट्याइ बाँकी रकमको कम्तीमा पचास प्रतिशत वन विकास, वन संरक्षण लगायत वन व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ र बाँकी रकम परिषद्को निर्णय अनुसार सामाजिक विकास कार्यमा खर्च गर्न सकिनेछ।

(४) कोषको लेखा परीक्षण मान्यता प्राप्त लेखा परीक्षकबाट गराउनु पर्नेछ र सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सम्बन्धित डिभिजन वन कार्यालय र निर्देशनालयमा पेस गर्नु पर्नेछ।

१८. **<u>विशेष वनक्षेत्रको नियमन तथा व्यवस्थापनः</u>** ऐनको दफा २६ बमोजिम घोषणा भएको विशेष वनक्षेत्रको नियमन तथा व्यवस्थापन मन्त्रालयद्वारा स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

१९. **<u>विशेष वन क्षेत्रको कोषको सञ्चालन तथा व्यवस्थापनः</u>** (१) ऐनको दफा ३० बमोजिमको कोष नेपाल राष्ट्र बैंङ्कबाट इजाजत प्राप्त 'क' वर्गको बैंकमा रहनेछ।

(२) उपनियम (१) बमोजिमको कोषको सञ्चालन विशेष वन क्षेत्र व्यवस्थापन परिषद्को संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

(३) कोषको रकम वन संरक्षण क्षेत्र परिषदले प्रशासनिक खर्च दश प्रतिशत नबढ्ने गरी छुट्याइ बाँकी रकमको कम्तीमा पचास प्रतिशत वन विकास, वन संरक्षण लगायत वन व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ र बाँकी रकम परिषद्को निर्णय अनुसार सामाजिक विकास कार्यमा खर्च गर्न सकिनेछ।

(४) कोषको लेखा परीक्षण मान्यता प्राप्त लेखा परीक्षकबाट गराउनु पर्नेछ र सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सम्बन्धित डिभिजन वन कार्यालय र निर्देशनालयमा पेस गर्नु पर्नेछ।

## परिच्छेद-४

## <u>सामुदायिक वन सम्बन्धी व्यवस्था</u>

२०. **<u>सामुदायिक वन उपभोक्ता समूहको गठनः</u>** (१) सामुहिक हितका लागि सामुदायिक वनको रूपमा कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गर्न चाहने उपभोक्ताहरूले ऐनको दफा ५५ बमोजिमको उपभोक्ता समूह गठन गर्न डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा डिभिजनल वन अधिकृतले प्राविधिक कर्मचारी खटाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम माग गरिएको वनक्षेत्र सामुदायिक वनको रूपमा व्यवस्थापन

गर्न उपयुक्त देखिएमा उपनियम (२) बमोजिम खटिएको कर्मचारीले आवश्यकता अनुसार सम्बन्धित वडा कार्यालयको समेत सहयोग लिई उपभोक्ता समूह गठन गर्न र विधान तयार गर्न उपभोक्ता समूहलाई सहयोग गर्नु पर्नेछ।

(४) उपभोक्ता पहिचान गरी समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको सिमानाले असर पार्ने छैन।

(५) सामुदायिक वन उपभोक्ता समूहको विधानमा अनुसूची-२१ मा उल्लिखित विषय समावेश भएको हुनुपर्नेछ।

(६) उपनियम (५) बमोजिम तयार भएको सामुदायिक वन उपभोक्ता समूहको विधान समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-२२ बमोजिमको ढाँचामा सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(७) ऐन तथा यस नियमावली बमोजिम उपभोक्ता समूह गठन भएको पाइएमा डिभिजनल वन अधिकृतले सामुदायिक वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-२३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(८) उपभोक्ता समूहको कार्यसञ्चालनका लागि अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मुख्य पद रहने गरी बढीमा पन्ध्र सदस्यीय एक उपभोक्ता समिति रहनेछ र उपभोक्ता समितिको अध्यक्ष वा सचिवमध्ये कुनै एक पदमा महिला हुनुपर्नेछ।

(९) उपनियम (८) बमोजिमको उपभोक्ता समितिमा कम्तीमा पचास प्रतिशत महिला हुनु पर्नेछ।

(१०) उपभोक्ता समितिको पदावधि तीन वर्षको हुनेछ र उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष पदमा बसेको व्यक्ति दुई कार्यकाल भन्दा बढी उपभोक्ता समितिको सोही पदमा रहन पाउने छैन।

(११) ऐनको दफा ५५ को उपदफा (४) बमोजिम कुनै उपभोक्ता समूह एक आपसमा गाभिन चाहेमा साधारण सभाको निर्णय सहित डिभिजन वन कार्यालयमा संयुक्त निवेदन दिनु पर्नेछ।

(१२) उपनियम (११) बमोजिम गाभिन चाहने उपभोक्ता समूहहरूको निवेदन पर्न आएमा आवश्यक जाँचबुझ गरी डिभिजनल वन अधिकृतले एउटै समूह कायम गर्नेछ र उक्त समूहहरूको विधान तथा कार्ययोजनामा आवश्यक परिमार्जनका लागि निर्देशन दिनेछ।

(१३) वनको संरक्षण, संवर्धन, व्यवस्थापन र उपयोगका लागि उपनियम (८) बमोजिमको उपभोक्ता समितिले आफ्नो मातहतमा रहने गरी आवश्यकता अनुसार विषयगत उपसमिति गठन गर्न सक्नेछ। त्यस्तो उपसमितिको काम, कर्तव्य र अधिकार उपभोक्ता समितिले तोके बमोजिम हुनेछ।

२१. **कार्ययोजना तर्जुमा र वन हस्तान्तरणः** (१) नियम २० को उपनियम (७) बमोजिम दर्ता भएको सामुदायिक वन उपभोक्ता समूहले ऐनको दफा ३१ को उपदफा (१) बमोजिम राष्ट्रिय वनको कुनै भागलाई सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा कार्ययोजना तयारीका लागि प्राविधिक सहयोग तथा सामुदायिक वन हस्तान्तरणका लागि अनुसूची-२४ बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले ऐन र यस नियमावली बमोजिम सामुदायिक वनको कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) यस नियम बमोजिम सामुदायिक वनको रुपमा हस्तान्तरणका लागि वनक्षेत्र निर्धारण गर्दा गाउँ बस्तीबाट सामुदायिक वनक्षेत्रको दुरीका साथै सामुदायिक वन उपभोक्ता समूहको वन व्यवस्थापन गर्ने चाहना, आवश्यकता र क्षमता समेतलाई ध्यान दिनु पर्नेछ।

(४) यस नियम बमोजिम सामुदायिक वनको सीमाना निर्धारण गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सीमानाले कुनै असर पार्ने छैन।

(५) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको कार्ययोजना तयार गर्दा स्थानीय तहसँग परामर्श गर्नु पर्नेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले ऐन र यस नियमावली बमोजिमका कार्य गर्नका लागि सम्बन्धित निकाय, संघ संस्था, वन प्राविधिक वा योग्यता प्राप्त सेवा प्रदायकबाट आवश्यक सहयोग लिन सक्नेछ।

(७) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनमा वन संवर्धन प्रणाली र उद्देश्य, वनको हैसियत र त्यस्तो उपभोक्ता समूहको आवश्यकता र व्यवस्थापकीय क्षमता समेतलाई ध्यान दिई साधारण सभाको सहमति र निर्णयबाट छनोट भएका वन संवर्धन प्रणालीका क्रियाकलाप आफ्नो कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(८) सामुदायिक वनको कार्ययोजना तयारी गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ र त्यस्तो कार्ययोजना सामुदायिक वन उपभोक्ता समूहको साधारणसभाबाट निर्णय भई पारित भएको हुनु पर्नेछ।

(९) सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-२५ मा उल्लिखित विषय समावेश गरी सामुदायिक वनको कार्ययोजना तयार गरी स्वीकृतिको लागि डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम स्वीकृतिको लागि पेस हुन आएको सामुदायिक वनको कार्ययोजनामा डिभिजनल वन अधिकृतले अध्ययन गर्दा कुनै कुरा सुधार गर्नु पर्ने देखेमा सामुदायिक वन उपभोक्ता समूहसँगको परामर्शमा ऐन तथा यस नियमावली बमोजिम कार्ययोजना स्वीकृत गरी अनुसूची-२६ बमोजिमको ढाँचामा सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनु पर्नेछ।

(११) एउटा जिल्लामा रहेको कुनै वनक्षेत्र सीमाना जोडिएको अर्को जिल्लाको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गर्नु पर्ने भएमा वनक्षेत्र रहेको जिल्लाको डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूह अवस्थित रहेको डिभिजनल वन अधिकृतको सिफारिसमा सामुदायिक वन हस्तान्तरण गर्न सक्नेछ।

(१२) उपनियम (१०) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन सामुदायिक वन उपभोक्ता समूहले गर्नेछ।

(१३) सामुदायिक वनको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ। सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक दश वर्षमा वा सो अगावै ऐनको दफा ३४ को उपदफा (२) बमोजिम हुने गरी कार्ययोजनामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

तर ऐनको दफा ३४ को प्रयोजनका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नु पर्ने अवस्थामा बाहेक सामुदायिक वनको कार्ययोजना स्वीकृत भएको मितिले दुई वर्षसम्म संशोधन गर्न पाइने छैन।

(१४) सामुदायिक वन कार्ययोजनाको अवधि सकिनु अगावै नयाँ कार्ययोजना तयार गरी यस नियम बमोजिम स्वीकृत गराई पुरानो कार्ययोजनाको अवधि सकिएको दिनदेखि नयाँ कार्ययोजना कार्यान्वयनमा ल्याउनु पर्नेछ।

(१५) डिभिजनल वन अधिकृत वा निजले खटाएको वन प्राविधिक कर्मचारीले आफ्नो कार्य क्षेत्रभित्रको सामुदायिक वनको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरी डिभिजन वन कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

२२. **उपभोक्ता समूह र उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** (१) उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समूहको दूरदृष्टि तयार गरी संस्थागत विकास तथा आत्मनिर्भरताको लागि काम गर्ने,

(ख) विधान तथा कार्ययोजनाको तयार गर्ने, संशोधन गर्ने र परिमार्जन गर्ने,

(ग) विधान तथा कार्ययोजना कार्यान्वयन गर्ने,

(घ) सहभागितामूलक पद्धति अपनाउदै समूहको वार्षिक योजना बनाइ कार्यान्वयन गर्ने,

(ङ) आफ्नै लगानी र सरोकारवालाको समन्वयमा समूहलाई आवश्यक पर्ने दक्ष जनशक्ति तथा स्रोतव्यक्ति (सहजकर्ता) तयार गरी परिचालन गर्ने,

(च) विपन्न, दलित, आदिबासी, जनजाति र महिलाहरूको चेतना अभिवृद्धि, सशक्तीकरण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि पहल गर्ने,

(छ) कार्ययोजनामा दिगो वन व्यवस्थापन, सुशासन र जीविकोपार्जनको अवधारणा समावेश गर्ने,

(ज) उपभोक्ता समूहका क्रियाकलापहरूको नियमित स्वःअनुगमन तथा मूल्याङ्कन गर्ने,

(झ) वन पैदावार बिक्री वितरण गर्दा न्यायोचित वितरण प्रणाली अपनाउने,

(ञ) उपलब्ध स्रोत तथा अवसरलाई न्यायोचितरूपमा उपयोग गर्ने,

(ट) वन अतिक्रमण, वन पैदावारको अवैध कटानी, निकासी, वन डढेलो तथा वन्यजन्तुको चोरी सिकारी नियन्त्रण गर्ने,

(ठ) सिमसार क्षेत्र, जलाधार क्षेत्र तथा जैविक विविधताको संरक्षण तथा व्यवस्थापनका कार्य गर्ने,

(ड) जलवायु परिवर्तनका प्रभाव कम गर्न आवश्यक अनुकुलन तथा न्यूनीकरणका कार्य गर्ने,

(ढ) प्रत्येक उपभोक्ताले समितिसँग आवश्यक सूचनाहरूको जानकारी लिने दिने,

(ण) उपभोक्ता समूह वा समितिले गरेका निर्णयहरू नियमित रूपमा सम्बन्धित सव डिभिजन वन कार्यालयमा पठाउने।

(२) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विपन्न, दलित, आदिवासी, जनजाति र महिलाहरूको चेतना अभिवृद्धि, सशक्तीकरण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

(ख) समूहले गरेका निर्णयहरू र तयार पारेका कार्यक्रमहरूको वार्षिक कार्यतालिका तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) समूह भित्रका विपन्न उपभोक्ताहरू पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने,

(घ) उपभोक्ता समूहको वार्षिक प्रगति प्रतिवेदन तयार गरी समयमै सम्बन्धित निकायमा पठाउने,

(ङ) नियमित रूपमा आन्तरिक, सार्वजनिक तथा वाह्य लेखापरीक्षण गर्ने, गराउने,

(च) उपभोक्ता समूहका क्रियाकलापहरूको नियमित स्वःअनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ) समूहको आम्दानी तथा खर्चको अभिलेख दुरुस्त राख्ने,

(ज) वन पैदावार विक्री वितरणको न्यायोचित प्रणाली अपनाउने,

(झ) उपलब्ध स्रोत तथा अवसरलाई न्यायोचित रूपमा उपयोग गर्ने,

(ञ) समूहले गरेका कार्यहरू जस्तैः वन पैदावार संकलन तथा बिक्री वितरण, सामुदायिक विकास, संस्थागत विकास आदिको अभिलेख राख्ने र उपभोक्ता समूहलाई जानकारी गराउने,

(ट) उपभोक्ता समूहको विधान, कार्ययोजना, समय समयमा प्राप्त नीति, निर्देशन तथा परिपत्रहरू समूहलाई जानकारी गराउने,

(ठ) स्थानीय निकाय, सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग आवश्यकता अनुसार समन्वय गर्ने,

(ड) छिमेकी वन उपभोक्ता समूहसँग ज्ञान, सीप र सिकाइ आदान प्रदान गर्ने,

(ढ) समूहको आर्थिक अवस्था अनुसार सहजकर्ता परिचालन गर्ने,

(ण) समूहको वार्षिक योजना स्थानीय निकायको वार्षिक योजनामा समायोजन गर्न पहल गर्ने,

(त) जीविकोपार्जन सुधार योजना निर्माण र कार्यान्वयन गर्ने।

२३. **<u>संक्षिप्त कार्ययोजना सम्बन्धी व्यवस्थाः</u>** (१) डिभिजन वन कार्यालयले वार्षिक रूपमा संक्षिप्त कार्ययोजना बनाउने सामुदायिक वनहरूको लगत तयार गर्नेछ।

(२) उपनियम (१) बमोजिमको लगतमा उल्लिखित सामुदायिक वनहरूको ऐनको दफा ३३ बमोजिम अनुसुची-२७ बमोजिमको ढाँचामा संक्षिप्त कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नेछ।

२४. **सामुदायिक वनको व्यवस्थापन र वन पैदावारको सङ्कलनः** (१) उपभोक्ता समूहले आफ्नो सामुदायिक वनको व्यवस्थापन स्वीकृत कार्ययोजना बमोजिम गर्नु पर्नेछ।

(२) उपभोक्ता समूहले कार्ययोजनामा उल्लेख भएका वन संरक्षण, व्यवस्थापन तथा विकासका वार्षिक कार्यहरू तोकिएको समयमै सम्पन्न हुने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(३) उपभोक्ता समूहले काठ दाउरा सङ्कलन गर्नु पूर्व सब डिभिजन वन कार्यालयको प्राविधिक सहयोगमा नियम ७० बमोजिम छपान मूल्याङ्कन गरी समूहभित्रको आन्तरिक खपत गर्ने प्रयोजनार्थ सब डिभिजन वन कार्यालयबाट र समूह बाहिर बिक्री वितरण गर्ने प्रयोजनार्थ डिभिजनल वन अधिकृतको सहमति लिनु पर्नेछ।

(४) उपभोक्ता समूहले सामुदायिक वनबाट कार्ययोजना बमोजिम प्राप्त हुने काठ दाउरा समूहका सदस्यहरूलाई परिचालन गरी सङ्कलन गर्न प्राथमिकता दिनुपर्नेछ।

(५) उपनियम (४) बमोजिम काठ दाउराको सङ्कलन हुन नसकेमा उपभोक्ता समूहले प्रचलित कानुन अनुसार प्रतिस्पर्धा गराई सबैभन्दा कम मूल्यमा काठ दाउरा सङ्कलन गर्न कबोल गर्नेलाई अनुसूची-२८ बमोजिमको सङ्कलन अनुमतिपत्र दिई सङ्कलन कार्यमा लगाउनु पर्नेछ।

(६) काठ दाउरा बाहेकको जडीबुटी र अन्य वन पैदावारको सङ्कलनको लागि उपभोक्ता समूहले अनुसूची-२८ बमोजिमको सङ्कलन अनुमतिपत्र लिई सङ्कलन गर्नु पर्नेछ।

(७) उपभोक्ता समूहले सङ्कलन गरेको काठ दाउरा नापजाँच र ग्रेडिङ गरी सब डिभिजन वन कार्यालयले तोकेको स्थानमा सुरक्षित हुनेगरी घाटगद्दी गर्नु पर्नेछ।

२५. **सामुदायिक वनको काठ दाउरा बिक्री वितरणः** (१) उपभोक्ता समूहले नियम २४ बमोजिम सङ्कलन गरेको काठ दाउरा वितरण गर्नु अघि समूहका सदस्यलाई सूचना जारी गरी वार्षिक रूपमा समूहका सदस्यको माग सङ्कलन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको माग निवेदनका सम्बन्धमा उपभोक्ता समितिले जाँचबुझ गरी आवश्यकता र उत्पादन परिमाणका आधारमा समूहका सदस्यलाई प्राथमकिता दिई बिक्री वितरण गर्नु पर्नेछ।

(३) नियम २४ बमोजिम सङ्कलन गरी घाटगद्दी गरेको काठ दाउरा समूह सदस्यलाई बिक्री वितरण गर्दा अनुसूची-२९ बमोजिमको ढाचाँमा तीन प्रति रसिद बनाई एक प्रति खरिद गर्ने व्यक्तिलाई, एक प्रति सम्बन्धित सब डिभिजन वन कार्यालयलाई र एक प्रति समूहको कार्यालयमा राख्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख गरी गरिबीको रेखामूनी रहेका वा प्राकृतिक विपद्मा परेका उपभोक्तालाई सहुलियत दरमा वा निःशुल्क काठ दाउरा उपलब्ध गराउन र अन्य सहुलियत उपलब्ध गराउन सक्नेछ।

(५) उपनियम (२) र (४) बमोजिम समूहभित्र बिक्री वितरण गरी बाँकी रहेको काठ दाउरामध्ये कम्तीमा पच्चीस प्रतिशत जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलव्ध गराउनु पर्नेछ।

(६) उपनियम (२), (४) र (५) बमोजिम बिक्री वितरण गरी बाँकी रहेको काठ दाउरा डिभिजन वन कार्यालयको सहमति लिइ नियम ७२ बमोजिम समूह बाहिर बिक्री गर्न सकिनेछ र त्यसरी बिक्री गर्दा अनुसूची-३० बमोजिमको मूल्य भन्दा कम मूल्यमा बिक्री वितरण गर्न पाईने छैन।

(७) उपनियम (६) बमोजिम समूह बाहिर काठ दाउरा बिक्री गर्दा काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी सञ्चालनमा रहेका उद्योगले मात्र प्रतिस्पर्धामा भाग लिन पाउनेछन्।

(८) उपभोक्ता समूहले सञ्चालन गरेको वन सम्बन्धी उद्यमका लागि काठ दाउराको हकमा अनुसूची-३० र जडीबुटी र अन्य वन पैदावारको हकमा अनुसूची-१६ मा तोकिएको मूल्यमा नघट्ने गरी वन पैदावार उपलब्ध गराउन सक्नेछ।

(९) उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरेका रसिद लगायतका कागजात कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

(१०) उपभोक्ता समूहले वन पैदावार उत्पादन र बिक्री वितरणको अद्यावधिक विवरण आफ्नो कार्यालयमा व्यवस्थित रूपमा राखी सोको विवरण नियमित रूपमा सव डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(११) सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयको सहमतीमा कार्ययोजनाको परिधिमा रही खडा तथा ढलापडा रूखहरू प्रतिस्पर्धा गराई बिक्री गर्न सक्नेछ।

(१२) यस नियम बमोजिम समूह बाहिर बिक्री वितरण भएको काठ दाउरा, जडीबुटी र अन्य वन पैदावारको कबोल रकम र कटान मुछान खर्च समूहको बैंक खातामा जम्मा भएको निस्सा र उपभोक्ता समितिको निर्णय सहित स्थानान्तरण सहमतिका लागि डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

(१३) उपनियम (१२) बमोजिम प्राप्त कागजातका सम्बन्धमा डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ गरी स्थानान्तरण सहमति दिनेछ।

२६. **<u>सामुदायिक वन उपभोक्ता समूहको टाँचा दर्ता र प्रयोगः</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले काठ, दाउरा सङ्कलन तथा बिक्री वितरण प्रयोजनको लागि कटान हुने रूख तथा काठमा प्रयोग गर्न अनुसूची-३१ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले टाँचाको विवरण दोहोरो नपर्ने गरी एक हजार रुपैयाँ शुल्क लिई सामुदायिक वन उपभोक्ता समूहको टाँचा दर्ता गरिदिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहको टाँचाको विवरण तयार गरी डिभिजनल वन अधिकृतले सबै डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले रूख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (२) बमोजिम दर्ता भएको टाँचा लगाउनु पर्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो उपभोक्ता समूहको अध्यक्षको हुनेछ। कुनै कारणवश टाँचा हराएमा वा नोक्सान भएमा सो कुराको तत्काल जानकारी डिभिजन वन कार्यालयलाई दिई पुरानो टाँचा रद्द गराइ दुई हजार रुपैयाँ शुल्क तिरी नयाँ टाँचा दर्ता गराउनु पर्नेछ।

(६) डिभिजन वन कार्यालयले उपनियम (५) बमोजिम रद्द गरेको पुरानो टाँचाको विवरण सहितको जानकारी सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

२७. **सामुदायिक वनको वन पैदावार ओसारपसार:** (१) उपभोक्ता समितिले सामुदायिक वनबाट उत्पादन भएको काठ दाउरा तथा अन्य वन पैदावार जिल्ला बाहिर ओसारपसार गर्दा डिभिजन वन कार्यालयबाट अनुमति लिइ सिल लगाई ओसारपसार गर्नु पर्नेछ।

तर एकै जिल्ला भित्र काठ, दाउरा तथा अन्य वन पैदावार ओसारपसार गर्दा सिल लगाउनु पर्ने छैन।

(२) उपनियम (१) बमोजिमको वन पैदावार ओसारपसार गर्दा उपभोक्ता समूहले अनुसूची-३२ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सिल भई आएको ढुवानीको साधन बिग्रिन गई वा दुर्घटना भई वा त्यस्तै अन्य कारण परी सिल टुट्न गएको अवस्थामा सो साधानमा रहेको काठ दाउरा सोही साधनमा वा अर्को साधनमा पुन लोड गरी ढुवानी गराउनु पर्दा घटना घट्न गएको क्षेत्रको डिभिजन वन कार्यालयबाट पुन इजाजत लिई सिलवन्दी गरी ढुवानी गर्नु पर्नेछ।

२८. **सामुदायिक वनमा वन उद्यम तथा पर्यापर्यटन:** (१) वन उद्यम सञ्चालन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूहले वनबाट उपलब्ध हुन सक्ने वन पैदावारको सम्भाव्य परिमाण र वन उद्यम सम्बन्धी क्रियाकलाप सहित व्यवसायिक योजना तयार गरी वन उद्यम दर्ता गर्दा डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दुई वा दुई भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले वन उद्यम सञ्चालन गर्न चाहेमा सम्बन्धित सामुदायिक वन र निजी वनबाट वन उद्यमका लागि उपलब्ध हुन सक्ने वन पैदावारको संयुक्त विवरण, वन उद्यम सम्बन्धी क्रियाकलाप, सामुदायिक वन उपभोक्ता समूहबीच लागत र लाभको बाँडफाँटको खाका सहित व्यवसायिक योजना तयार गरी वन उद्यम दर्ता गर्दा डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दुई भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले वन उद्यम सञ्चालन गरेको अवस्थामा उक्त उद्यमलाई चाहिने वन पैदावार उपलब्ध गराउन सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई प्राथमिकता दिनु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनामा समावेश गरी आफूले व्यवस्थापन गरेको वनमा अनुसूची-९ बमोजिमका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(५) उपभोक्ता समूहले स्थानीय तह वा सहकारी वा संघ संस्थासँगको साझेदारीमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न चाहेमा नियम ७ को उपनियम (२) बमोजिमको कार्यविधि बमोजिम आफूले व्यवस्थापन गर्ने वनको स्वीकृत कार्ययोजनाको अधीनमा रही छुट्टै पर्यापर्यटन व्यवस्थापन तथा व्यवसायिक योजना तयार गरी सम्बन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृति लिइ पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(६) उपनियम (४) बमोजिम वन उपभोक्ता समूहले पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकायको स्वीकृति लिनु पर्नेछ।

(७) वन्यजन्तु पालन बाहेक पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा वनको विद्यमान हैसियत र वातावरणमा प्रतिकूल असर नपर्ने सुनिश्चितता हुने गरी कुल वनक्षेत्रको पाँच प्रतिशत वा पाँच हेक्टर मध्ये जुन घटी हुन्छ सोही परिमाणमा नबढ्ने गरी पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि वनक्षेत्र प्रयोग गर्न सकिनेछ।

तर, पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि कुनै भौतिक संरचना निर्माण गर्नु परेमा वनक्षेत्रको आधा हेक्टर भन्दा बढी क्षेत्रफलमा भौतिक संरचना बनाउन पाइने छैन।

(८) सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तह, सहकारी वा अन्य सङ्गठित संघ संस्थाको सहकार्यमा वन्यजन्तु उद्दार केन्द्र, वन्यजन्तु अस्पताल वा प्राणी उद्यान सञ्चालन गर्न सक्नेछन्।

(९) पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि वन उपभोक्ता समूहले प्रचलित कानून बमोजिम प्रदेश सरकार, स्थानीय तह, विभिन्न निकाय वा संघ संस्थाबाट आवश्यक सहयोग लिन सक्नेछ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित वन्यजन्तुको प्रजननस्थल, मुख्य बासस्थान, जैविकमार्ग, भूक्षयको दृष्टिकोणले जोखिमक्षेत्र तथा संवेदनशील वनक्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाइनेछैन।

२९. **<u>कबुलियतनामा गरी वन उपलब्ध गराउन सकिने</u>:** (१) ऐनको दफा ३८ बमोजिम सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत वन कार्ययोजनाको अधीनमा रही समूहभित्रका विपन्न उपभोक्तालाई सामूहिक रूपमा आययार्जन गर्नका लागि सामुदायिक वनभित्रको कुनै भाग उपलब्ध गराउन सक्नेछन्।

(२) स्थानीयस्तरमा सम्पन्नता स्तरीकरण गरी उपभोक्ता सदस्यको स्वामित्वमा रहेको कृषियोग्य जमिन, जमिनको उत्पादकत्व, परिवार सदस्यको रोजगारी र आयआर्जनको अवस्था, आर्थिक र सामाजिक अवसरमा पहुँच लगायतका आधारमा विपन्न उपभोक्ता सदस्य पहिचान गरी वन क्षेत्रको जग्गा उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको वन क्षेत्र उपलब्ध गराउँदा अनुसूची-३३ बमोजिमको ढाँचामा सम्झौता गरी कवुलियतनामा गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम वन क्षेत्र उपलब्ध गराउदा बिस प्रतिशत भन्दा कम छत्रघनत्व भएको वन क्षेत्र मात्र उपलब्ध गराउनु पर्नेछ।

३०. **<u>सामुदायिक वनको लगत</u>:** (१) डिभिजन वन कार्यालयले उपभोक्ता समूहलाई हस्तान्तरण गरेका सामुदायिक वनको लगत अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लगत राख्दा उपभोक्ता समूहको नाम, ठेगाना, उपभोक्ता समूहको कोड, दर्ता मिति, उपभोक्ता घरधुरी संख्या, कार्यसमितिमा रहेका महिला, पुरुष, आदिवासी जनजाति, मधेशी र दलित लगायतको संख्या, वनको क्षेत्रफल, वनको किसिम, वनमा पाईने मुख्य रूख तथा जडीबुटी प्रजातिको विवरण समूहको कोड अनुसार राख्नु पर्नेछ र सामुदायिक वन उपभोक्ता समूहको कोड निर्देशनालयले अद्यावधिक गर्नेछ।

(३) उपनियम (२) बमोजिमको लगत डिभिजनल वन अधिकृतले मन्त्रालयले तयार गरेको एकीकृत वन व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्न सक्नेछ।

३१. **<u>सामुदायिक वन फिर्ता लिन सकिने</u>:** (१) ऐनको दफा ३९ बमोजिम सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि डिभिजनल वन अधिकृतले स्थलगत रूपमा सामुदायिक वन क्षेत्रको अध्ययन गरी

गराई कार्ययोजना विपरीत भए नभएको, वातावरणमा उल्लेखनीय प्रतिकूल असर परे नपरेको सम्बन्धमा छानविन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम छानबिन गर्दा सामुदायिक वन फिर्ता लिन उचित देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूहलाई बढीमा पन्ध्र दिनको समय दिई स्पष्टीकरण माग गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा र सामुदायिक वन फिर्ता लिन उचित देखिएमा डिभिजनल वन अधिकृतले सामुदायिक वन फिर्ता लिई त्यस्तो सामुदायिक वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ।

(४) उपनियम (३) सामुदायिक वन फिर्ता लिएको र सामुदायिक वन उपभोक्ता समूहको दर्ता खारेज गरेको जानकारी पन्ध्र दिनभित्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम सामुदायिक वन फिर्ता लिने र सामुदायिक वन उपभोक्ता समूहको दर्ता खारेज गरेको निर्णय उपर चित्त नबुझेमा सामुदायिक वन उपभोक्ता समूहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र निर्देशक समक्ष पुनरावेदन दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिमको पुनरावेदन परेको मितिले नव्वे दिनभित्र निर्देशकले निर्णय गरी सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ। यस सम्बन्धमा निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

३२. **सामुदायिक वनमा गर्न नहुने कार्यः** (१) सामुदायिक वनमा ऐन, यस नियमावली तथा स्वीकृत कार्ययोजनाले निषेध गरेका कुनै पनि कार्य गर्नु गराउनु हुदैन।

तर स्वीकृत कार्ययोजनाको अधीनमा रही वन पैदावारको घाटगद्दीस्थल निर्माण गरी घेराबार गर्न, समूहको दैनिक कार्य सञ्चालनको लागि सो कार्ययोजनामा तोकिएको स्थलमा समूहको कार्यालय भवन निर्माण गर्न, वनको संरक्षणका लागि टहरा वा छाप्रो वा मचान बनाउन सकिनेछ।

(२) ऐन तथा यस नियमावलीमा व्यवस्था भए बमोजिम बाहेक नेपाल सरकारको स्वीकृति नलिई सामुदायिक वनको जग्गा कसैलाई पनि प्रयोग गर्न गराउन दिनु हुदैन।

(३) सामुदायिक वन उपभोक्ता समूहले आफूलाई हस्तान्तरण भएको सामुदायिक वनमा कुनै पनि किसिमको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र कुनै अतिक्रमण भएमा सम्बन्धित समूहले नै हटाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम अतिक्रमित जग्गा सम्बन्धित समूहले हटाउन नसकेमा समूहले गरेका प्रयास सहित समितिले निर्णय गरी डिभिजन वन कार्यालय समक्ष कानूनी कारवाहीका लागि लेखी पठाउनु पर्नेछ।

## परिच्छेद-५
## साझेदारी वन सम्बन्धी व्यवस्था

३३. **साझेदारी वन उपभोक्ता समूहको गठनः** (१) ऐनको दफा ४० बमोजिम राष्ट्रिय वनको कुनै भाग साझेदारी वनको रूपमा विकास र संरक्षण गर्न चाहने वनक्षेत्रको नजिक र टाढा रहेका परम्परागत

उपभोक्ताहरूले दफा ४२ बमोजिम उपभोक्ता समूह गठन गर्नका लागि सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा डिभिजनल वन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ।

(३) उपभोक्ताहरूले माग गरेको वनक्षेत्र साझेदारी वनको रूपमा व्यवस्थापन गर्न उपयुक्त देखिएमा उपनियम (२) बमोजिम खटिएको कर्मचारीले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा उपभोक्ता समूह गठन गर्न र विधान तयार गर्न उपभोक्ताहरूलाई प्राविधिक सहयोग गर्नु पर्नेछ।

(४) उपभोक्ता समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका वा जिल्लाको सिमानाले असर पार्ने छैन।

(५) उपभोक्ता समूहको विधान तयार गर्दा अनुसूची-३४ मा उल्लिखित विषय समावेश भएको हुनुपर्नेछ।

(६) उपभोक्ता समूहको दर्ताका लागि समूह भेलाबाट विधान अनुमोदन गराई अनुसूची-२२ बमोजिमको ढाँचामा सम्बन्धित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिमको निवेदन पर्न आएमा डिभिजनल वन अधिकृतले साझेदारी वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-२३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(८) उपभोक्ता समूह एक प्रतिनिधिमूलक संस्था हुनेछ।

(९) उपभोक्ता समूहमा देहाय बमोजिमका सदस्यहरू रहने छन्ः-

(क) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडाको वडास्तरीय उपभोक्ता भेलावाट छनोट भएका कम्तीमा तीन जना महिला सहित समावेशी सिद्धान्तको आधारमा सात/सात जना उपभोक्ता,

तर कुनै उपभोक्ता सदस्य दुई कार्यकाल भन्दा बढी छनोट हुनेछैन।

(ख) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडा समितिले मनोनित गरेका एक/एक जना जनप्रतिनिधि,

(ग) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक स्थानीय तहको कार्यपालिकाले तोकेको एक/एक जना जनप्रतिनिधि।

(१०) उपभोक्ता समूहको सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(११) उपनियम (९) को खण्ड (क) बमोजिमका सदस्य नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट आर्थिक लाभ प्राप्त गर्ने व्यक्ति हुनु हुँदैन।

(१२) उपनियम (९) को खण्ड (क) बमोजिमका सदस्य मध्येबाट छनोट भएको व्यक्ति साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष हुनेछ।

(१३) कुनै पनि व्यक्ति साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष पदमा बढीमा दुई कार्यकालमात्र छनोट हुन पाउनेछ।

(१४) साझेदारी वन उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समूह परिचालन सम्बन्धी कार्यविधि तथा साझेदारी वनको विधान र कार्ययोजना तयारी,

(ख) कार्ययोजना कार्यान्वयनका लागि समिति गठन गर्ने,

(ग) कार्ययोजना कार्यान्वयनका लागि समितिलाई आबश्यक निर्देशन दिने,

(घ) कार्ययोजना कार्यान्वयनका लागि कार्यनीति बनाई जिम्मेवारी तोक्ने,

(ङ) समूहको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, वार्षिक प्रगति समीक्षा गरी खर्चको अनुमोदन गर्ने,

(च) समूहको साधारण सभामा सहभागी हुने,

(छ) समितिद्वारा सम्पादित कार्यको अनुगमन र मूल्याङ्कन गर्ने,

(ज) वन अतिक्रमण, वन पैदावारको अवैध कटानी, निकासी, वन डढेलो तथा वन्यजन्तुको चोरी सिकारी नियन्त्रण गर्ने,

(झ) सिमसार क्षेत्र, जलाधार क्षेत्र तथा जैविक विविधताको संरक्षण तथा व्यवस्थापनका कार्य गर्ने,

(ञ) जलवायु परिवर्तनका प्रभाव कम गर्न आवश्यक अनुकुलन तथा न्यूनीकरणका कार्य गर्ने,

(ट) उपभोक्ता समूहको विधानमा उल्लेख भए बमोजिमका अन्य कार्य गर्ने।

३४. **साझेदारी वनको कार्ययोजना:** (१) ऐनको दफा ४१ बमोजिम साझेदारी वनको कार्ययोजना तयार गर्दा अनुसूची-३५ मा उल्लिखित विषय वस्तुहरू समावेश हुने गरी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्ययोजनाको अवधि दश वर्षको हुनेछ।

(३) स्वीकृत भएको कार्ययोजनामा कुनै संशोधन गर्नु पर्ने भएमा साझेदारी वन समूह र डिभिजन वन कार्यालयको सिफारिसमा निर्देशकले गर्न सक्नेछ।

तर, कार्ययोजना स्वीकृत भएको मितिले दुई वर्ष भित्र कार्ययोजना संशोधन गर्न पाइने छैन।

३५. **कार्ययोजनाको कार्यान्वयन:** (१) साझेदारी वनको कार्ययोजनाको कार्यान्वयन गर्दा समितिले स्वीकृत कार्ययोजनाको अधीनमा रही वार्षिक कार्यक्रम तयार गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमका कार्य गर्नको लागि उपभोक्ता समूहले वन प्राविधिक, विभिन्न निकाय र संघ संस्थाबाट सहयोग लिन सक्नेछ।

(३) यो नियम प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम स्वीकृत भएका वन संवर्धन प्रणालीमा आधारित साझेदारी वनको वन कार्ययोजना यसै नियम बमोजिम परिमार्जन गरी कार्यान्वयन गर्नु पर्नेछ।

३६. **साझेदारी वनको लगत राख्ने:** (१) साझेदारी वनको कार्ययोजना स्वीकृत भए पश्चात निर्देशनालयले लगत राखी सोको विवरण र एक प्रति कार्ययोजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले साझेदारी वन उपभोक्ता समूहको लगत अध्यावधिक गरी राख्नु पर्नेछ र यस्तो लगत मन्त्रालयद्वारा सञ्चालित एकीकृत वन व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्न सकिनेछ।

३७. **<u>उपभोक्ता समूहको कोष सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** (१) साझेदारी वन उपभोक्ता समूहको कोषको खाता उपभोक्ता समूहको अध्यक्ष र डिभिजनल वन अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) कोषको रकम स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार खर्च गर्नु पर्नेछ।

(३) साझेदारी वन व्यवस्थापन समिति र कार्यान्वयन ईकाईको कार्य सञ्चालन खर्च उपभोक्ता समूहको कोषबाट व्यहोरिनेछ।

(४) उपभोक्ता समूहले आफ्नो चल-अचल सम्पत्ति, आम्दानी-खर्चको लेखा तथा अभिलेख प्रचलित कानुन बमोजिम दुरुस्त राख्नु पर्नेछ।

(५) कोषको वार्षिक लेखापरीक्षण समूहले छनोट गरेको दर्तावाला लेखा परीक्षकबाट गर्नु पर्नेछ।

(६) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले उपभोक्ता समूहले राखेको लेखा र अभिलेख आवश्यकता अनुसार जाँचबुझ गरी निर्देशन दिन सक्नेछ।

३८. **<u>साझेदारी वन व्यवस्थापन समिति गठनः</u>** (१) साझेदारी वन उपभोक्ता समूहका सदस्यहरू मध्येवाट साधारण सभाले छनोट गरेको देहाय बमोजिमको एउटा साझेदारी वन व्यवस्थापन समिति गठन हुनेछः-

(क) साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष -अध्यक्ष

(ख) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक स्थानीय तहको कार्यपालिकाबाट छनोट भएका प्रतिनिधि सदस्य मध्येबाट छनोट भएको एकजना -उपाध्यक्ष

(ग) साझेदारी वन उपभोक्ता समूहका सदस्य मध्येबाट साधारण सभाले छनोट गरेका कम्तीमा तीनजना महिला, उपलब्ध भएसम्म दलित, आदिवासी जनजाति र मधेशीबाट एक एक जना सहित बढीमा एघारजना -सदस्य

(घ) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र रहेका प्रत्येक वडाबाट छनोट भएका प्रतिनिधि मध्येबाट निर्वाचित एकजना -सदस्य

(ङ) डिभिजनल वन अधिकृतले तोकेको वन अधिकृत -सदस्य सचिव

(२) साझेदारी वन व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समूहले तोकेको जिम्मेवारी वहन गर्ने, कार्ययोजना अनुसारका कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने,

(ख) समूह परिचालन सम्बन्धी साधारण सभा बोलाउने,

(ग) समूहका साझेदार र सरोकारवाला बीच समन्वय गर्ने,

(घ) वन पैदावारको बिक्री वितरणलाई व्यवस्थित र पारदर्शी बनाई प्रभावकारी अभिलेखीकरण गर्ने,

(ङ) कार्यान्वन इकाइ र उप-समितिको कार्यविधि निर्धारण गर्ने, कार्यान्वयन इकाइको योजना पारित गर्ने,

(च) दैनिक कार्य सञ्चालन गर्न कर्मचारीको सेवा शर्त बनाई स्वीकृतिको लागि

समूहको बैठकमा पेस गर्ने,

(छ) आवश्यकता अनुसार विषयगत उप-समिति गठन गर्ने र काम कर्तव्य र अधिकार तोक्ने,

(ज) आवश्यक कर्मचारी नियुक्ति गर्ने,

(झ) लेखा परीक्षक नियुक्ति गर्ने, छनोट भएको लेखा परीक्षकबाट लेखा परीक्षण गराउने

(ञ) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समूहको बैठकमा पेस गर्ने

(ट) वन व्यवस्थापनको लागि कोष जुटाउने,

(ठ) कार्यान्वयन इकाइको गठन सञ्चालन र कार्यालयको व्यवस्थापन गर्ने,

(ड) कार्यान्वयन इकाइ र उप-समितिले गरेका सम्पूर्ण कार्यहरूको अनुगमन तथा मुल्याङ्कन गर्ने,

(ढ) समूहले प्राप्त गरेको वन पैदावारमध्ये साझेदारी वन व्यवस्थापन क्षेत्र बाहिर लिलाम बिक्री गर्नुपर्ने भएमा नियम अनुसार बिक्री गर्ने,

(ण) कार्ययोजनाको प्रभावकारी कार्यान्वनका लागि आवश्यकता अनुसार उप-समिति गठन गर्ने।

(३) समितिको पदावधि तीन वर्षको हुनेछ।

(४) साझेदारी वन व्यवस्थापन समितिको दैनिक कार्य सञ्चालन तथा साझेदारी वनको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न साझेदारी वन व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको कार्यान्वयन इकाइ रहनेछः

(क) साझेदारी वन व्यवस्थापन समितिको अध्यक्ष –संयोजक

(ख) साझेदारी वन व्यवस्थापन समितिका सदस्यहरू मध्येबाट छनोट भएका कम्तीमा एक जना महिला समेत दुई जना – सदस्य

(ग) समितिको सदस्य सचिव –सदस्य सचिव

(५) उपनियम (४) बमोजिम गठित कार्यान्वयन इकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) उपभोक्ता समूहको वार्षिक कार्यक्रम तथा बजेट बनाई समितिमा पेस गर्ने,

(ख) कार्यान्वयनको प्रगति नियमित रूपमा समितिको बैठकमा पेस गर्ने,

(ग) उपभोक्ता समूहको कागजात, आम्दानी खर्च र चल अचल सम्पत्तिको विवरण दुरुस्त राख्ने,

(घ) दैनिक कार्य सञ्चालनको सिलसिलामा आवश्यक पर्ने निकायसँग समन्वय गर्ने,

(ङ) उप-समितिबाट सञ्चालित कार्यहरूको अनुगमन गर्ने,

(च) स्वीकृत कार्ययोजना, वार्षिक कार्यक्रम तथा बजेट बमोजिम समितिले तोकेका

कार्यहरू गर्ने।

३९. **साझेदारी वनको वन पैदावारको सङ्कलनः** (१) स्वीकृत कार्ययोजना बमोजिम वन व्यवस्थापन गरी वन पैदावारको सङ्कलन गर्दा वार्षिक स्वीकार्य कटान परिमाणमा नबढ्ने गरी गर्नु पर्दछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति पुग्न गइ वन पैदावार सड्ने वा नासिने अवस्था भएमा त्यस्तो वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न स्वीकृत कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन।

(३) उपनियम (२) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति हुन पुगेमा डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको प्रारम्भिक विवरण सहित निर्देशनालय र जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(४) डिभिजनल वन अधिकृतले उपनियम (३) बमोजिमको क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा निर्देशनालय मार्फत मन्त्रालयको स्वीकृति लिई सङ्कलन तथा सदुपयोगको व्यवस्था मिलाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी वन कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(६) यस नियममा अन्यत्र जनुसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक रूपमा आफैं ढलेका रूखको लगत वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी भएमा आगामी वर्षको वार्षिक स्वीकार्य कटान परिमाणमा मिलान गर्ने गरी डिभिजन वन कार्यालयको सहमति लिई सङ्कलन गर्न सकिनेछ।

(७) साझेदारी वनबाट काठ, दाउरा सङ्कलन गर्दा नियम ७० बमोजिम छपान तथा मूल्याङ्कन गरी गर्नु पर्नेछ।

४०. **वन पैदावारको उपयोग तथा बिक्री वितरणः** (१) ऐनको दफा ४५ बमोजिम साझेदारी वन उपभोक्ता समूहको हिस्सामा परेको काठ, दाउरा त्यस्तो उपभोक्ता समूहको आन्तरिक खपतलाई प्राथमिकता दिई अनुसूची-३० मा उल्लिखित मूल्यमा नघटाई बिक्री वितरण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उपभोक्ता समूहको हिस्सामा परेको काठ दाउरा वितरण गर्नु अघि समूहका सदस्यलाई सूचना जारी गरी वार्षिक रूपमा समूहका सदस्यको माग सङ्कलन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेस भएको माग निवेदनका सम्बन्धमा उपभोक्ता समितिले जाँचबुझ गरी आवश्यकता र उत्पादन परिमाणका आधारमा समूहका सदस्यलाई बिक्री वितरण गर्नु पर्नेछ।

(४) नियम ३९ बमोजिम सङ्कलन गरी घाटगद्दी गरेको काठ दाउरा समूह सदस्यलाई बिक्री वितरण गर्दा अनुसूची-३६ बमोजिमको ढाचाँमा तीन प्रति रसिद बनाई एक प्रति खरिद गर्ने व्यक्तिलाई, एक प्रति सम्बन्धित सव डिभिजन वन कार्यालयलाई र एक प्रति समूहको कार्यालयमा राखु पर्नेछ।

(५) उपनियम (३) बमोजिम बिक्री वितरण गर्दा समूहभित्र खपत नभई बाँकी रहेको काठ, दाउरामात्र साझेदारी वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयको सहमति लिई अनुसूची-३० मा उल्लिखित मूल्यमा नघटाई नियम ७२ बमोजिम पूर्ण प्रतिस्पर्धाका आधारमा त्यस्तो उपभोक्ता समूह बाहिर लिलाम बिक्री गर्न सक्नेछ।

(६) साझेदारी वन उपभोक्ता समूहलाई प्राप्त हुने काठ, दाउरा बाहेकका वन पैदावार त्यस्तो उपभोक्ता समूहभित्र बिक्री वितरण गर्दा वन पैदावारको लगत राखी अनुसूची-३६ बमोजिमको ढाँचामा तीन प्रति रसिद काटी वन पैदावार उपलब्ध गराउनु पर्नेछ।

(७) साझेदारी वन उपभोक्ता समूहले त्यस्तो उपभोक्ता समूह बाहिर बिक्री गरेको वन पैदावार ओसारपसार गर्न डिभिजन वन कार्यालयको सहमति लिई अनुसूची-३२ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(८) साझेदारी वन उपभोक्ता समूहले वन पैदावारको बिक्री वितरण गरेका रसिद सुरक्षित राखी वन पैदावारको लगत तथा आम्दानी र खर्चको हिसाब दुरुस्त राख्नु पर्नेछ।

(९) साझेदारी वन उपभोक्ता समूहले वनक्षेत्र बाहिर प्रचलित कानून बमोजिम वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न सक्नेछ।

(१०) स्वीकृत कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त ऐनको दफा ४५ बमोजिम स्थानीय तहलाई प्राप्त हुने काठ, दाउरा डिभिजन वन कार्यालयले लिलाम बिक्री गरी स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी जानकारी पठाउनु पर्नेछ।

तर, एक भन्दा बढी स्थानीय तहमा फैलिएको साझेदारी वनको काठ दाउरा बिक्रीबाट प्राप्त रकम जुन स्थानीय तहको क्षेत्रबाट काठ दाउरा उत्पादन भएको हो सोही स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(११) काठ, दाउरा बाहेकका बल्लाबल्ली, जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार साझेदारी वन उपभोक्ता समूहको हुनेछ। त्यस्ता वन पैदावारको सङ्कलन तथा उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ।

४१. **<u>साझेदारी वन उपभोक्ता समूहको टाँचा दर्ता र प्रयोगः</u>** (१) साझेदारी वन उपभोक्ता समूहले काठ, दाउरा सङ्कलन तथा बिक्री वितरण प्रयोजनको लागि कटान हुने रूख र काठमा प्रयोग गर्नका लागि अनुसूची-३१ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले टाँचाको नमूना हेरी टाँचाको विवरण दोहोरो नपर्ने गरी एक हजार रुपैयाँ शुल्क लिइ साझेदारी वन उपभोक्ता समूहको टाँचा दर्ता गरिदिनु पर्नेछ। डिभिजन वन कार्यालयमा दर्ता भएका टाँचाको अद्यावधिक विवरण तयार गरी सबै डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

(३) साझेदारी वन उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो उपभोक्ता समूहको अध्यक्षको हुनेछ।

(४) साझेदारी वन उपभोक्ता समूहको टाँचा कुनै कारणवस हराएमा वा नोक्सान भएमा त्यस्तो उपभोक्ता समूहले डिभिजन वन कार्यालयलाई तुरुन्त जानकारी दिनु पर्नेछ। यस्तो अवस्थामा साझेदारी

वन उपभोक्ता समूहले पुरानो टाँचा रद्द गराई नयाँ टाँचा बापत दुई हजार रुपैयाँ दस्तुर बुझाई डिभिजन वन कार्यालयमा नयाँ टाँचा दर्ता गराई प्रयोग गर्नु पर्नेछ। यसरी प्राप्त भएको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी डिभिजन वन कार्यालयले सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(६) साझेदारी वनबाट उत्पादित काठ, दाउरा वन उपभोक्ता समूह बाहिर बिक्री वितरण तथा ओसारपसार गर्दा साझेदारी वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय दुवैको टाँचा प्रयोग गर्नु पर्नेछ।

४२. **साझेदारी वनमा गर्न नहुने कार्यः** (१) साझेदारी वनभित्र प्रचलित कानून र स्वीकृत कार्ययोजनाले निषेध गरेका कुनै पनि कार्यहरू गर्नु गराउनु हुदैन।

तर समूहले आफ्नो दैनिक कार्य सञ्चालनको लागि डिभिजन वन कार्यालयको स्वीकृतिमा तोकिएको स्थानमा कार्यालय भवन, वन संरक्षणका लागि टहरा, छाप्रो वा मचान एवम् घाटगद्दी स्थल निर्माण गर्न बाधा पर्नेछैन।

(२) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वनभित्र कुनै पनि प्रकारको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र अतिक्रमण भए गरेमा तत्काल हटाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम उपभोक्ता समूहले अतिक्रमण हटाउन नसकेमा समूहले गरेको प्रयास र समितिको निर्णय सहित डिभिजन वन कार्यालयमा जानकारी पठाउन पर्नेछ।

(४) उपनियम (३) बमोजिम जानकारी प्राप्त भएमा डिभिजन वन कार्यालय र सम्बन्धित उपभोक्ता समूहले जिल्ला वन सुरक्षा समिति र जिल्ला वन अतिक्रमण नियन्त्रण समितिसँग समन्वय गरी त्यस्तो अतिक्रमण हटाउनु पर्नेछ।

(५) साझेदारी वन व्यवस्थापन समितिका पदाधिकारी वा कसैले विधान वा कार्ययोजना विपरित कार्य गरेमा त्यस्ता पदाधिकारी वा कसूरमा संलग्न व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

## परिच्छेद-६

## कबुलियती वन सम्बन्धी व्यवस्था

४३. **गरिबको लागि कबुलियती वन समूहको गठनः** (१) ऐनको दफा ४८ को उपदफा (१) बमोजिमको कबुलियती वन लिन चाहने समूहले डिभिजन वन कार्यालयमा समूह गठन तथा कार्ययोजना तयारीका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम माग गरिएको वनक्षेत्र कबुलियती वनको रूपमा व्यवस्थापन गर्न उपयुक्त देखिएमा सहयोगको लागि प्राविधिक कर्मचारी खटाउनु पर्नेछ।

(३) गरिब परिवार पहिचान गरी समूह गठन गर्दा स्थानीय तह वा जिल्लाको सिमानाले असर पार्ने छैन।

(४) कबुलियती वन उपलब्ध गराउँदा कबुलियती वन समूहमा कम्तीमा पाँच र बढीमा पन्ध्र घरधुरी रहनेछन् र समूहको घरधुरी पहिचान गर्दा स्थानीयस्तरमा सम्पन्नता स्तरीकरण गरी उपभोक्ता सदस्यको स्वामित्वमा रहेको कृषियोग्य जमिन, जमिनको उत्पादकत्व, परिवार सदस्यको रोजगारी र

आयआर्जनको अवस्था, आर्थिक र सामाजिक अवसरमा पहुँच लगायतका आधार र स्थानीय तहको सम्बन्धित वडा कार्यालयको परामर्शमा विपन्न उपभोक्ता सदस्य पहिचान गरी वन क्षेत्रको जग्गा उपलब्ध गराउनु पर्नेछ

(५) कबुलियती वन समूहलाई वनको जग्गा उपलब्ध गराउँदा प्रति परिवार बढीमा एक हेक्टरसम्म हुने गरी प्रदान गर्न सकिनेछ।

(६) उपनियम (२) बमोजिम खटिएको कर्मचारीले कबुलियती वन समूह गठन गरी समूहको सहभागितामा अनुसूची-३७ मा उल्लिखित विषयहरू समावेश गरी कार्ययोजना तयार गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिमको कार्ययोजनामा कबुलियती वनमा रहेका रूखहरूको प्रजाति र नाप साइज सहितको लगत समावेश गर्नु पर्नेछ।

(८) कबुलियती वन समूहको कार्ययोजना समूहको निर्णय सहित सब डिभिजन वन कार्यालयको सिफारिस सहित स्वीकृतिका लागि डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(९) डिभिजनल वन अधिकृतले समूहको कार्ययोजना स्वीकृत गरी अनुसूची-३८ को ढाँचामा कवुलियतनामा गराइ दश वर्षको अवधि तोकी गरिबका लागि कबुलियती वन प्रदान गर्न सक्नेछ।

(१०) उपनियम (९) बमोजिम कवुलियतीनामा गरेको समूहलाई अनुसूची-३९ बमोजिमको प्रमाण पत्र प्रदान गरिनेछ।

(११) यस नियम बमोजिम हस्तान्तरण भएका कबुलियती वन समूहको लगत डिभिजन वन कार्यालयले व्यवस्थित रूपमा राख्नु पर्नेछ।

(१२) यस नियम बमोजिम कबुलियती वन प्राप्त गर्नेले कुनै किसिमको वार्षिक शुल्क तथा दस्तुर तिर्नुपर्ने छैन।

(१३) कबुलियती वनमा रहेका वन पैदावारको संरक्षण र उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ।

(१४) कबुलियती वन समूह गठन, समूहको कार्ययोजना तयारी र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तह तथा अन्य संघ संस्थाले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछन्।

(१५) कबुलियती वन हस्तान्तरण गर्दाका वखत रहेका रूखहरूको बिक्री वितरणबाट प्राप्त हुने रकमको बाँडफाँट ऐनको दफा ४८ को उपदफा (४) बमोजिम गर्नु पर्नेछ।

(१६) कबुलियती वनमा समूहले लगाएर हुर्काएका रूखहरू मध्ये ढलापडा, सुखडखडा र स्वीकृत कार्ययोजना बमोजिमका रूखहरू समूहको माग र सव डिभिजन वन कार्यालयको सिफारिसको आधारमा सङ्कलन, बिक्री वितरण र ओसारपसारका लागि डिभिजनल वन अधिकृतले स्वीकृति दिन सक्नेछ।

(१७) कबुलियती वन समूहले स्वेच्छाले कबुलियती वन फिर्ता गर्न चाहेमा डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिनु पर्नेछ।

(१८) कबुलियती वन समूहका घरधुरी संख्या थप हुने छैन र कुनै सदस्यले कबुलियती वन समूह छोडेमा निजको कबुलियती वन समूहको सदस्यता स्वतः रद्द हुनेछ।

(१९) यस नियम बमोजिम कबुलियती वन समूहका घरधुरी सदस्य छुट्टीभिन्न भएमा कबुलयिती

वनको उपयोग गर्ने प्रयोजनका लागि एकाघरकै मानिनेछ।

(२०) कबुलियती वनको कार्ययोजनाको अवधि पाँच देखि दश वर्ष सम्म हुनेछ।

(२१) कबुलियती वनमा स्वीकृत कार्ययोजना विपरितको कार्य गरे गराएमा प्रचलित कानून बमोजिम हुनेछ।

(२२) सङ्गठित संस्था र गरिबीको रेखामूनि रहेका समूहले एउटै वनक्षेत्र कबुलियती वनको रूपमा माग गरेमा गरिबीको रेखामूनि रहेका समूहलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(२३) कबुलियती वनको उपयोग बाट उपभोक्ताहरूको आर्थिक अवस्थामा सुधार आइ वा अन्य कारणले सो कबुलियती वनको उपयोगिता नदेखिएको अवस्थामा डिभिजनल वन अधिकृतले उक्त कबुलियती वन फिर्ता लिन सक्नेछ र सो वन क्षेत्रलाइ नजिकको सामुदायिक वनमा समावेश गर्न सकिनेछ।

(२४) उपनियम (२३) बमोजिमको वन क्षेत्र सामुदायिक वनमा समावेश हुन नसकेमा डिभिजन वन कार्यालयले सरकारद्वारा व्यवस्थित वनको रूपमा संरक्षण तथा व्यवस्थापन गर्नु पर्नेछ।

४४. **पुनः कबुलियती वन उपलब्ध गराउन सकिने:** (१) नियम ४३ को उपनियम (९) बमोजिमको अवधि समाप्त भए पछि गरिबीको रेखामुनिका जनताले पुनः कबुलियती वन लिन चाहेमा त्यस्ता जनताको समूहलाई बढीमा दुई पटकसम्म पुनः कबुलियती वन उपलब्ध गराउन सकिनेछ।

(२) उपनियम (१) बमोजिम पुनः कबुलियती वन उपलब्ध गराउँदा कबुलियती वन लिन चाहने व्यक्तिहरूले नियम ४३ को उपनियम (४) बमोजिम विपन्न उपभोक्ता सदस्य पहिचान गरेर मात्र गराउनु पर्नेछ।

(३) यस नियम बमोजिम गरिबीको रेखामुनि रहेका जनतलाई पुनः कबुलियती वन उपलब्ध गराइएमा सोको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

४५. **कबुलियती वनको व्यवस्थापन:** (१) नियम ४३ बमोजिमको कबुलियती वनमा रहेका वन पैदावारको संरक्षण र उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ।

(२) कबुलियती वन उपभोक्ता समूहले प्रचलित कानूनको अधिनमा रही स्वीकृत कार्ययोजना बमोजिम वन उद्यम तथा वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

४६. **गरिबका लागि कबुलियती वन समूहको टाँचा दर्ता र प्रयोग:** (१) नियम ४३ बमोजिमको गरिबका लागि कबुलियती वन समूहले अनुसुची-३१ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले टाँचाको नमूना हेरी टाँचाको विवरण दोहोरो नपर्ने गरी एक हजार रुपैयाँ शुल्क लिई गरिबका लागि कबुलियती वन उपभोक्ता समूहको टाँचा दर्ता गरिदिनु पर्नेछ। डिभिजन वन कार्यालयमा दर्ता भएका टाँचाको विवरण तयार गरी त्यस्तो टाँचाको विवरण सबै डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

(३) नियम ४३ बमोजिमको गरिबका लागि कबुलियती वन उपभोक्ता समूहले रूख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (२) बमोजिमको टाँचा लगाउनु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको गरिबका लागि कबुलियती वन उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो कबुलियती वन समूहको अध्यक्षको हुनेछ। कुनै कारणबाट टाँचा हराएमा वा नोक्सान भएमा डिभिजन वन कार्यालयमा सोको तत्काल जानकारी दिई पुरानो टाँचा रद्द गराई दुई हजार रुपैयाँ शुल्क तिरी नयाँ दर्ता गराई प्रयोग गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी डिभिजन वन कार्यालयले सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ। कबुलियती वन समूहले काठ जन्य वन पैदावार समूह भन्दा बाहिर बिक्री वितरण गर्दा डिभिजन वन कार्यालयको टाँचा प्रयोग गर्नुपर्नेछ।

४७. **गरिबका लागि कबुलियती वन प्रदान गर्दाका बखत रहेका रूखको व्यवस्थापनः** (१) नियम ४३ बमोजिम गरिबका लागि कबुलियती वन प्रदान गर्दाका बखत त्यस्तो वनमा रहेका रूख सुकेमा वा ढलेमा वा अन्य कारणले हटाउनु पर्ने भएमा स्वीकृत कार्ययोजना बमोजिम समूहले सब डिभिजन वन कार्यालयलाई लिखित जानकारी दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएमा सब डिभिजन वन कार्यालयले स्थलगत जाँचबुझ गरी लगत मूल्याङ्कन सहितको प्रतिवेदन डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदनका सम्बन्धमा डिभिजन वन कार्यालयले आवश्यक जाँच बुझ गरी त्यस्ता रूखहरू हटाउन समूहलाई आदेश दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम आदेश प्राप्त भएमा सम्बन्धित वन उपभोक्ता समूहले त्यस्ता रूखहरू सङ्कलन गरी लिलाम बिक्रीका लागि सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त काठको डिभिजन वन कार्यालयले लिलाम बिक्री गरी सोबाट प्राप्त रकम ऐनको दफा ४८ को उपदफा (४) बमोजिम बाँडफाँट गरी समूहको खाता र प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४८ को उपदफा (४) बमोजिम सङ्कलित काठ समूहले आन्तरिक खपतका लागि उपयोग गर्न चाहेमा समूहको हिस्साको साठी प्रतिशत काठ दाउरा समूहलाई उपलब्ध गराउन सकिनेछ।

४८. **कबुलियती वनमा गर्न नहुने कार्यः** कबुलियती वनमा ऐन तथा यस नियमावली बमोजिम निषेधित कार्यको अतिरिक्त देहाय बमोजिमका कुनै कार्य गर्न वा गराउन पाइने छैनः-

(क) कबुलियती वनले चर्चेको जग्गा बिक्री गर्न, धितो राख्न वा कुनै किसिमले स्वामित्व वा हक हस्तान्तरण गर्न,

(ख) कबुलियती वनमा स्वीकृत कार्ययोजना विपरीत अतिक्रमण गर्न, घरछाप्रो बनाउन वा खेती गर्न,

(ग) स्वीकृत कार्ययोजनाले गर्न हुने भनी तोके बाहेकका अन्य कार्य गर्न वा गराउन।

४९. **कबुलियती वन फिर्ता लिन सकिनेः** (१) नियम ४८ र ऐनको दफा ५० बमोजिम कबुलियती वन उपभोक्ता समूहले पालना गर्नु पर्ने शर्त पालना नगरेको भनी कसैले उजुर गरेमा वा कुनै स्रोतबाट कबुलियती वनमा निषेधित कार्य गरेको भन्ने सूचना प्राप्त भएमा डिभिजन वन कार्यालयले वन प्राविधिक

कर्मचारी खटाउनु पर्नेछ र त्यसरी खटिई गएका कर्मचारीले नियम ४३ बमोजिमको समूहको प्रतिनिधिको रोहबरमा स्थलगत निरीक्षण गरी सोको प्रतिवेदन पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको स्थलगत निरीक्षण प्रतिवेदनबाट समूहले निषेधित कार्य गरेको देखिन आएमा डिभिजनल वन अधिकृतले सम्बन्धित समूहलाई बढीमा पन्ध्र दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम समूहले पेस गरेको सफाइ सन्तोषजनक नभएमा त्यस्तो सफाइ पेस भएको मितिले पैंतीस दिनभित्र डिभिजनल वन अधिकृतले दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिएको जानकारी मन्त्रालय र निर्देशनालयलाई दिनु पर्नेछ।

(५) उपनियम (३) बमोजिम फिर्ता भएको कबुलियती वनलाई डिभिजनल वन अधिकृतले नियम ४३ को उपनियम (२३) बमोजिम व्यवस्थापन गर्नेछ।

## परिच्छेद-७
## धार्मिक वन सम्बन्धी व्यवस्था

५०. **धार्मिक वन हस्तान्तरणः** (१) प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले परापूर्व कालदेखिको धार्मिक स्थल र उक्त क्षेत्रको वरिपरिको राष्ट्रिय वन संरक्षण गर्नका लागि धार्मिक वनको रुपमा लिन चाहेमा अनुसूची-४० बमोजिमको ढाँचाको कार्ययोजना सहित डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले उपनियम (१) बमोजिमको निवेदन परेमा र निवेदनसाथ पेस भएको कार्ययोजनामा आवश्यक जाँचबुझ गरी धार्मिक वन हस्तान्तरण गर्न उपयुक्त देखेमा डिभिजनल वन अधिकृतले अनुसूची-४१ बमोजिमको कबुलियतनामा गराई अनुसूची-४२ बमोजिमको ढाँचाको प्रमाणपत्र सहित त्यस्तो वनक्षेत्रलाई धार्मिक वनको रुपमा हस्तान्तरण गर्न सक्नेछ।

(३) डिभिजनल वन अधिकृतले धार्मिक वनको रुपमा हस्तान्तरण गरिएको वनको लगत तयार गरी सोको एक एक प्रति मन्त्रालय र निर्देशनालयमा पठाउनु पर्नेछ।

(४) धार्मिक वन क्षेत्रमा धार्मिक निकाय, समूह वा समुदायले स्वीकृत कार्ययोजना बमोजिमको कार्यहरूमात्र गर्नु पर्नेछ।

(५) धार्मिक निकाय, समूह वा समुदायले धार्मिक वनमा सनातन तथा परम्परादेखि चलि आएको धार्मिक तथा सांस्कृतिक महत्वका कार्यहरू र प्रथा परम्परा सञ्चालन गर्नका लागि कम्तिमा पचास वर्ष भन्दा अघि देखिनै स्थापना र सञ्चालनमा रहेका धार्मिक संरचनाहरूको पुनःनिर्माण र मर्मत गर्न तथा शौचालय र पानी टंकी निर्माण गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिमका संरचनाहरू निर्माण गर्दा स्वीकृत लगत इष्टिमेट र ड्रइङ्ग डिजाइनमा उल्लिखित परिमाण बराबरको धार्मिक वनको स्वीकृत कार्ययोजना बमोजिम उत्पादन भएको वन पैदावार प्रयोग गर्न डिभिजन वन कार्यालयले अनुमति दिन सक्नेछ।

(७) धार्मिक वनभित्र नयाँ भौतिक पूर्वाधारहरू निर्माण गर्न पाईने छैन।

(८) धार्मिक वनभित्र रहेको जोखिमयुक्त रूखहरू हटाउन अनुरोध भई आएमा डिभिजनल वन अधिकृतले हटाउन सक्नेछ।

(९) उपनियम (६) बमोजिम प्रयोग भई बाँकी रहेको वन पैदावार र उपनियम (८) बमोजिम सङ्कलित वन पैदावार डिभिजनल वन अधिकृतले नियम ७२ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

५१. **<u>धार्मिक वनको वार्षिक प्रतिवेदनः</u>** ऐनको दफा ५१ बमोजिमको धार्मिक निकाय, समूह वा समुदायले धार्मिक वनको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिना भित्र डिभिजन वन कार्यालयमा पेस गर्नुपर्नेछ।

५२. **<u>धार्मिक वनमा गर्न नहुने कार्यहरूः</u>** (१) धार्मिक वनमा स्वीकृत कार्ययोजनाले गर्न नहुने भनी उल्लेख भएका कार्यहरूका अतिरिक्त देहाय बमोजिमका कार्यहरू गर्न हुँदैनः-

(क) धार्मिक वनको जग्गालाई निजीजग्गाको रुपमा दर्ता गर्न, भाडामा दिन, धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हक वा स्वामित्व हस्तान्तरण गर्ने कार्य गर्न,

(ख) धार्मिक वनको भू उपयोग स्थायी रुपमा परिवर्तन गर्ने कार्य गर्न,

(ग) वनक्षेत्र मास्न र भू क्षय तथा वातावरणीय विनाश हुने कुनै कार्य गर्न,

(घ) प्रचलित कानून विपरित संरक्षित वन्यजन्तु पक्रन वा मार्न वा हानि नोक्सानी पऱ्याउने कार्य गर्न,

(ङ) वन अतिक्रमण तथा वन अतिक्रमणलाई प्रोत्साहन हुने कुनै कार्य गर्न,

(च) ढुंगा, गिट्टी, वालुवा, चट्टान, माटो र अन्य खानी तथा खनिज पदार्थ निकाल्न वा ओसारपसार गर्ने कार्य गर्न।

(२) उपदफा (१) बमोजिमको कुनै कार्य गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

## परिच्छेद-८

## <u>उपभोक्ता समूह सम्बन्धी व्यवस्था</u>

५३. **<u>उपभोक्ता समूह एक आपसमा गाभिन सक्नेः</u>** (१) ऐनको दफा ५५ को उपदफा (४) बमोजिम कुनै उपभोक्ता समूह एक आपसमा गाभिन चाहेमा साधारण सभाको निर्णय सहित डिभिजन वन कार्यालयमा संयुक्त निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गाभिन चाहने उपभोक्ता समूहहरूको निवेदन पर्न आएमा आवश्यक जाँचबुझ गरी डिभिजनल वन अधिकृतले एउटै समूह कायम गर्न सक्नेछ र यसरी कायम भएको समूहको नयाँ विधान तथा कार्ययोजना तयार गरी दर्ता र हस्तान्तरण गर्नेछ।

५४. **<u>उपभोक्ता समूहको कोषः</u>** (१) ऐनको दफा ५७ बमोजिमको कोष नेपाल राष्ट्र बैंङ्कबाट इजाजत प्राप्त ‘क’ वर्गको बैंकमा रहनेछ।

(२) उपनियम (१) बमोजिमको कोषको सञ्चालन एक जना महिला अनिवार्य हुनेगरी समूहको अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ।

(३) कोषको लेखा परीक्षण मान्यता प्राप्त लेखा परीक्षकबाट गराउनु पर्नेछ र सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सम्बन्धित सव डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तह र वडा कार्यालयमा पेस गर्नु पर्नेछ।

(४) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले उपभोक्ता समूहले राखेको लेखा र अभिलेख आवश्यकता अनुसार जाँचबुझ गरी निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित समूहको कर्तव्य हुनेछ।

५५. **उपभोक्ता समूहले वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने:** (१) उपभोक्ता समूहले गर्ने आय व्ययको लेखा वार्षिक साधारण सभामा पेस गर्नुपर्नेछ र वार्षिक आम्दानी पचास हजार रुपैयाँ भन्दा बढी वार्षिक आर्थिक कारोवार भएमा नियमानुसार मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

तर, पचास हजार रुपैयाँ भन्दा कम वार्षिक आम्दानी हुने समूहको हकमा समूहले तोकेको व्यक्ति वा समितिबाट लेखा परीक्षण गराई समूहको साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

(२) उपभोक्ता समूहले आम भेलाबाट अनुमोदित लेखा परीक्षण प्रतिवेदन र वनको स्थिति समेत खुलाई समूहले गरेका क्रियाकलापको अनुसूची-४३ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित डिभिजन वन कार्यालय र स्थानीय तहमा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको वार्षिक प्रतिवेदनको प्रतिलिपि उपभोक्ता समूहले सम्बन्धित सव डिभिजन वन कार्यालय र वडा कार्यालयमा समेत बुझाउनु पर्नेछ।

## परिच्छेद-९

## जोखिमयुक्त रूख हटाउने सम्बन्धी व्यवस्था

५६. **जोखिमयुक्त रूख हटाउने सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ६४ बमोजिम वन व्यवस्थापन गरिने क्षेत्रभन्दा बाहिर रहेका गण्डकी प्रदेश वर, पीपल, शमी र चौतारो संरक्षण ऐन, २०७५ बमोजिम स्थानीय तहले व्यवस्थापन गर्ने क्षेत्रका जोखिमयुक्त रूख हटाउन वा हाँगाविगा छटनी गर्न सम्बन्धित स्थानीय तहले छानविन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको छानविनमा सहयोग गर्न स्थानीय तहले डिभिजन वन कार्यालयलाई अनुरोध भई आएमा डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम छानविन गरी स्थानीय तहबाट डिभिजन वन कार्यालयमा जोखिमयुक्त रूख हटाउन वा हाँगाविगा छटनी गर्न अनुरोध प्राप्त भएमा देहाय बमोजिमको समितिको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले त्यस्तो रूख हटाउन वा हाँगाविगा छटनी गर्न अनुमति दिन सक्नेछः

(क) डिभिजनल वन अधिकृत -संयोजक
(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य
(ग) सम्बन्धित मालपोत कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य
(घ) सम्बन्धित नापी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य
(ङ) सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाको अध्यक्ष -सदस्य
(च) सम्बन्धित स्थानीय तहको वन तथा वातावरण हेर्ने महाशाखा वा शाखा प्रमुख -सदस्य सचिव

(४) उपनियम (३) बमोजिमको अनुमति प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले त्यस्तो जोखिमयुक्त रूखहरूको हाँगा र रूख हटाइ त्यस्तो काठ दाउराको सदुपयोग तथा बिक्री वितरण सम्बन्धित स्थानीय तहले गर्नेछ।

(५) उपनियम (४) बमोजिमको बिक्री वितरणबाट प्राप्त रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

५७. **<u>जोखिमयुक्त रूखको व्यवस्थापनः</u>** (१) नियम ५६ बमोजिम बाहेक जग्गाधनी प्रमाणपुर्जा भएका वा नभएका सरकारी कार्यालय, समिति, संस्थान वा अन्य कार्यालय परिसर वा वनक्षेत्र बाहेकका बाटोमा छहारी पर्ने, पानीको मुहान, धार्मिक स्थल, सार्वजनिक स्थल वा अन्य स्थानमा जोखिम अवस्थामा रहेका रूख तत्काल नहटाएमा सो रूखबाट जनधनको क्षति हुने अवस्था देखिएमा देहाय बमोजिमको समितिको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले त्यस्तो रूख हटाउन अनुमति दिन सक्नेछः-

| | | |
|---|---|---|
| (क) | डिभिजनल वन अधिकृत | -संयोजक |
| (ख) | जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | -सदस्य |
| (ग) | जिल्लास्थित मालपोत कार्यालयको अधिकृत प्रतिनिधि | -सदस्य |
| (घ) | जिल्लास्थित नापी कार्यालयको अधिकृत प्रतिनिधि | -सदस्य |
| (ङ) | सम्बन्धित प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि | -सदस्य |
| (च) | सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |

(६) जग्गाधनी प्रमाणपुर्जा भएका वा नभएका सरकारी कार्यालय, समिति, संस्थान तथा अन्य कार्यालयको कार्यालय परिसरभित्र रहेका रूख सम्बन्धित कार्यालय वा निकायको अनुरोध र उपनियम (१) बमोजिमको समितिको सिफारिसको आधारमा डिभिजनल वन अधिकृतले हटाउन स्वीकृति दिन सक्नेछ।

(३) कुनै प्राकृतिक कारणले रूख ढली वा बगेर गई कुनै सार्वजनिक बाटो, लोकमार्ग, विद्युत लाईन, खानेपानी, ढल निकास, कुलो वा खोला आदिमा अवरोध हुन गएमा डिभिजनल वन अधिकृतले सम्बन्धित निकायसँग समन्वय गरी तत्काल अवरोध हटाउनु पर्नेछ र निर्देशनालयलाई जानकारी गराई त्यस्तो रूख यथाशीघ्र सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(४) हवाई तथा सडक सुरक्षाका दृष्टिकोणले जोखिममा रहेका रूखको हाँगा काट्नु पर्ने वा रूख नै हटाउनु पर्ने अवस्था भएमा उपनियम (१) बमोजिमको समितिको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले हाँगा काट्न वा रूख हटाउन अनुमति दिन सक्नेछ।

(५) उपनियम (१), (२), (३) र (४) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजनल वन अधिकृतले सार्वजनिक सूचना जारी गरी लिलाम बिक्री गर्नु पर्नेछ।

तर, उपनियम (१) बमोजिम जग्गाधनी प्रमाणपुर्जा भएका सरकारी कार्यालय, समिति, संस्थान वा अन्य कार्यालय परिसरभित्रका रूखहरू हटाउदा प्राप्त हुने वन पैदावार सम्बन्धित निकायले नै सार्वजनिक सूचना मार्फत लिलाम बिक्री गरी बिक्रीबाट प्राप्त रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम बिक्री गरिएको वन पैदावार ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयको टाँचा र सिल लगाई ओसारपसार गर्नु पर्नेछ।

## परिच्छेद-१०

## निजी वन तथा निजी आवादीको वन पैदावार ओसारपसार सम्बन्धी व्यवस्था

५८. **निजी वन तथा निजी आवादीको वन पैदावार ओसारपसारः** (१) ऐनको दफा ६७ को उपदफा (१) र (२) बमोजिम घरयासी प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको कटान, सङ्कलन तथा प्रशोधन गरी उत्पादित काठ दाउरा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्दा जुन स्थानीय तहबाट कटान, सङ्कलन, प्रशोधन तथा ओसारपसार गर्ने हो सोही स्थानीय तहबाट र स्थानीय तहभित्र ओसारपसार गर्दा सम्बन्धित वडा कार्यालयको अनुमति लिई ओसारपसार गर्न सकिनेछ।

(२) ऐनको दफा ६७ को उपदफा (३) बमोजिम व्यवसायिक प्रयोजनको लागि निजी वन वा आवादीमा रहेका वन पैदावारको कटान, सङ्कलन तथा प्रशोधन गरी उत्पादित काठ दाउरा सम्बन्धित जिल्लाभित्र ओसारपसार गर्दा जुन स्थानीय तहबाट कटान, सङ्कलन, प्रशोधन तथा ओसारपसार गर्ने हो सोही स्थानीय तहबाट अनुमति लिनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको कटान, सङ्कलन तथा प्रशोधन अनुमति र प्रमाणित लगत सहितको ओसारपसार इजाजतको जानकारी डिभिजन वन कार्यालयमा दिनु पर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिमको वन पैदावार सम्बन्धित जिल्लाभित्र ओसारपसार गर्दा त्यस्तो वन पैदावारमा पहिचान गर्न सकिने चिन्ह वा संकेत लगाइदिनु पर्नेछ।

(५) उपनियम (१) र (२) बमोजिम स्वीकृति दिनु पूर्व कटान, सङ्कलन तथा प्रशोधनको आवश्यक जाँचबुझ तथा मूल्याङ्कन सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ।

(६) उपनियम (१) र (२) बमोजिम वन पैदावार कटान, सङ्कलन, प्रशोधन तथा ओसारपसारका लागि माग निवेदन, छानविन, कटान आदेश, कटान मुछान, घाटगद्दी, वन पैदावारमा प्रयोग हुने चिन्ह वा संकेत र ओसारपसार सम्बन्धी व्यवस्था स्थानीय तहको कानूनले तोके बमोजिम हुनेछ।

(७) घरायसी प्रयोजनका लागि एक जिल्लाबाट अर्को जिल्लामा र व्यवसायिक प्रयोजनका लागि एक स्थानीय तहबाट अर्को स्थानीय तहमा काठ दाउरा ओसारपसार गर्दा स्थानीय तहबाट अनुसूची-४४ बमोजिमको ढाँचामा प्रमाणित भएको काठ दाउरा तथा प्रशोधित वन पैदावारको लगत र सिफारिस सहित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम प्राप्त निवेदन, अनुसूची-४४ बमोजिमको प्रमाणित लगत र सिफारिसका आधारमा डिभिजन वन कार्यालयले त्यस्तो काठ दाउरा तथा प्रशोधित वन पैदावारमा डिभिजन वन कार्यालयको टाँचा तथा सिल प्रयोग गर्ने गरी अनुसूची-३२ बमोजिमको ढाँचामा ओसारपसार अनुमति दिनेछ।

## परिच्छेद-११

## हकको प्रमाण नपुग काठको व्यवस्थापन

५९. **हकको प्रमाण नपुग भएसम्म काठ प्रदेश सरकारको ठहर्नेः** (१) डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका बेवारिसी तथा दहत्तर बहत्तर काठ, दाउरा सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम घाटगद्दीमा रहेका बेवारिसी तथा दहत्तर बहत्तर काठ, दाउराको पूरा विवरण र लगत खोली डिभिजनल वन अधिकृतले त्यस्तो काठ, दाउराको हकदाबी गर्नको लागि तीस दिनको अवधि तोकी सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा सूचना टाँस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सूचनामा उल्लिखित काठ, दाउरामा हकदाबी गर्ने व्यक्ति, उपभोक्ता समूह, सङ्घ संस्था वा निकायले त्यस्तो सूचनामा तोकिएको अवधि भित्र देहायका प्रमाण कागजात सहित आफ्नो हकदाबीको निवेदन डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछः

(क) काठ, दाउरा प्राप्त गरेको स्रोत वा स्वामित्व प्रमाणित हुने कागजात,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ग) अन्य कुनै हकदाबी सावित हुने प्रमाण।

(४) उपनियम (३) बमोजिम हकदाबीका लागि निवेदन परेमा डिभिजनल वन अधिकृतले प्राविधिक कर्मचारी खटाई सो सम्बन्धमा अध्ययन गरी हकदाबी पुग्ने वा नपुग्ने यकिन राय सहितको प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ। त्यस्तो अध्ययन प्रतिवेदनको आधारमा डिभिजनल वन अधिकृतले हकदाबी निवेदन उपर निर्णय गर्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिम परेको निवेदनको आधारमा डिभिजनल वन अधिकृतले कसैको हकदाबी पुग्ने गरी निर्णय गरेमा त्यस्तो काठ, दाउरा सङ्कलन गर्दा लागेको खर्च लिई सम्बन्धित व्यक्ति, उपभोक्ता समूह, संघ संस्था वा निकायलाई त्यस्तो काठ, दाउरा जिम्मा दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम हकदाबी पुग्ने निर्णय भई प्राप्त गरेको काठ, दाउरा ओसारपसार गर्न प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयले अनुमति दिनु पर्नेछ।

(७) उपनियम (१) बमोजिमको काठ, दाउराको सम्बन्धमा डिभिजनल वन अधिकृतले कसैको हकदाबी नपुग्ने निर्णय गरेमा त्यस्तो निर्णय उपर चित्त नबुझ्नेले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र निर्देशनालय समक्ष निवेदन दिन सक्नेछ।

(८) उपनियम (७) बमोजिमको निवेदन उपर छानविन गरी निर्देशनालयले पैंतीस दिनभित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो विषयमा निर्देशनालयले गरेको निर्णय अन्तिम हुनेछ।

(९) उपनियम (१) बमोजिम घाटगद्दी गरिएका काठ, दाउरा मध्ये हकदाबी नपरेको वा हकदाबी नपुग्ने निर्णय भएका काठ, दाउरा डिभिजनल वन अधिकृतले नियम ७२ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ। यसरी गरिएको लिलाम बिक्रीबाट प्राप्त रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

## परिच्छेद-१२

## <u>बर्ड स्याञ्चुरी तथा जैविक मार्ग सम्बन्धी व्यवस्था</u>

६०. **<u>बर्ड स्याञ्चुरी तथा जैविक मार्ग सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ७० बमोजिम प्रदेश भित्रको कुनै वन क्षेत्रलाई बर्ड स्याञ्चुरी, सङ्कटापन्न वन्यजन्तुको बासस्थान तथा जैविक मार्ग घोषणा गर्नका लागि

सम्बन्धित डिभिजन वन कार्यालयहरूले एकल वा सामूहिक रूपमा सम्भाव्य स्थानहरूको पहिचान गरी निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सिफारिसका सम्बन्धमा अध्ययन गरी मन्त्रालयमा सिफारिस सहित प्रतिवेदन पेस गर्न देहाय बमोजिमको एक अध्ययन तथा सिफारिस समिति रहनेछः

(क) निर्देशक, निर्देशनालय -संयोजक

(ख) विषयगत महाशाखा प्रमुख, मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रकको कार्यालय -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको अधिकृत प्रतिनिधि -सदस्य

(छ) विषयगत शाखा प्रमुख, निर्देशनालय -सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिले उपनियम (१) बमोजिम पेस भएका सम्भाव्य स्थानहरूको अध्ययन गरी मन्त्रालय समक्ष सिफारिस सहित प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम पेस भएको सिफारिस सहितको प्रतिवेदनका आधारमा बर्ड स्याञ्चुरी, सङ्कटापन्न वन्यजन्तुको बासस्थान तथा जैविक मार्ग घोषणा गर्न उपयुक्त देखेमा मन्त्रालयले स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेस गर्नेछ।

(५) प्रदेश सरकारबाट घोषणा भएको बर्ड स्याञ्चुरी, सङ्कटापन्न वन्यजन्तुको बासस्थान तथा जैविक मार्गको सम्बन्धित डिभिजन वन कार्यालयले सञ्चालन तथा व्यवस्थापन गर्ने गरी मन्त्रालयले आवश्यक मापदण्ड बनाउनेछ।

(६) कुनै व्यक्ति, संस्था वा निकायले बर्ड स्याञ्चुरी, सङ्कटापन्न वन्यजन्तुको वासस्थान तथा जैविक मार्गमा अध्ययन अनुसन्धान गर्नु परेमा नियम ६ बमोजिम अनुमति लिनु पर्नेछ।

६१. **<u>बर्ड स्याञ्चुरी तथा जैविक मार्गमा पर्यापर्यटनः</u>** बर्ड स्याञ्चुरी तथा जैविक मार्गमा पर्यापर्यटन कार्यक्रम सञ्चालन यस नियमावलीको नियम ६० को उपनियम (५) बमोजिमको मापदण्ड बमोजिम हुनेछ।

## परिच्छेद-१३

## <u>प्राणी उद्यान वा वन्यजन्तु उद्दार केन्द्र सम्बन्धी व्यवस्था</u>

६२. **<u>प्राणी उद्यान वा वन्यजन्तु उद्दार केन्द्र स्थापना तथा सञ्चालनः</u>** (१) ऐनको दफा ७२ बमोजिम निर्देशनालयले सम्बन्धित डिभिजन वन कार्यालयको समन्वयमा प्राणी उद्यान वा वन्यजन्तु उद्दार केन्द्र स्थापना तथा सञ्चालनको मोडालिटी सहितको कार्ययोजना बनाई मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको कार्ययोजना उपर जाँचबुझ गर्न मन्त्रालयमा देहाय बमोजिमको एक जाँचबुझ तथा सिफारिस समिति रहनेछः

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) प्रदेश सरकारको कानून विषय हेर्ने मन्त्रालयको कानून समूहको कम्तिमा नवौं तह वा सो सरहको अधिकृत प्रतिनिधि -सदस्य

(ग) प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालयको कम्तिमा नवौं तह वा सो सरहको अधिकृत प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित विषयको विषय विज्ञमध्येबाट मन्त्रालयले तोकेको दुई जना -सदस्य

(ङ) प्रदेश सरकारको पशु स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको कम्तिमा नवौं तह वा सो सरहको पशु चिकित्सक -सदस्य

(च) विषयगत महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको सिफारिस समितिले उपनियम (१) बमोजिम पेस भएको कार्ययोजनाका सम्बन्धमा स्थलगत अध्ययन तथा जाँचबुझ समेत गरी उपयुक्त देखेमा प्रतिवेदन सहित मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम पेस हुन आएको कार्ययोजना र उपनियम (३) बमोजिमको प्रतिवेदन सहितको सिफारिस समेतका आधारमा मन्त्रालयले ऐनको दफा ७२ बमोजिमको प्राणी उद्यान वा वन्यजन्तु उद्दार केन्द्र स्थापनाका लागि प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको प्रस्ताव उपयुक्त देखिएमा प्रदेश सरकारले त्यस्तो प्राणी उद्यान वा वन्यजन्तु उद्दार केन्द्र स्थापना गर्न सक्नेछ।

(६) यो नियमावली प्रारम्भ हुनु अघि प्रदेश सरकार मार्फत सञ्चालनमा रहेका प्राणी उद्यान तथा वन्यजन्तु उद्दार केन्द्र यसै नियमावली बमोजिम स्थापना भएको मानिनेछ।

(७) उपनियम (५) र (६) बमोजिम स्थापना भएको प्राणी उद्यान वा वन्यजन्तु उद्दार केन्द्रको सञ्चालन तथा व्यवस्थापन प्रदेश सरकारद्वारा स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

(८) उपनियम (५) र (६) बमोजिम स्थापना भएको प्राणी उद्यान वा वन्यजन्तु उद्दार केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि निर्देशनालय मातहत छुट्टै कार्यालय रहनेछ।

(९) उपनियम (८) बमोजिमको कार्यालय सञ्चालनकालागि आवश्यक पर्ने जनशक्ति र वित्तिय व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(१०) उपनियम (५) र (६) बमोजिम स्थापना भएका प्राणी उद्यान वा वन्यजन्तु उद्दार केन्द्रले ओगटेको क्षेत्रभित्र स्वीकृत विस्तृत परियोजना प्रतिवेदन र कार्ययोजना अनुसारका संरचना निर्माण गर्न सकिने छ।

(११) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (५) र (६) बमोजिम स्थापना भएका प्राणी उद्यान वा वन्यजन्तु उद्दार केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि प्रदेश सरकारले राजपत्रमा सुचना प्रकाशित गरी सो सुचनामा तोकिएको अवधि सम्मका लागि प्रकृति र प्राकृतिक स्रोत संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानुन बमोजिम स्थापना भएको कुनै संस्थालाई दिन सक्नेछ।

६३. **<u>वन्यजन्तुबाट हुने क्षति बापत राहत दिइने</u>:** ऐनको दफा ७३ बमोजिम वन्यजन्तुको कारणले मानवीय क्षति, पशुधन क्षति, खाद्यान्न क्षति र घरगोठ क्षति भएमा प्रचलित कानून बमोजिम राहत उपलब्ध गराइनेछ।

## परिच्छेद-१४

## वन पैदावारमा आधारित उद्योग सम्बन्धी व्यवस्था

६४. **वन पैदावारमा आधारित उद्योग र वन क्षेत्रवीचको दुरी:** (१) वन पैदावारमा आधारित उद्योग र वन क्षेत्रवीचको दुरी अनुसूची-४५ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ।

(२) वन पैदावारमा आधारित उद्योग र वन क्षेत्रवीचको दुरी निर्धारण गरी उद्योग दर्ता गर्ने निकाय समक्ष पेस गर्न देहाय वमोजिमको समिति रहने छः

(क) डिभिजन वन कार्यालयको अधिकृत प्रतिनिधि -संयोजक

(ख) सम्बन्धित नापी कार्यालयको प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित उद्योग दर्ता गर्ने निकायको प्रतिनिधि -सदस्य

(३) उपनियम (२) बमोजिमको समितिले वन पैदावारमा आधारित उद्योग र वन क्षेत्रविचको दुरी निर्धारण गरी निर्णय सहितको प्रतिवेदन सम्बन्धित उद्योग दर्ता गर्ने निकायमा बुझाउनु पर्नेछ।

(४) वन पैदावारमा आधारित उद्योगको दर्ताको जानकारी सम्बन्धित उद्योग दर्ता गर्ने निकायले डिभिजन वन कार्यालयलाई दिनुपर्नेछ।

(५) डिभिजन वन कार्यालय र सम्बन्धित उद्योग दर्ता गर्ने निकायले वन पैदावारमा आधारित उद्योगको नियमित रुपमा अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिमको निर्देशन पालना गर्नु सम्बन्धित वन पैदावारमा आधारित उद्योगको कर्तव्य हुनेछ।

६५. **वन पैदावारमा आधारित उद्योगलाई प्रोत्साहनः** प्रदेशभित्र सञ्चालनमा रहेका वन पैदावारमा आधारित उद्योगहरूलाई प्रदेश सरकारले आवश्यक निर्णय गरी मेशिनरी औजार खरिद, प्रविधि विकास तथा खरिदमा सहुलियत तथा सुविधा उपलब्ध गराउन सक्नेछ।

६६. **वन पैदावारमा आधारित उद्योगले विवरण पेस गर्नु पर्नेः** (१) वन पैदावारमा आधारित उद्योगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनुसूची-४६ बमोजिमको ढाँचामा आफूले उत्पादन गर्ने वस्तु तथा सेवाको विवरण डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको विवरणका सम्बन्धमा डिभिजन वन कार्यालयले त्यस्ता उद्योगको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित उद्योगीको कर्तव्य हुनेछ।

(३) उपनियम (१) बमोजिम वन पैदावारमा आधारित उद्योगले पेस गरेको विवरण, उपनियम (२) बमोजिमको निर्देशन र नियम ६४ को उपनियम (४) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको जानकारीको अभिलेख डिभिजन वन कार्यालयले अद्यावधिक गरी राख्नु पर्नेछ।

## परिच्छेद-१५

## वन पैदावारको सङ्कलन तथा बिक्री वितरण सम्बन्धी व्यवस्था

६७. **वन पैदावार सङ्कलन गर्न सकिने परिमाणः** (१) राष्ट्रिय वनबाट वन पैदावार सङ्कलन गर्दा सम्बन्धित वन व्यवस्थापन पद्धति बमोजिमको स्वीकृत कार्ययोजनामा तोकिए बमोजिमको वार्षिक स्वीकार्य कटान परिमाणमा नबढ्ने गरी सङ्कलन गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन गई वन पैदावार सड्ने वा नासिने भएमा त्यस्ता वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी कटान गर्न सकिनेछ।

(३) उपनियम (२) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन पुगेमा डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको प्रारम्भिक विवरण सहित निर्देशनालय र जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(४) उपनियम (३) मा उल्लेख भए बमोजिम क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी डिभिजनल वन अधिकृतले जिल्ला विपद् व्यवस्थापन समितिको र निर्देशनालयको सिफारिसमा मन्त्रालयको स्वीकृति लिई त्यस्तो वन पैदावार सङ्कलन तथा बिक्री वितरण गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

६८. **<u>वन पैदावारको मूल्यः</u>** राष्ट्रिय वन क्षेत्रबाट उत्पादित वन पैदावारको मूल्यदर देहाय बमोजिम हुनेछः-

(क) काठ, दाउराको मूल्यदर अनुसूची-३० बमोजिम,

(ख) जडीबुटी र अन्य वन पैदावारको मूल्यदर अनुसूची-१६ बमोजिम,

६९. **<u>गोलिया काठको स्तर (ग्रेड) निर्धारणः</u>** गोलिया काठको स्तर (ग्रेड) निर्धारण अनुसूची-४७ मा उल्लेख भए बमोजिम हुनेछ।

७०. **<u>रूखको छपान तथा मूल्याङ्कन गर्नु पर्नेः</u>** (१) स्वीकृत कार्ययोजना बमोजिम काठ, दाउरा सङ्कलन गर्नु पूर्व डिभिजनल वन अधिकृतले कम्तीमा पाचौं तहको वन प्राविधिक कर्मचारी खटाई कटान गर्नु पर्ने रूखको छपान तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(२) रूख तथा काठको मापन, आयतन निकाल्ने र मूल्याङ्कन गर्ने तरिका अनुसूची-४७ बमोजिम हुनेछ।

(३) यस नियम बमोजिम सङ्कलन गरिएका वन पैदावार सुरक्षित स्थानमा राख्नको लागि डिभिजन वन कार्यालयले चारकिल्ला खुलाई घाटगद्दी क्षेत्र तोकी सो स्थानमा त्यस्तो वन पैदावार सुरक्षित रुपमा घाटगद्दी गर्नु पर्नेछ।

(४) वनक्षेत्रबाट घाटगद्दी स्थलसम्म गोलिया काठ ओसारपसार गर्दा प्रत्येक गोलिया काठको दुवैतर्फ डिभिजन वन कार्यालयमा रहेको टाँचा लगाई अनुसूची-४८ बमोजिमको ढाँचामा चलानी पुर्जी लिएर मात्र ओसारपसार गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम सङ्कलन गरिएका काठ सम्बन्धित डिभिजन वन कार्यालयले घाटगद्दी स्थलमा लट छुट्टिने गरी टक्कर मिलाई पाइलिङ्ग गरी र दाउरा चट्टा मिलाई राख्नु पर्नेछ।

<u>स्पष्टिकरणः</u> यस नियममा "टक्कर" भन्नाले गोलिया काठको लामो गोलियालाई तल र क्रमशः छोटा काठलाई माथि पर्ने गरी गोलियाको एकातर्फको भाग समतल बनाई गोलियाको नाप साइज, गोलिया र लट नम्बर समेत देखिने गरी राखिएको गोलिया काठको चाङलाई जनाउँछ।

७१. **<u>वन पैदावार सङ्कलन गर्ने अवधिः</u>** (१) राष्ट्रिय वनक्षेत्रबाट काठ, दाउरा सङ्कलन गर्ने अवधि प्रत्येक वर्ष असोज महिनाको एक गतेदेखि जेठ मसान्तसम्म हुनेछ।

(२) डिभिजन वन कार्यालयले राष्ट्रिय वनक्षेत्रबाट असोज एक गतेदेखि फागुन मसान्तसम्म रूख छपान तथा कटान गरिसक्ने गरी म्याद निर्धारण गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कटान भएका रूखबाट प्राप्त हुन आउने काठ, दाउराको सङ्कलन तथा घाटगद्दी वैशाख मसान्त सम्ममा गरिसक्नु पर्नेछ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्मा परेका व्यक्तिलाई जुनसुकै

समयमा वनक्षेत्रबाट काठ, दाउरा सङ्कलन गरी उपलब्ध गराउन सकिनेछ।

(५) उपनियम (२) र (३) मा उल्लिखित अवधिभित्र रूख कटान गरी काठ, दाउरा सङ्कलन तथा घाटगद्दी गर्न नसकिएको उचित र पर्याप्त कारण भएमा सो कार्यको लागि निर्देशनालयको सहमतिमा डिभिजन वन कार्यालयले बढीमा एक महिना अवधि थप गर्न सक्नेछ। साथै त्यस्तो काठ, दाउरा वनक्षेत्रबाट बाहिर निकाली घाटगद्दी गर्नको लागि समेत डिभिजनल वन अधिकृतले बढीमा एक महिनाको अवधि थप गर्न सक्नेछ।

(६) उपनियम (५) मा उल्लिखित अवधिभित्र समेत रूख कटान गरी काठ, दाउरा सङ्कलन हुन नसकेमा डिभिजनल वन अधिकृतले निर्देशनालयको सहमति लिई कटान गर्न बाँकी रूखको छपान रद्द गर्नु पर्नेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १०८ बमोजिम प्रयोग गर्न दिइएको राष्ट्रिय वनक्षेत्रको हकमा डिभिजनल वन अधिकृतले निर्देशनालयको सहमतिमा वनक्षेत्रको पुनरुत्पादन र अन्य रूख बिरुवाको हानि नोक्सानी हुन नदिने पर्याप्त व्यवस्था मिलाई वर्षभरी नै रूख कटान गरी काठ, दाउरा बाहिर निकाल्ने अनुमति दिन सक्नेछ।

७२. **काठ दाउरा लिलाम बिक्री:** (१) डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह वा साझेदारी वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम सङ्कलन गरेका काठ दाउरा व्यापारिक तथा व्यावसायिक प्रयोजनका लागि लिलाम बिक्री गर्दा पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ र यस सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना टाँस र टेण्डर बिक्री सम्बन्धी व्यवस्था डिभिजन वन कार्यालय, निर्देशनालय र जिल्ला प्रशासन कार्यालयबाट गरिनेछ र काठ दाउरा लिलाम बिक्रीको लागि अनुसूची-३० मा उल्लिखित मूल्यलाई न्यूनतम मूल्य मानिनेछ।

(३) ऐनको दफा ७८ बमोजिम वन पैदावारको बिक्री गर्दा उपनियम (२) बमोजिम पाँच लाख रुपैयाँ भन्दा बढी न्यूनतम् मूल्य भएको वन पैदावार विद्युतीय बोलपत्रको माध्यमबाट गर्नु पर्नेछ।

तर, विद्युतीय माध्यमबाट लिलाम बिक्री सम्बन्धी प्रणालीको व्यवस्था नहुँदासम्म वन पैदावारको लिलाम बिक्री गर्दा शिलबन्दी बोलपत्रको माध्यमबाट पूर्ण प्रतिस्पर्धाका आधारमा गर्न सकिनेछ।

(४) उपनियम (२) र (३) बमोजिमको लिलाम बिक्री प्रक्रियामा काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न इजाजत प्राप्त र सञ्चालनमा रहेका उद्योगहरूले मात्र प्रतिस्पर्धा गर्न पाउनेछन्।

(५) उपनियम (४) बमोजिम प्रतिस्पर्धामा सहभागी उद्योगमध्ये सबैभन्दा बढी मूल्य सकार गर्ने उद्योगलाई माग बमोजिमको स्थानसम्म ढुवानी गरी लैजान अनुसूची-४९ बमोजिमको स्थानान्तरण इजाजत पत्र वा छोडपुर्जी दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम डिभिजन वन कार्यालयको क्षेत्रभित्र काठ दाउरा ओसारपसार गर्दा सिल प्रयोग गर्नु पर्नेछैन।

७३. **लिलाम बिक्री सदर गर्ने अधिकारी:** (१) डिभिजन वन कार्यालयबाट बिक्री हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार देहाय बमोजिमको अधिकारीलाई हुनेछः-

(क) तीस लाख रुपैयाँसम्म सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार डिभिजनल वन अधिकृतलाई,

(ख) तीस लाख भन्दा माथि साठी लाख रुपैयाँसम्म सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार निर्देशकलाई,

(ग) साठी लाख रुपैयाँ भन्दा बढी सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार मन्त्रालयको सचिवलाई।

(२) उपभोक्ता समूहबाट हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार उपभोक्ता समूहको कार्यसमितिलाई हुनेछ।

७४. **<u>टाँचा तथा सिलको दर्ता र प्रयोगः</u>** (१) डिभिजन वन कार्यालयले प्रयोग गर्ने टाँचा र सिल निर्देशनालयमा दर्ता हुनेछ। निर्देशनालयले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको टाँचा र सिलको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त टाँचा र सिलको जिम्मा डिभिजनल वन अधिकृतको हुनेछ।

(३) निर्देशनालयले आवश्यकताको आधारमा एउटा डिभिजन वन कार्यालयमा रहेको टाँचा र सिल अर्को डिभिजन वन कार्यालयलाई प्रयोग गर्नको लागि उपलब्ध गराउन सक्नेछ।

(४) टाँचाको र सिलको प्रयोग डिभिजनल वन अधिकृतले आफैं वा टाँचाको प्रयोग कम्तिमा सातौं तहको वन अधिकृत र सिलको प्रयोग कम्तिमा पाँचौ तहको वन प्राविधिक कर्मचारीबाट गराउन सक्नेछ।

(४) डिभिजन वन कार्यालयले प्रयोग गर्ने टाँचा निर्देशनालयले अनुसूची-५० बमोजिमको ढाँचामा उपलब्ध गराएको हुनुपर्नेछ।

(५) यो उपनियम प्रारम्भ हुनुअघि साविक नेपाल सरकारको वन सम्बन्धी विषय हेर्ने विभागबाट जारी भएका टाँचा यसै नियम बमोजिम भएको मानिनेछ।

७५. **<u>गोलिया काठ खरिद गर्ने उद्योगले प्रशोधन गरी बिक्री गर्नुपर्नेः</u>** (१) यस नियमावली बमोजिम गोलिया काठ खरिद गर्ने उद्योगले गोलिया काठ चिरान वा एक तह प्रशोधन गरेर मात्र बिक्री वितरण गर्नु पर्नेछ।

(२) यस नियम बमोजिम काठ चिरान गरी बिक्री गर्ने उद्योगले चिरान काठको त्रैमासिक विवरण डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ७८ को उपदफा (५) बमोजिम गोलिया काठ खरिद गर्ने उद्योगले प्रशोधन नगरी बिक्री गर्न चाहेमा लिलाम सकार गरेको मूल्यको थप दश प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

७६. **<u>काठ दाउराको ओसारपसारः</u>** (१) यस नियमावली बमोजिम उपलब्ध भएको काठ, दाउरा जिल्ला बाहिर ओसारपसार गर्दा टाँचा र लोड गरिएको सवारी साधनमा डिभिजन वन कार्यालयको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ।

तर, सम्बन्धित जिल्लाभित्र काठ, दाउरा ओसारपसार गर्दा सिल लगाउनु पर्ने छैन।

(२) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ, दाउरा ओसारपसारको अन्तिम गन्तव्य स्थलको डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयलाई जानकारी गराई अनलोड

गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सिल भई आएको ढुवानीको साधन बिग्रिन गई वा दुर्घटना भई वा त्यस्तै अन्य कारण परी सिल टुट्न गएको अवस्थामा सो साधनमा रहेको काठ, दाउरा सोही साधनमा वा अर्को साधनमा पुनः लोड गरी ढुवानी गराउनु पर्दा घटना घट्न गएको क्षेत्रको सब डिभिजन वन कार्यालयले डिभिजन वन कार्यालयको सहमतिमा पुनः सिल लगाई ढुवानी गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ, दाउराको विषयमा कुनै कारणले चेकजाँच वा छानबिन गर्नु पर्ने भएमा ओसारपसारको अन्तिम गन्तव्य स्थलमा पुगेपछि डिभिजन वन कार्यालयको कम्तीमा पाचौं तहको वन प्राविधिक कर्मचारीको रोहबरमा चेकजाँच वा छानबिन गर्नु पर्नेछ।

७७. **जडीबुटी र अन्य वन पैदावारको सङ्कलन तथा बिक्री वितरणः** (१) डिभिजनल वन अधिकृतले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिमका सङ्कटापन्न वन पैदावार बाहेक आफ्नो कार्य क्षेत्रभित्रको जडीबुटी तथा अन्य वन पैदावार स्वीकृत कार्ययोजनाको अधीनमा रही सङ्कलन गर्न प्रजाति, किसिम, सङ्कलन गर्न सकिने परिमाण र प्रजाति अनुसार सङ्कलन गर्ने समय समेत तोकी बढीमा एक महिनाको म्याद दिई वर्षको एक पटक वा प्रजाति अनुसार पटक पटक गरी सूचना जारी गर्नु पर्नेछ।

(२) कुनै वनक्षेत्रबाट नियम ६८ को खण्ड (ख) बमोजिमका जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारको सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो जडीबुटी तथा वन पैदावारको किसिम, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्य समेत खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले सो उपर जाँचबुझ गर्दा स्वीकृत कार्ययोजना बमोजिम सङ्कलन गर्न सकिने परिमाण भित्र रहेको देखिएमा अनुसूची-१६ बमोजिमको मूल्यदर अनुसार हुने रकम धरौटी लिई अनुसूची-१७ बमोजिमको ढाँचामा सङ्कलन इजाजत दिनु पर्नेछ।

(४) कुनै वनक्षेत्रमा रहेको एउटै किसिमको जडीबुटी सङ्कलनका लागि एक भन्दा बढी निवेदन परी वार्षिक स्वीकृत परिमाणभन्दा बढी माग भएमा डिभिजनल वन अधिकृतले सबै निवेदकसँग आफूले तिर्न सक्ने अधिकतम मूल्यसहितको सिलबन्दी प्रस्ताव माग गर्नु पर्नेछ। यसरी प्राप्त सिलबन्दी प्रस्ताव मध्ये सबैभन्दा बढी मूल्य कबुल गर्ने निवेदकलाई उपनियम (३) बमोजिमको सङ्कलन इजाजत दिनु पर्नेछ।

(५) जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार सङ्कलन गर्न इजाजत प्राप्त गर्ने व्यक्ति वा निकायले डिभिजन वन कार्यालयको प्रत्यक्ष अनुगमनमा स्वीकृत कार्ययोजनामा उल्लिखित तरिका तथा प्रविधि अनुसार दिगो व्यवस्थापनको आधारमा सङ्कलन गर्नु पर्नेछ।

(६) उपनियम (३) वा (४) बमोजिमको सङ्कलन इजाजत अनुसारको परिमाणमा नबढ्ने गरी सङ्कलन गरिएको जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारलाई डिभिजनल वन अधिकृतले अनुसूची-१८ बमोजिमको ढाँचामा छोडपुर्जी दिनु पर्नेछ। यसरी छोडपुर्जी दिँदा उपनियम (३) को हकमा अनुसूची-१६ बमोजिम मूल्य र उपनियम (४) को हकमा सबैभन्दा बढी कबुल गरेको मूल्य

लिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम छोडपुर्जी प्राप्त जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार ओसारपसार गर्दा वन पैदावार राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा डिभिजन वन कार्यालयको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वा नेपाल सरकार वा प्रदेश सरकारको लगानी रहेको जडीबुटी प्रशोधन गर्ने वा जडीबुटीजन्य कुनै पदार्थ उत्पादन गर्ने कम्पनी वा संस्थालाई डिभिजनल वन अधिकृतले स्वीकृत कार्ययोजनाको अधीनमा रही अनुसूची-१६ बमोजिमको मूल्य लिई त्यस्तो जडीबुटी सङ्कलन गर्न अनुमति दिन वा बिक्री वितरण गर्न सक्नेछ।

(९) नेपालको अदालतबाट कुनै कसूरमा ऐन बमोजिम जफत भएका कुनै जडीबुटी वा जडीबुटीजन्य वन पैदावार अदालतबाट भएको आदेशबमोजिम प्रदेश सरकारले कुनै शैक्षिक तथा वैज्ञानिक अध्ययन अनुसन्धान गर्न वा प्रशोधन गरी औषधीजन्य प्रयोग गर्न वा धार्मिक कार्यका लागि प्रदेश सरकारको लगानी भएको कम्पनी, संस्था वा सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन सक्नेछ।

७८. **प्राथमिकता दिनु पर्ने:** प्रदेशभित्र उत्पादन भएका जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार बिक्री वितरण गर्दा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको आंशिक वा पूर्ण लगानीमा स्थापना भएका वा वन उपभोक्ता समूह र निजी साझेदारीमा प्रदेशभित्र स्थापना तथा सञ्चालन भएका जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार सम्बन्धी उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उपलब्ध गराउन प्राथमिकता दिनु पर्नेछ।

७९. **सङ्कलन तथा बिक्री वितरण सम्बन्धी विशेष व्यवस्था:** संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी महासन्धीको अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा सूचीकृत रहेका वन पैदावारको सङ्कलन, ओसारपसार वा निकासी प्रचलित कानून बमोजिम हुनेछ।

८०. **खयर काठ बिक्री वितरण:** (१) खयर जातको गोलिया काठ बिक्री गर्दा काठको आयतन र तौलको आधारमा र जरा ठुटाको बिक्री गर्दा तौलको आधारमा अनुसूची-३० बमोजिमको दस्तुरमा नघटाई बोल कवोलको माध्यमबाट प्रतिस्पर्धा गराई गर्नु पर्नेछ।

(२) खयर (गोलिया) काठको आयतन मापन गर्दा पलास (स्याप्उड) सहित मापन गर्नुपर्नेछ।

८१. **वन पैदावारको बिगो कायम गर्ने:** (१) वनक्षेत्रमा हानी नोक्सानी भई ठुटामात्र भएको तर काठ फेला नपरेको अवस्थामा बिगो कायम गर्नु पर्दा अनुसूची-४७ बमोजिम ठूटाबाट काठको आयतन निकाली अनुसूची-३० बमोजिमको दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(२) केही काठ र ठूटा फेला परेको अवस्थामा ठूटालाई नै आधार मानी आयतन निकाली अनुसूची-३० बमोजिमको दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(३) ठूटा फेला नपरी काठमात्र फेला परेमा तीनवटा गिण्डालाई एउटा रूख मानी सबैभन्दा ठूलो गोलाइको गिण्डाको सबैभन्दा मोटो छेउलाई ठुटाको छेउ मानी आयतन निकाली अनुसूची-३० बमोजिमको मूल्यदरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(४) ठूटा फेला नपरी चिरान काठमात्र फेला परेको अवस्थामा चिरान काठलाई १.४ ले

गुणन गरी आयतन निकाली अनुसूची-३० बमोजिमको मूल्यदरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(५) जडीबुटीको बिगो कायम गर्दा फेला परेको वा वरामद भएको परिमाणलाई अनुसूची-१६ को दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(६) जडीबुटी बाहेकका अनुसूची-१६ मा उल्लिखित अन्य वन पैदावारको हकमा सोही अनुसूचीमा उल्लिखित दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

८२. **पुरानो घर गोठमा भएको काठ वा काठजन्य सामग्री ओसारपसार:** (१) ऐनको दफा ८२ बमोजिम निजी स्वामित्वको जग्गामा रहेको पुरानो घर गोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री स्थानान्तरणका लागि डिभिजन वन कार्यालयमा देहाय बमोजिमका कागजात सहित अनुसूची-५१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछः

(क) सम्बन्धित वडाको जनप्रतिनिधि सम्मिलित स्थानिय सर्जमिन मुचुल्का,

(ख) कम्तिमा दश वर्ष पुरानो घरगोठमा प्रयोग भएको काठ भनि किटानी भएको सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ग) निवेदकको एका घरको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि,

(घ) निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(२) उपनियम (१) बमोजिमको निवेदनका सम्बन्धमा सम्बन्धित सब डिभिजन वन कार्यालयले स्थलगत जाँचबुझ गरी काठको नाप परिमाण सहितको प्रतिवेदन डिभिजन वन कार्यालयमा पेस गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिमका कागजात र उपनियम (२) बमोजिमको प्रतिवेदनको आधारमा डिभिजनल वन अधिकृतले अनुसूची-५२ बमोजिमको ढाँचामा ओसारपसारको अनुमति दिन सक्नेछ।

(४) ऐनको दफा ८२ को उपदफा (४) बमोजिम पुरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्रीको बिक्री वितरण गर्दा प्रति क्यूफिट दुई रूपैयाँका दरले शुल्क तिरी डिभिजन वन कार्यालयबाट उपनियम (३) बमोजिम स्वीकृति लिनुपर्नेछ।

८३. **जिल्ला वन पैदावार आपूर्ति समितिको काम, कर्तव्य र अधिकार:** जिल्ला वन पैदावार आपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको वार्षिक कार्ययोजना तयार तथा अनुमोदन गरी स्वीकृतिका लागि निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेस गर्ने।

(ख) समितिलाई प्राप्त काठ दाउराको अभिलेख अद्यावधिक गरी राख्ने।

(ग) समितिलाई प्राप्त काठ दाउराको सुरक्षाको प्रवन्ध मिलाउने।

(घ) डिभिजन वन कार्यालयबाट उपलब्ध गराइएका प्लटहरूबाट समितिले काठ दाउरा आफैं वा बोलपत्र मार्फत कटान, मुछान, सङ्कलन र बिक्री वितरणको व्यवस्था मिलाउने।

(ङ) समितिलाई प्राप्त काठ दाउराको मूल्य निर्धारण र बिक्री वितरण गर्ने।

(च) समितिबाट जुन प्रयोजनका लागि काठ दाउरा वितरण गरिएको हो सोही प्रयोजनको लागि प्रयोग भए नभएको अनुगमन गर्ने गराउने।

(छ) समितिको कार्य सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरी सुविधा तोक्ने।

(ज) काठ दाउराको बिक्री वितरण डिपो सञ्चालन गर्ने।

८४. **जिल्ला वन पैदावार आपूर्ति समितिमा काठ दाउरा व्यवस्थापन:** (१) सामुदायिक वन, साझेदारी वन र वन संरक्षण क्षेत्रबाट उत्पादन भई समूह बाहिर लिलाम बिक्रीका लागि छुट्याएको काठ दाउरा र सरकारद्वारा व्यवस्थित वनबाट उत्पादन भएका काठ दाउराको परिमाणको कम्तीमा पच्चिस प्रतिशत काठ दाउरा जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(२) स्वीकृत कार्ययोजना बमोजिम काठ दाउरा प्राप्त हुन नसक्ने डिभिजन वन कार्यालयलाई काठ दाउरा उपलब्ध हुन सक्ने अन्य कुनै डिभिजन वन कार्यालयबाट काठ दाउरा उपलब्ध गराउने व्यवस्था मन्त्रालयले मिलाउन सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त हुने काठ दाउरा समितिले अनुसूची-३० बमोजिमको मूल्यमा कटान मुछान तथा ढुवानी खर्च र समितिको मुनाफा समेत जोडी अनुसूची-५३ को परिमाणमा नबढ्ने गरी समितिको स्वीकृत कार्ययोजना बमोजिम देहायको प्रयोजनको लागि काठ दाउराको बिक्री वितरण गर्ने व्यवस्था गर्नेछः

(क) विपद्मा परेका परिवारको घर गोठ निर्माण तथा पुनर्निर्माण,
(ख) घरकाजको रुपमा घर गोठको निर्माण तथा मर्मत,
(ग) कृषक परिवार वा समूहले निर्माण तथा उपयोग गर्ने कृषि औजार,
(घ) ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक कार्य र पुरातात्त्विक सम्पदाको निर्माण तथा पुनर्निर्माण,
(ङ) दाहसंस्कार र शीत लहर वा हिमपात भएको समयमा सार्वजनिक स्थानमा न्यानो कार्य,
(च) जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्य,
(छ) गण्डकी प्रदेशमा स्थायी बसोबास रहेको वा गण्डकी प्रदेशमा कम्तीमा तीन वर्ष मन्त्रालय वा मातहतका कार्यालयमा रही काम गरेका कर्मचारीको घर निर्माण कार्यका लागि एक पटक।

(४) समितिबाट काठ दाउरा प्राप्त गर्नेले जुन प्रयोजनको लागि काठ दाउरा प्राप्त गरेको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ र त्यस्तो काठ दाउरा अन्यत्र बिक्री वितरण गर्न पाइने छैन।

(५) समितिलाई प्राप्त काठ दाउरा एक वर्षसम्म पनि बिक्री नभएमा जुन निकायबाट काठ दाउरा प्राप्त भएको हो सोही निकायलाई समितिले काठ दाउरा फिर्ता गर्न सक्नेछ।

(६) समितिलाई प्राप्त काठ दाउरा समितिले चिरान गरी बिक्री वितरण समेत गर्न सक्नेछ।

८५. **वन पैदावार प्राप्त गर्न निवेदन दिनु पर्ने:** (१) वन पैदावार आपूर्ति समितिबाट वन पैदावार लिन चाहने व्यक्तिले देहायका विवरण खुलाई सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) वन पैदावारको जात,
(ख) वन पैदावारको किसिम र परिमाण,
(ग) वन पैदावार लिन चाहेको प्रयोजन,
(घ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ङ) सम्बन्धित स्थानीय तहबाट सिफारिस पत्र,

(च) घरनिर्माणको लागि सम्बन्धित स्थानीय तहबाट स्वीकृत नक्सा पास,

(छ) विपद्को हकमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस,

(ज) जनसहभागितामा हुने विकास निर्माण कार्यका लागि सम्बन्धित निकायको सिफारिस,

(झ) अन्य प्रयोजनका लागि समितिले तोकेका कागजात।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा वन पैदावार आपूर्ति समितिले आवश्यक जाँचबुझ गरी आफूसँग भएको प्रजाति मध्येबाट मिलाई काठ दाउरा उपलब्ध गराउन सक्नेछ।

८६. **<u>जिल्ला वन पैदावार आपूर्ति समितिको कोष सञ्चालन सम्बन्धी व्यवस्था:</u>** (१) जिल्ला वन पैदावार आपूर्ति समितिको एउटा छुट्टै कोष रहनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिम समितिलाई प्राप्त रकम रहनेछन:

(क) काठ दाउराको बिक्रीबाट समितिको कोषमा जम्मा गर्नु पर्ने रकम,

(ख) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट समितिलाई प्राप्त रकम,

(ग) बोलपत्र फारम बिक्रीबाट प्राप्त भएको रकम,

(घ) अन्य स्रोतबाट समितिलाई प्राप्त रकम।

(३) समितिको खाता कोष तथा लेखा नियन्त्रक कार्यालयको सिफारिसमा नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त बैंकमा रहनेछ।

(४) उपनियम (३) बमोजिमको खाताको सञ्चालन समितिको सदस्य सचिव र सम्बन्धित डिभिजनल वन अधिकृतले तोकेको डिभिजन वन कार्यालयको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(५) समितिको कार्यालय सञ्चालनको लागि जिन्सी सामानको आम्दानी र खर्च गर्दा स्वीकृत महालेखा परिक्षकको फारमहरूको प्रयोग गर्नु पर्नेछ।

(६) समितिको आन्तरिक लेखा परीक्षण जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट गर्नु पर्नेछ।

(७) लेखापरीक्षणबाट देखिएका बेरुजुहरूको फछ्र्यौट गराउने दायित्व समितिका अध्यक्ष, सदस्य सचिव र सम्बन्धित डिभिजनल वन अधिकृतले तोकेको डिभिजन वन कार्यालयको लेखा हेर्ने कर्मचारीको हुनेछ।

## परिच्छेद-१६
## <u>विविध</u>

८७. **<u>वनको अभिलेख व्यवस्थापन:</u>** (१) ऐनको दफा ९२ बमोजिम वन सम्बन्धी अभिलेख व्यवस्थापन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयले वनको प्रकार, प्रजाति, वन व्यवस्थापन पद्धति समेत समावेश गरी सव डिभिजन वन कार्यालय र स्थानीय तहस्तरमा जिपिएस अवस्थिति सहितको डिजिटल अभिलेख तयार गरी निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) डिभिजन वन कार्यालयले वन व्यवस्थापन पद्धतिबाट उत्पादन र अन्य स्रोतबाट प्राप्त वन पैदावारको बिक्री वितरण र मौज्दातमा रहेका वन पैदावारको वार्षिक अभिलेख तयार गरी निर्देशनालय मार्फत मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(३) डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र पाइने जैविक विविधता, जडीबुटी, वन्यजन्तु, मानव वन्यजन्तु द्वन्द्व, राहतको अभिलेख र द्वन्द्व संवेदनशील क्षेत्र, वन डढेलो प्रभावित क्षेत्र र वन अतिक्रमण क्षेत्रसमेतको डिजिटल अभिलेख तयार गरी निर्देशनालय मार्फत मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(४) सब डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रको यस नियम बमोजिमको अभिलेख अद्यावधिक गरी डिभिजन वन कार्यालयमा पठाइ आफ्नो कार्यालयमा समेत त्यस्तो अभिलेख सुरक्षित राख्नु पर्नेछ।

८८. **वातावरणीय सेवाको व्यवस्थाः** (१) डिभिजनल वन अधिकृतले वन, जैविक विविधता, जलाधार तथा जलचक्र प्रणालीको संरक्षण र व्यवस्थापन गरी वातावरणीय सेवा प्रवाह गर्नेलाई वातावरणीय सेवाको उपयोग गर्ने व्यक्ति, समूह, संगठित संस्था वा अन्य निकायबाट वातावरणीय सेवा उपलब्ध गरे बापतको भुक्तानीको व्यवस्था मिलाउन सक्नेछ।

(२) वातावरणीय सेवा बिक्री गर्न चाहने वन उपभोक्ता समूहले आफ्नो स्वीकृत वन कार्ययोजनामा सो सम्बन्धी व्यवस्था समावेश गरी वा वातावरणीय सेवा सम्बन्धी कार्ययोजना बनाई डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ र सो कार्यालयले स्वीकृत गरेमा त्यस्तो कार्ययोजना लागू गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको वातावरणीय सेवा सिर्जना गर्ने वन उपभोक्ता समूहले वातावरणीय सेवा खरिद गर्न चाहने स्वदेशी खरिद कर्तासँग निश्चित अवधिका लागि सम्झौता गरी कार्बन सेवा बाहेकको वातावरणीय सेवाको बिक्री गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको वातावरणीय सेवाको रकम वातावरणीय सेवा प्रवाह गर्ने र उपयोग गर्ने बीचको आपसी समझदारीमा निर्धारण हुनेछ।

(५) जलाधार र जलस्रोतमा आधारित जलविद्युत, खानेपानी, पर्यापर्यटन जस्ता आयोजनाले कुनै वन उपभोक्ता समूह वा अन्य स्थानीय समुदायले व्यवस्थापन गर्दै आएको कार्बन सेवा बाहेकको वातावरणीय सेवा खरिद गर्न चाहेमा सम्बन्धित उपभोक्ता समूह तथा समुदायको सहमति र सहभागितामा वातावरणीय सेवा व्यवस्थापन योजना तर्जुमा गरी स्वीकृतिका लागि डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम स्वीकृत योजना बमोजिम सिर्जना हुने वातावरणीय सेवाको बिक्रीबाट उपभोक्ता समूह वा अन्य स्थानीय समुदायले प्राप्त गरेको रकम मध्ये कम्तीमा पचास प्रतिशत रकम वातावरणीय सेवाको अभिवृद्धि सम्बन्धी क्रियाकलापमा खर्च गरी बाँकी रहेको रकम सम्बन्धित क्षेत्रका बासिन्दाको आयआर्जन र वातावरणमैत्री सामुदायिक विकासका कार्यमा उपयोग गर्नु पर्नेछ।

(७) डिभिजन वन कार्यालयले मन्त्रालयको सहमतिमा वातावरणीय सेवाको रकम निर्धारण र बिक्री तथा सोबाट प्राप्त लाभको सदुपयोग सम्बन्धी कार्ययोजना तर्जुमा गरी मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ र मन्त्रालयबाट स्वीकृत भएपछि त्यस्तो कार्ययोजना कार्यान्वयन गर्नु पर्नेछ।

८९. **वातावरणीय सेवा शुल्क लाग्नेः** प्रचलित कानून बमोजिम राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृत प्राप्त मुनाफा कमाउने विकास आयोजनाले मुनाफा प्राप्त हुन शुरु भएपछि वातावरणीय सेवा बापत

मुनाफाको एक प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

९०. **<u>निजी वनमा वातावरणीय सेवाः</u>** (१) वातावरणीय सेवामा संलग्न हुन चाहने निजी वन धनीले वातावरणीय सेवा सम्झौतामा उल्लिखित शर्तका अतिरिक्त देहाय बमोजिमका शर्त पालना गर्नु पर्नेछः

(क) एकल वा सामूहिक रुपमा आपसमा जोडिएको जग्गामा कम्तिमा दुई हेक्टर क्षेत्रफलको निजी वन दर्ता गरेको,

(ख) निजी वनको व्यवस्थापन योजना बनाइ कार्यान्वयनमा ल्याएको।

(२) निजी वन धनीले वातावरणीय सेवामा संलग्न हुँदा पालना गर्नु पर्ने अन्य शर्त डिभिजनल वन अधिकृत तथा निजी वनको धनी बीच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपनियम (२) को प्रयोजनका लागि डिभिजन वन कार्यालयले पहिलो त्रैमासिक अवधिभित्र प्रस्ताव आह्वान गरिसक्नु पर्नेछ।

९१. **<u>कृषि वन प्रणाली सम्बन्धी व्यवस्थाः</u>** (१) मन्त्रालयले कृषि वन प्रणाली अवलम्बन गर्दा देहाय अनुसार गर्नु पर्नेछः

(क) जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारजन्य प्रजाति रोपण गर्न सकिने छ।

(ख) अम्रिसो, नेपियर जस्ता बहुबर्षीय आयमुलक घाँस प्रजाति रोपण गर्न सकिने छ।

(ग) बहुबर्षीय सुगन्धित प्रजाति रोपण गर्न सकिने छ।

(२) उपनियम (१) बमोजिमका प्रजाति बाहेक अन्यको हकमा प्रदेश सरकारले भूउपयोगमा परिवर्तन नहुने गरी मन्त्रालयले बनाएको मापदण्ड बमोजिम कृषि वन प्रणाली अबलम्बन गर्न सकिनेछ।

९२. **<u>वन बिउ बगैंचाको व्यवस्थापनः</u>** (१) मन्त्रालयले ऐनको दफा ९४ बमोजिम वन विकासको लागि गुणस्तरीय वन बिउ उत्पादन गर्न राष्ट्रिय वनको कुनै भागलाई वन बिउ बगैंचा घोषणा गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको वन बिउ बगैंचाको संरक्षण र व्यवस्थापन निर्देशनालयसँगको समन्वयमा डिभिजन वन कार्यालयले गर्नेछ।

९३. **<u>राहत सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ९५ बमोजिम वन संरक्षण, व्यवस्थापन कार्यमा संलग्न उपभोक्ता, श्रमिक वा कर्मचारी वन्यजन्तुको आक्रमण वा अन्य कुनै घटनाबाट घाइते भएमा वा मृत्यु भएमा निज वा हकवालालाई प्रदेश सरकारले देहाय बमोजिमको रकम राहत स्वरुप उपलब्ध गराउन सक्नेछः

(क) सामान्य घाइतेको लागि उपचारको प्रकृति हेरी पेस भएका कागजात र सिफारिसका आधारमा बढीमा बीस हजार रुपैयाँ सम्म औषधोपचार खर्च।
<u>स्पष्टिकरणः</u> "सामान्य घाइते" भन्नाले शरीर अङ्गभङ्ग हुने बाहेक उपचार गर्नु पर्ने अन्य अवस्थाको घाइतेलाई जनाउँछ।

(ख) गम्भीर घाइतेको लागि उपचारको प्रकृति हेरी पेस भएका कागजात र विशेषज्ञ चिकित्सकको सिफारिसका आधारमा बढीमा दुई लाख रुपैयाँसम्म औषधोपचार खर्च।

स्पष्टिकरण: "गम्भीर घाइते" भन्नाले वन्यजन्तुको आक्रमण वा अन्य कुनै घटनाबाट शरीर अङ्गभङ्ग हुने गरी घाइते भएको अवस्थालाई जनाउँछ।

"तर वन्यजन्तुबाट वा अन्य कुनै घटनाबाट घाइते हुनेलाई औषधोपचार गर्दा दुई लाख भन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा आकस्मिक (ईमरजेन्सी) उपचार गराउँदा लागेको खर्च र तत्पश्चात सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च त्यस्तो अस्पतालको सिफारिसमा प्रदेश सरकारले व्यहोर्ने छ।"

(ग) मृतकको हकवालाको लागि दश लाख रुपैयाँ राहत रकम।

(२) उपनियम (१) बमोजिमको राहत माग गर्दा अनुसूची-५४ बमोजिमका ढाँचामा डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी डिभिजन वन कार्यालयले आफ्नो राय सहित निर्देशनालय मार्फत मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम राय सहितको सिफारिस प्राप्त भएमा मन्त्रालयले त्यस्तो राहतका लागि प्रदेश सरकार समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिमको क्षतिमा अन्य कुनै निकायबाट राहत रकम लिईसकेको भए यस नियम बमोजिम राहत रकम उपलब्ध गराईने छैन।

९४. **सुराकीलाई पुरस्कार:** (१) ऐनको दफा ९९ बमोजिम बाघ, हात्ती, गैंडा, कस्तुरी मृग, हिउँचितुवा, ध्वाँसेचितुवा र गौरीगाई मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाइ पक्राउ गराइदिने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म र अन्य संरक्षित वन्यजन्तुको हकमा पच्चीस हजार रुपैयाँ पुरस्कार दिन सकिनेछ।

(२) उपनियम (१) मा उल्लिखित बाहेकका वन्यजन्तू मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाइ पक्राउ गराइदिने ब्यक्तिलाई दश हजार रुपैयाँसम्म उपलब्ध गराउन सकिनेछ।

(३) वन पैदावारको हानी नोक्सानी तथा अवैध ओसारपसारको सुराक लगाई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई कसुरदारलाई हुने जरिवानाको दश प्रतिशत रकम वा पचासहजार रुपैयाँ मध्ये जुन घटी हुन्छ सोही रकम पुरस्कार स्वरुप दिन सकिनेछ।

(४) यस नियम बमोजिम सुराकीलाई दिने पुरस्कार डिभिजन वन कार्यालयको सिफारिसमा निर्देशनालयबाट उपलब्ध गराइनेछ।

(५) उपनियम (४) बमोजिम भुक्तानी हुने रकम निर्देशनालयको सम्बन्धित वार्षिक स्वीकृत कार्याक्रममा विनियोजित बजेटबाट भुक्तानी गर्नु पर्नेछ।

(६) अन्य कुनै निकायबाट पुरस्कार रकम लिईसकेको भए यस नियम बमोजिम रकम उपलब्ध गराईने छैन।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा मातहतका निकायबाट नियमित रुपमा तलबभत्ता बुझ्ने वहालवाला कर्मचारीलाई त्यस्तो सुराकीको पुरस्कार उपलब्ध गराउन पाइने छैन।

९५. **<u>सशस्त्र  वन रक्षक सम्बन्धी व्यवस्था:</u>** नेपाल सरकारबाट वनको सुरक्षाका लागि प्रदेशभित्रका डिभिजन वन कार्यालयमा खटाइएका सशस्त्र वन रक्षकको सम्बन्धित डिभिजन वन कार्यालयको क्षेत्रभित्र डिभिजनल वन अधिकृतले र एक जिल्लाबाट अर्को कुनै जिल्लामा मन्त्रालयले परिचालन तथा व्यवस्थापन गर्न सक्नेछ।

९६. **<u>वन सुरक्षा सम्बन्धी व्यवस्था:</u>** (१) डिभिजनल वन अधिकृतले वन सुरक्षाको लागि तथा ऐन तथा यस नियमावली विपरीत हुन सक्ने कार्य नियन्त्रणका लागि नियमित वन गस्ती परिचालन गर्नु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले नियम ४ को उपनियम (३) बमोजिमको रणनीतिक योजनामा वन सुरक्षाको विषय समेत समावेश गर्नु पर्नेछ र सो रणनीतिक योजनाको अधीनमा रही वार्षिक सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपभोक्ता समूहले आफूले व्यवस्थापन गरेको वनको सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ र त्यस्तो वन क्षेत्रमा हुने कसुर नियन्त्रणका लागि उपभोक्ता समूहले सहयोग माग गरेमा डिभिजनल वन अधिकृतले आवश्यक सहयोग गर्नु पर्नेछ।

(४) राष्ट्रिय वनको सुरक्षाको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्ला वन सुरक्षा समन्वय समिति रहनेछः

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष
(ख) जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू -सदस्य
(ग) डिभिजनल वन अधिकृत -सदस्य-सचिव

(५) राष्ट्रिय वनको सुरक्षाको लागि डिभिजन वन कार्यालयबाट अनुरोध भई आएमा स्थानीय प्रशासन र सुरक्षा निकायले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(६) वन निर्देशकले राष्ट्रिय वनको सुरक्षाको सम्बन्धमा डिभिजन वन कार्यालयबाट भएको क्रियाकलापको नियमित अनुगमन गरी आवश्यक समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ।

९७. **<u>वन अतिक्रमण नियन्त्रण सम्बन्धी व्यवस्था:</u>** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रको वनक्षेत्रमा भएको अतिक्रमण हटाउनु पर्नेछ।

(२) वन अतिक्रमण नियन्त्रणमा डिभिजनल वन अधिकृतलाई सहजीकरण तथा सहयोग गर्नका लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक वन अतिक्रमण नियन्त्रण समिति रहनेछः

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक
(ख) जिल्ला समन्वय अधिकारी -सदस्य
(ग) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य
(घ) प्रमुख, जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल -सदस्य
(ङ) प्रमुख, नापी कार्यालय -सदस्य
(च) सम्बन्धित जिल्लाबाट प्रदेश सभामा राजनीतिक प्रतिनिधित्व भएका दलका जिल्ला स्थित प्रतिनिधि -सदस्य
(छ) सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखले तोकेको प्रतिनिधि -सदस्य
(ज) सम्बन्धित वन उपभोक्ता समूहको अध्यक्ष -सदस्य
(झ) डिभिजनल वन अधिकृत -सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको वन अतिक्रमण नियन्त्रण समितिले डिभिजनल वन अधिकृतलाई वन अतिक्रमण हटाउन आवश्यक सहयोग गर्नुका साथै अतिक्रमण हटाउँदाका बखत आवश्यक सुरक्षाको प्रबन्ध गर्नु पर्नेछ।

(४) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्रभित्रको वन अतिक्रमणको अवस्था सहितको तथ्याङ्क र अतिक्रमण नियन्त्रणको प्रगति मन्त्रालय, निर्देशनालय र उपनियम (२) बमोजिमको वन अतिक्रमण नियन्त्रण समिति समक्ष पेस गर्नु पर्नेछ।

(५) अतिक्रमण हटाएको वन क्षेत्रमा डिभिजनल वन अधिकृतले यथाशीघ्र वृक्षारोपण गरी वनको संरक्षण तथा व्यवस्थापन गर्नु पर्नेछ।

९८. **<u>वन कामदारको सुरक्षाः</u>** (१) ऐनको दफा १०२ बमोजिम वन क्षेत्रमा काम गर्न अनुमति प्राप्त आयोजना, रोजगारदाता व्यक्ति, संस्था, समूह वा निकायले त्यस सम्बन्धी काम गर्ने कामदारको सुरक्षाको व्यवस्था देहाय बमोजिम मिलाउनु पर्नेछः

(क) वन श्रमिकको अभिलेख राख्ने र परिचय पत्र उपलब्ध गराउनु पर्ने,

(ख) वन पैदावार सङ्कलन र ओसारपसार कार्य गराउनु अघि त्यस्तो कार्यमा संलग्न हुने व्यक्तिलाई वन पैदावारको दिगो सङ्कलन र ओसारपसारका अभ्यासको बारेमा तालिम प्रदान गर्नु पर्ने,

(ग) वन पैदावार सङ्कलन र ओसारपसार कार्यमा संलग्न हुने कामदारलाई वन पैदावार सङ्कलन र ओसारपसारका क्रममा हुनसक्ने जोखिम न्यूनीकरणका लागि हेल्मेट, बुट, पञ्जा लगायत सुरक्षा जन्य सामग्री उपलब्ध गराउनु पर्ने,

(घ) वन पैदावार सङ्कलन र ओसारपसारमा खटिएका कामदारलाई आफ्नो सुरक्षा गर्ने सम्बन्धी तालिम प्रदान गर्नु पर्ने,

(ङ) वन पैदावार सङ्कलन र ओसारपसारमा खटिएका कामदारको प्रत्येक समूहलाई प्राथमिक उपचारको सामान उपलब्ध गराउनु पर्ने र समूहको कम्तीमा एकजनालाई आधारभूत प्राथमिक उपचारको तालिम दिने व्यवस्था गर्नु पर्ने

(च) कामदारको दुर्घटना बिमाको व्यवस्था गर्नु पर्ने।

(२) वन पैदावार सङ्कलन, ओसारपसार तथा घाटगद्दी सम्बन्धी काम गर्ने कामदारको लागि सम्बन्धित निकायले सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्नेछ।

(३) यो नियम प्रारम्भ हुँदाका बखत वन व्यवस्थापन कार्यमा संलग्न भइरहेका कामदार र कर्मचारीलाई समेत यस नियम बमोजिमको तालिमको व्यवस्था गर्नु पर्नेछ।

९९. **<u>वन डढेलो रोकथाम र नियन्त्रणः</u>** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्रमा वन डढेलो लाग्न नदिन वा लागेको डढेलो नियन्त्रण गर्न उचित प्रबन्ध गर्नु पर्नेछ। डिभिजनल वन अधिकृतले डढेलो नियन्त्रणका लागि डढेलो नियन्त्रण संयन्त्र वा सञ्जाल गठन गर्न सक्नेछ।

(२) वन डढेलो नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय, स्थानीय तह र सुरक्षा निकायले डिभिजनल वन अधिकृतलाई आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) उपभोक्ता समूहले आफ्नो वनक्षेत्रमा वन डढेलो लाग्न नदिन र वन डढेलो लागेमा तत्काल नियन्त्रणको व्यवस्था गर्नु पर्नेछ। उपभोक्ता समूहले डढेलो नियन्त्रणका लागि वन डढेलो नियन्त्रण स्वयंसेवी समूह वा सञ्जाल गठन गर्न सक्नेछ।

(४) निजी वन धनी वा जग्गावालाले आफ्नो निजी वन वा जग्गामा डढेलो लागेमा त्यस्तो डढेलो नियन्त्रण गर्न र अन्यत्र फैलिन नदिन आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले वन डढेलो नियन्त्रणका लागि गरिएको व्यवस्थाको विवरण निर्देशनालय र मन्त्रालयलाई यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ।

(६) निर्देशनालयले भौगोलिक सूचना प्रणाली (जिपिएस) मा आधारित वन डढेलो सूचना प्रणाली वा यस्तै किसिमको अन्य प्रविधिको विकास गरी वन डढेलो लागेको जानकारी सम्बन्धित डिभिजनल वन अधिकृतलाई तत्काल प्रवाह गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(७) मन्त्रालयले वन डढेलोको अवस्था हेरी जिल्ला वन सुरक्षा समन्वय समितिको सिफारिसमा वन डढेलो जोखिम क्षेत्र घोषणा गरी रोकथाम र नियन्त्रणका लागि विशेष व्यवस्था गर्न सक्नेछ।

(८) प्रदेश सरकारले वन डढेलोको कारणबाट धन जनको क्षति भएमा उचित राहत र घाइतेको उपचारको व्यवस्था मिलाउन सक्नेछ।

१००. **आयोजना क्षेत्रका रूख र काठ दाउराको व्यवस्थापनः** (१)ऐनको दफा १०८ बमोजिमको काठ दाउराको व्यवस्थापनका लागि सम्बन्धित आयोजनाले डिभिजन वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ र मूल्याङ्कन गरी आफ्नो राय सहितको प्रतिवेदन पेस गर्न डिभिजनल वन अधिकृतले सम्बन्धित सव डिभिजन वन कार्यालयलाई निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको निर्देशनका सम्बन्धमा सम्बन्धित सव डिभिजन वन कार्यालयले स्थलगत जाँचबुझ र मूल्याङ्कन गरी आयोजना क्षेत्रबाट हटाइ सङ्कलन गर्न नसकिने रूख तथा सङ्कलनको क्रममा क्षति भई सङ्कलन गर्न नसकिएका रूखको लगत र राय सहितको प्रतिवेदन डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रतिवेदन पेस भएपछि डिभिजन वन कार्यालयले त्यस्ता रूखहरूको लगत मूल्याङ्कन परिमाण अनुसारको प्रचलित राजस्व दरको अधिकतम मूल्य र जिल्ला दररेट अनुसार छपान, कटान, मुछान, सङ्कलन ओसारपसार र घाटगद्दी रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्न सम्बन्धित आयोजनालाई आदेश दिनेछ।

(५) उपनियम (४) बमोजिम डिभिजन वन कार्यालयको आदेशमा उल्लिखित रकम प्रदेश सञ्चित कोषमा जम्मा गरेपछि सम्बन्धित आयोजनाले डिभिजन वन कार्यालयमा काठ दाउरा हस्तान्तरण गरे सरह मानिने छ।

१०१. **संरक्षण क्षेत्रको स्थापनाः** (१) प्रदेशभित्रको कुनै खास क्षेत्रलाई संरक्षण क्षेत्रको रुपमा व्यवस्थापन गर्न उपयुक्त देखेमा प्रदेश सरकारले त्यस्तो संरक्षण क्षेत्र स्थापनाको लागि सिफारिस गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको सिफारिस अनुसार नेपाल सरकारबाट संरक्षण क्षेत्रको स्थापना गर्ने निर्णय भएमा त्यस्तो संरक्षण क्षेत्रको व्यवस्थापन प्रदेश सरकारले गर्नेछ।

१०२. **संरक्षण क्षेत्रको व्यवस्थापनः** प्रचलित कानून बमोजिम प्रदेशभित्र स्थापना भएका संरक्षण क्षेत्रहरूको व्यवस्थापन, संरक्षण क्षेत्रको प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क संकलन, नियमन र हस्तान्तरण लगायतका संरक्षण क्षेत्र सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारबाट स्वीकृत गण्डकी प्रदेश संरक्षण क्षेत्र व्यवस्थापन नियमावली बमोजिम हुनेछ।

१०३. **अनुसूचीमा हेरफेरः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ।

१०४. **बचाउः** यो नियमावली प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम भएका काम कारबाही यसै नियम बमोजिम भएको मानिने छ।

## अनुसूची-१

### (नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

### राष्ट्रिय वनको रणनितिक योजनामा समावेश हुनुपर्ने विषय

१. परिचय

२. वनको सीमाङ्कन

(क) वनको प्रकार

(ख) वनको क्षेत्रफल

(ग) वन क्षेत्रको स्रोतको अवस्था

(घ) प्रमुख नदी, खोला तथा जलाधार क्षेत्र

(ङ) सिमसार क्षेत्

३. विगतका वन व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा

४. वन पैदावारको माग र आपूर्तिको अवस्था

५. वन व्यवस्थापनका लक्ष्य तथा उद्देश्यहरू

६. वनस्रोत सर्वेक्षण, विश्लेषण, वन संवर्धन प्रणाली तथा व्यवस्थापन

(क) वन व्यवस्थापन पद्दति अनुसार वन वृद्धि मौज्दात

(ख) वन व्यवस्थापन पद्दति अनुसार वार्षिक प्राप्ति

(ग) वन वाली कटान चक्र तथा पुनरोत्पादन तरिका

७. वन संरक्षण तथा सुरक्षा सम्बन्धी व्यवस्था

(क) अतिक्रमण तथा चोरी निकासी नियन्त्रण

(ख) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

(ग) मिचाहा प्रजाति तथा रोगकिराबाट नियन्त्रण

(घ) चोरी शिकार तथा गैरकानूनी व्यापार नियन्त्रण

(ङ) वन तथा वन्यजन्तु अपराध नियन्त्रण तथा कानूनी कारवाहीका विषयहरू

(च) अन्य

८. जैविक विविधता संरक्षण तथा प्रवर्धन

(क) वन्यजन्तुको आवतजावत तथा जैविक मार्ग व्यवस्थापन

(ख) सिमसार, वन, जलाधार, भू-परिधि, पानीका मुहान संरक्षण तथा व्यवस्थापन

(ग) लोपोन्मुख एवम् दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातिको संरक्षण तथा व्यवस्थापन

(घ) मानव वन्यजन्तु द्वन्द्ध व्यवस्थापन

(ङ) वनक्षेत्र भित्र रहेका प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण

९. वन व्यवस्थापन पद्दति

(क) सरकारद्वारा व्यवस्थित वन

(ख) सामुदायिक वन

(ग) साझेदारी वन

(घ) कबुलियती वन

(ङ) धार्मिक वन

(च) विशेष वन

(छ) वन संरक्षण क्षेत्र

(ज) सार्वजनिक जग्गाको वन तथा निजी वन

१०. वन संवर्धन प्रणाली

(क) प्राकृतिक पुनरुत्पादन, विरुवा उत्पादन तथा वृक्षारोपण

(ख) वन संवर्धन प्रणाली

(ग) वन संवर्धन प्रणाली छनोट गर्ने विधि

(घ) वन संवर्धन प्रणाली अनुसार वन वाली उत्पादन तथा पुनरुत्पादन चक्र

११. वन पैदावार उत्पादन तथा आपूर्ति

(क) वन पैदावारहरूको मूल्याङ्कन, बिक्री वितरण

(१) काष्ठ वन पैदावार

(२) जडीबुटी तथा गैरकाष्ठ वन पैदावार

(३) अन्य वन पैदावार

(ख) वन पैदावार ओसारपसार

१२. वन पैदावारमा आधारित उद्योग

(क) वन पैदावारमा आधारित

(ख) पर्यापर्यटन

(ग) व्यावसायिक वन्यजन्तु पालन तथा प्रजनन्

१३. वन्यजन्तु उद्दार, वन्यजन्तु अस्पताल, प्राणी उद्यान, वनस्पती उद्यान

१४. जैविक विविधता, जलाधार, वातावरण र जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान

१५. सिमसार संरक्षण तथा व्यवस्थापन

१६. वन व्यवस्थापन सूचना प्रणाली

(क) वन संरक्षण, व्यवस्थापन प्रणालीमा समूह, डिभिजनस्तरका सूचकहरू

(ख) वन पैदावार उत्पादन, बिक्री वितरण तथा ओसारपसार सम्बन्धी सूचकहरू

(ग) वन पैदावारमा आधारित उद्योग, रोजगारी सम्बन्धी सूचकहरू

(घ) लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचकहरू

(ङ) सिमसार, पानीका मुहान, जैविक विविधता संरक्षण तथा व्यवस्थापनका सूचकहरू

(च) डिभिजन तथा जिल्लास्तरको वन क्षेत्र व्यवस्थापन, सूचना व्यवस्थापन प्रणाली स्वचालन

१७. वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था

१८. योजना कार्यान्वयन गर्न आवश्यक स्रोत तथा जनशक्ति

१९. अनुगमन तथा प्रतिवेदन

## अनुसूची-२

### (नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

### आवधिक योजना सहितको रणनीतिक योजनाको ढाँचा

परिचय

पूर्व कार्ययोजनाको समीक्षा

कार्ययोजना तयार गर्दा अपनाइने विधि

### भाग-१: जिल्लाको सामान्य परिचय

१.१ ऐतिहासिक पृष्ठभूमि

१.२ राजनैतिक विभाजन

१.३ भौगोलिक अवस्था तथा भू-बनौट

१.४ भौगर्भिक अवस्था (खनिज, चट्टान, माटो)

१.५ जल सम्पदा

१.६ जलवायु तथा वर्षा

१.७ भौतिक पूर्वाधारहरू

१.८ भू-उपयोग

१.९ अन्य प्रयोजनका लागि उपलब्ध गराईएका वनक्षेत्रहरूको विवरण

१.१० मौजुदा वन संगठन

१.११ सहयोगी संघसंस्थाहरू

१.१२ वन व्यवस्थापनका समस्या, चुनौती र हालसम्मका सिकाई

### भाग २: वन प्रजाति तथा वन्यजन्तु (Forest Flora and Fauna)

**२.१ वनको विवरण**

२.१.१ वनको प्रजाति अनुसारको मौज्दात

२.१.२ प्राकृतिक पुनरुत्पादनको अवस्था

२.१.३ वन संरक्षण

**२.२ वन्यजन्तुको विवरण**

२.२.१ स्तनधारी, चराचुरुङ्गी, उभयचर, सरिसृप, माछा आदि

२.२.२ वन्यजन्तुका लागि महत्वपूर्ण स्थान

२.२.३ वन्यजन्तु संरक्षण

२.२.४ मानव वन्यजन्तु द्वन्द्वको अवस्था र संवेदनशील क्षेत्र

### भाग ३: वन सदुपयोग

३.१ जनसंख्या र घरधुरी तथा वनजन्य वस्तुको माग र आपूर्तिको अवस्था

३.२ वनक्षेत्रमा परेको र पर्न सक्ने चाप

३.३ मुख्य वनजन्य प्रजातिहरूको मूल्याङ्कन, संङ्कलन विधि तथा त्यसको खर्चहरू

३.४ वन पैदावारमा आधारित उद्योग तथा व्यवसायहरूको विवरण

३.५ वन पैदावारको बिक्री वितरण

३.६ ढुङ्गा, गिटी, बालुवा मूल्याङ्कन

३.७ खनिज/उत्खनन् उद्योगहरूको विवरण

३.८ व्यवसायिक कवुलियती वनहरूको विवरण

३.९ अन्य वन पैदावारहरूको उत्पादन, विक्रि वितरण

## भाग ४: वन कार्ययोजना

४.१ वन कार्ययोजनाको अवधि
४.२ लक्ष्य तथा उद्देश्य
४.३ उद्देश्य पूरा गर्ने कार्यनीतिहरू
४.४ प्रस्तावित कार्यक्रमहरू
४.४.१ सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन कार्यक्रम
४.४.२ वन संरक्षण क्षेत्र, विशेष वन क्षेत्र व्यवस्थापन कार्यक्रम
४.४.३ समुदायमा आधारित वन व्यवस्थापन (सामुदायिक वन, साझेदारी वन कवुलियती वन र धार्मिक वन) कार्यक्रम
४.४.४ वन संरक्षण कार्यक्रम
४.४.५ कृत्रिम तथा प्राकृतिक पुनरुत्पादन कार्यक्रम
४.४.६ सार्वजनिक तथा निजी वन प्रवर्द्धन एवं उद्यम विकास सहयोग कार्यक्रम
४.४.७ ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण क्षेत्रको संरक्षण एवं विकास कार्यक्रम
४.४.८ भू-तथा जलाधार संरक्षण कार्यक्रम
४.४.९ वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम
४.४.१० प्रचार प्रसार कार्यक्रम
४.४.११ विशेष आयमूलक कार्यक्रम
४.४.१२ जलवायू परिवर्तन व्यवस्थापन सहयोगी कार्यक्रम
४.४.१३ भौतिक पूर्वाधार निर्माण कार्यक्रम
४.४.१४ जनशक्ति व्यवस्थापन (स्थायी/अस्थायी) कार्यक्रम
४.४.१५ मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण सहयोग कार्यक्रम
४.४.१६ बजेट व्यवस्थापन

## भाग-५: उपलब्धि, अनुगमन तथा समन्वय

५.१ प्राप्त हुने राजश्वको विवरण
५.२ कार्यक्रम कार्यान्वयनको उपलब्धि
५.३ रोजगारीका अवसर र गरिबी निवारणमा योगदान
५.४ अनुगमन कार्ययोजना
५.५ समन्वय योजना
५.६ कार्ययोजना संशोधन
५.७ प्रतिवेदन/जाहेरी
५.८ विविध

| नक्शाहरू | |
|---|---|
| **सि.नं.** | **विवरण** |
| १ | जिल्लाको राजनीतिक विभाजन सहितको डिभिजन वन कार्यालय र सव-डिभिजन वन कार्यालयहरूको कार्यक्षेत्र विभाजन गरिएको नक्शा (Location Map) |
| २ | वनक्षेत्र, कृषि क्षेत्र लगायतको भू-उपयोगको नक्शा (Landuse Map) |

| | |
|---|---|
| ३ | गैरकाष्ठ वन पैदावारहरूको उपलब्धता अनुसारको नक्सा (Map showing the Potential area of NTFPs ) |
| ४ | ईकोलोजिकल क्षेत्र अनुसारको वनको किसिम देखाईएको नक्सा |
| ५ | सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, साझेदारी वन, वन संरक्षण क्षेत्र, विशेष वन क्षेत्र, संरक्षित क्षेत्र, निजी वन आदि देखाईएको नक्सा |
| ६ | वन अतिक्रमण भएको क्षेत्रको पुरानो तथा नयाँ क्षेत्रहरूको विवरण देख्न सकिने किसिमको नक्शा। वन क्षेत्रले ढाकेको र पछि परिवर्तन भएको क्षेत्रको पहिचान (Change detection) गरि तयार गरिएको विभिन्न चरणका नक्साहरू |
| ७ | वन तथा वन्यजन्तु चोरी निकासी हुने नाकाहरू रेखाङ्कन तथा लोकेशनहरूको जि.पि.एस. रेकर्ड गरिएको नक्सा |
| ८ | वन डढेलो जोखिम क्षेत्र छुट्ट्याएको नक्सा (Forest Fire Hazard Mapping) |
| ९ | अन्य आवश्यक नक्शाहरू: विशेष व्यवस्थापनको लागि जस्तै भू-क्षय जोखिम क्षेत्र, वन क्षयिकरण (Forest degradation), मानव-वन्यजन्तु द्वन्द्वग्रस्त क्षेत्रहरू। |
| १० | जिल्ला भित्रको प्रमुख खोला, नदीहरूको उद्‌गमदेखि जिल्ला स्थित अन्तिम निकासको स्थान समेत देखिने नक्साहरू |

| **अनुसूचीहरू** | |
|---|---|
| **सि.नं.** | **विवरण** |
| १ | वनको किसिम र प्रजाति अनुसारको पुनरुत्पादन सर्वेक्षणको विवरण |
| २ | जिल्ला भित्र रहेका अनुसन्धान तथा बीउ उत्पादनको लागि भएका प्लटहरू जस्तै बीउ वगैंचा (Seed orchard/Seed stand) आदिको स्थान क्षेत्रफल प्रजाति तथा हालसम्मका स्थिति विवरण |
| ३ | काठ दाउराको वर्तमान बिक्री सम्बन्धी विवरण |
| ४ | सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, साझेदारी वन, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, विशेष वन क्षेत्र, निजी तथा सार्वजनिक वन विकासको रूपमा व्यवस्थापन भएको वनहरूको क्षेत्रफल, हस्तान्तरण मिति, लाभान्वित घरधुरी संख्या आदिको विवरण |
| ५ | अन्य प्रयोजनका लागि भोगाधिकार/हक हस्तान्तरण भएको वन क्षेत्रहरूको विवरण |
| ६ | वन अतिक्रमण सम्बन्धी विस्तृत विवरण |
| ७ | वन तथा वन्यजन्तु सम्बन्धी अपराधहरूको विगतको ५ वर्ष सम्मको तथ्याङ्कलाई तुलना गरेको विवरण |
| ८ | जिल्लामा सुरु देखि हालसम्म भएको वृक्षारोपणको क्षेत्रफल हे. र वृक्षारोपणको अद्यावधिक स्थितिको विवरण |
| ९ | जिल्लामा भएका स्थायी/अस्थायी नर्सरीहरूको स्थान, क्षमता तथा अवस्था खुलेको विवरण |
| १० | जिल्लाबाट मूल्याङ्कन भई बिक्री वितरण भएको काठ दाउरा जडिबुटी ढुङ्गा गिट्टी बालुवा आदिको उत्पादन परिमाण तथा बिक्री भई आएको राजश्व परिमाणको सुरु देखि हालसम्मको अद्यावधिक तथ्याङ्क |
| ११ | जिल्लामा संचालित आयोजना, योजनाहरू सञ्चालन भएको अवधि तथा मुख्य उपलब्धिहरू |

| | |
|---|---|
| १२ | अन्य विशेष विवरणहरू जस्तै विशेष रूख प्रजातिका विवरणहरू, कर्तव्यको सिलसिलामा ज्यान गुमाएका कर्मचारीहरूको विस्तृत विवरण, वन डढेलो तथा मानव वन्यजन्तु द्वन्द्वबाट भएको जनधनको क्षतिको विवरण आदि। |

अन्य आवश्यक विषयहरू

## अनुसूची-३
## (नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

### वन संवर्धन प्रणाली

१. **छत्र प्रणाली** (Shelterwood system)

२. **छनौट प्रणाली** (Selection system)

३. **सरपट कटान प्रणाली** (Clear felling system)

४. **रूख सहितको मुना प्रणाली** (Coppice with standards system)

५. **युनिफर्म छत्र प्रणाली/बीउ रूख प्रणाली** (Uniform shelterwood system/seed tree method)

६. **सुधार कटान** (Improvement felling)

**दृष्टव्यः**

(१) माथि उल्लिखित वन संवर्धन प्रणालीहरू मूल प्रणालीहरू हुन्। यी मूल प्रणाली अन्तर्गतका उपप्रणाली समेत वन संवर्धन प्रणालीका अंग मानिनेछन्।

## अनुसूची-४

## (नियम ५ को उपनियम (३) सँग सम्बन्धित)

## वन संवर्धन प्रणालीमा आधारित वन कार्ययोजनामा समावेश हुनुपर्ने विषय

कबुलियतनामा

वन कार्ययोजना स्वीकृति

सारांश तालिका

प्रस्तावना

**परिच्छेद-१ प्रारम्भिक**

१.१ संक्षिप्त नाम र प्रारम्भ

१.२ परिभाषा

**परिच्छेद-२ वनको सामान्य जानकारी**

२.१ ऐतिहासिक पृष्ठभूमि

२.२ अघिल्लो कार्ययोजनाको समिक्षा

२.३ भौगोलिक स्थिति र पहुँच

२.३.१ अक्षांश र देशान्तर

२.३.२ भिरालोपन

२.३.३ वनको सिमाना तथा अवस्थिति

२.३.४ भू-बनौट तथा माटो

२.४ हावापानी, नदीनाला, ताल तथा खोलाको विवरण

२.५ क्षेत्रफल

२.६ वनको किसिम, मुख्य वनस्पति तथा वन्यजन्तुको स्थिति

२.७ समूहमा आबद्ध घरधुरी, आर्थिक तथा सामाजिक अवस्था (समुदायमा आधारित वनको हकमा)

**परिच्छेद-३ वन पैदावारको माग र आपूर्तिको अवस्था**

३.१ वन पैदावारको माग र आपूर्तिको आकँलन बिधि

३.२ वन पैदावारको माग र आपूर्ति अवस्था र वैकल्पिक उपायहरू

**परिच्छेद-४ वन स्रोत सर्वेक्षण, विश्लेषण र नतिजा**

४.१ वन स्रोत सर्वेक्षणका लागि खण्ड, उपखण्ड वा कम्पाटमेन्ट, सव-कर्म्पाटमेन्ट विभाजन र सो का आधारहरू

४.२ वन स्रोत सर्वेक्षण मापन विधि

४.३ वनको अवस्था (खण्ड वा सव-कम्पाटमेन्ट अनुसार रूख, पोल, लाथ्रा र बिरूवाको प्रति हेक्टर प्रजातिगत मौज्दात, समग्र वनको प्रजातिगत प्रति हेक्टर मौज्दात)

४.४ वार्षिक रुपमा रूख र पोलबाट उत्पादन हुने काठ दाउराको परिमाणको आकँलन (औसत वृद्धिदरको आधारमा खण्ड वा सव-कम्पार्टमेन्ट अनुसार **र** समग्र वनको प्रजातिगत काठ तथा दाउरा र थिनिङ कार्यबाट उत्पादन गर्न सकिने पोल तथा लाथ्राको संख्यात्मक विवरण)

४.५ वार्षिक रूपमा उत्पादन हुने घाँस, स्याउला, पतकर र गैरकाष्ठ वन पैदावारको आकँलन

**परिच्छेद-५ वन व्यवस्थापन योजना**

५.१ वन व्यवस्थापनका उद्देश्यहरू

५.२ वन संवर्धन प्रणाली छनौट र आधारहरू

५.३ बाली चक्र, पुनरूत्पादन र कटान चक्र अवधि (आवश्यकतानुसार)

५.४ वार्षिक स्वीकार्य कटान परिमाण नियमन विधि (**Yield Regulation Method**)

वार्षिक रूपमा संकलन गर्न सकिने समग्र वनको अनुमानित परिमाणलाई वनको खण्ड वा सव-कम्पार्टमेन्टको अवस्था हेरी योजना अवधिको लागि वर्ष अनुसारको कटान व्यवस्थापन गर्न सकिने क्षेत्र किटान र संवर्धन क्रियाकलापको छनौट गरि वन पैदावार संकलन चक्र निर्धारण।

५.५ वन संवर्धन क्रियाकलापहरूको योजना (खण्ड, उप खण्ड वा कम्पाटमेन्ट, सव-कम्पाटमेन्ट वा वार्षिक कार्य क्षेत्र अनुसार योजना अवधिभरको लागि के काम, कति परिमाण, कहिले, कसरी)

५.५.१ छनौट कटान वा पुनरुत्पादन कटान (आवश्यकता अनुसार पुनरुत्पादन तयारी कटान)

५.५.२ थिनिङ कार्य

५.५.३ झाडी सफाई, सुधार कटान र हाँगा छटनी कार्य

५.५.४ पुनरुत्पादन अभिवृद्धि कार्यक्रम

५.५.५ कटान पश्चातको सरसफाई र व्यवस्थापन कार्य

५.५.६ मुना व्यवस्थापन कार्य

५.५.७ ढलापडा रूखहरू सङ्कलन

**५.६ वन विकास तथा अन्य व्यवस्थापनका कार्यहरू**

५.६.१ नर्सरी तथा विरूवा उत्पादन

५.६.२ वृक्षारोपण (Afforestation), पुनःरोपण (Reforestation), अभिवृद्धि रोपण (Enrichment Plantation) र वन क्षेत्रको खाली जग्गामा वृक्षारोपण (Gap Plantation)

५.६.३ पानीका मुहान, पोखरी निर्माण सिमसार, जलाधार संरक्षण तथा भू-क्षय नियन्त्रण

५.६.४ खहरे तथा पानी निकास व्यवस्थापन

५.६.५ अग्निरेखा निर्माण, मर्मत संभार र स्तरोन्नति (आवश्यकतानुसार अग्निरेखामा स्टोन पिचिङ, काठे पुल निर्माण, ह्युम पाइप राख्ने, लुज स्टोन चेकड्याम आदि)

५.६.६ जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपायहरू

५.६.७ मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन

५.६.८ घाटगद्दी व्यवस्थापन

५.७ **गैरकाष्ठ वन पैदावारको व्यवस्थापन**

५.७.१ वनमा रहेका गैर काष्ठ वन पैदावारको विवरण

५.७.२ गैर काष्ठ वन पैदावारको संरक्षण संवर्धन कार्य

५.७.३ गैर काष्ठ वन पैदावारको बिक्री वितरण

५.८ योजना अवधि समाप्तिपछिको वनको अवस्थाको प्रक्षेपण

## परिच्छेद-६ वन तथा जैविक विविधताको संरक्षण

६.१ जैविक विविधताको अवस्था

६.२ वनको संरक्षण

६.३ वन पैदावारको चोरी निकासी र वन्यजन्तु शिकारी नियन्त्रण
६.४ जैविक विविधता संरक्षण
६.५ आगलागीबाट संरक्षण
६.६ चरिचरण व्यवस्थापन
६.७ बासस्थान (घाँसेमैदान र सिमसार) व्यवस्थापन
६.७ वन अतिक्रमण नियन्त्रण
६.८ रोगकिरा तथा मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन

**परिच्छेद-७ वन पैदावार सङ्कलन तथा सदुपयोग**

७.१ वन पैदावार सङ्कलन विधि, प्रक्रिया र समय तालिका
७.२ वन पैदावारको मूल्य निर्धारण
७.३ घाटगद्दीबाट वन पैदावार विक्री वितरण र नियन्त्रण तरिका
७.४ आकस्मिक कार्यको लागि वन पैदावार आपूर्ति
७.५ विकास निर्माण तथा संघ संस्थाको लागि काठ दाउराको आपूर्ति
७.६ समूह बाहिर काठ दाउरा बिक्री वितरण व्यवस्था

**परिच्छेद ८ गरिबी न्यूनीकरण र आयमूलक कार्यक्रम**

**परिच्छेद ९ सामुदायिक तथा संस्थागत विकासका कार्यक्रम**

**परिच्छेद १० निषेधित कार्य तथा दण्ड जरिवाना सम्बन्धी व्यवस्था**

१०.१ वनमा निषेधित कार्यहरू
१०.२ दण्ड जरिवाना सम्बन्धी व्यवस्था
१०.३ पुरस्कार सम्बन्धी व्यवस्था

**परिच्छेद-११ कार्यालय सञ्चालन, कोष व्यवस्थापन र वित्तीय विश्लेषण**

११.१ कोषको श्रोत
११.२ कोषको व्यवस्थापन
११.३ खाता सञ्चालन प्रक्रिया
११.४ व्यवस्थापन कार्ययोजना अवधि भर वार्षिक अनुमानित आम्दानी
११.५ व्यवस्थापन कार्ययोजना अवधिको लागि वार्षिक क्रियाकलाप तथा बजेट अनुमान
११.६ वित्तिय विश्लेषणको अवस्था (११.४ र ११.५ को आधारमा)
११.७ लेखा परीक्षण तथा सार्वजनिक सुनुवाई

**परिच्छेद-१२ अनुगमन तथा मूल्याङ्कन**

**परिच्छेद-१३ विविध**

१३.१ बैठक र साधारण सभा
१३.२ वन फिर्ता हुने अवस्था
१३.३ मन्त्रालय, निर्देशनालय, कार्यालयको निर्देशन तथा परिपत्र
१३.४ कार्ययोजना संशोधन तथा पुनरावलोकन
१३.५ विपन्न वर्गका लागि कबुलियतनामा गरी वन क्षेत्र उपलब्ध गराउन सकिने
१३.६ टाँचाको नमूना
१३.७ पर्यापर्यटन
१३.८ समन्वय

१३.९ पूरक कार्ययोजना

१३.१० वार्षिक प्रतिवेदन

**अनुसूचीहरू**

१. नक्साहरू

(क) वनको अवस्थिति (गुगल अर्थमा)

(ख) वनको वस्तुस्थिति देखाइएको नक्सा

(ग) खण्ड, उपखण्ड वा कम्पार्टमेन्ट र सव-कम्पार्टमेन्ट छुट्याउने नक्सा

(घ) नमूना प्लट देखाईएको नक्सा

(ङ) वन संवर्धनका क्रियाकलाप देखाइएको नक्सा

२. वनको सिमाना सर्वेक्षण र खण्ड विभाजनको कोअर्डिनेट (फिल्डबुक)

३. नमुना प्लटको कोअर्डिनेट

४. वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन फारामको ढाँचा

५. वन स्रोत जानकारी विश्लेषण फाराम

**अनुसूची-५**

**(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)**

**<u>अध्ययन अनुसन्धान अनुमतिको लागि पेस गर्नुपर्ने निवेदनको ढाँचा</u>**

मितिः .. .. .. .. .. ..

**विषयः** <u>अध्ययन अनुसन्धान अनुमति पाउँ</u>।

श्री डिभिजनल वन अधिकृत,
डिभिजन वन कार्यालय
....................।

प्रस्तुत विषयमा मलाई निम्नानुसार अध्ययन अनुसन्धान अनुमति प्रदान गरिदिनुहुन अनुरोध गर्दछु।

<table>
<tr><td>अध्ययन अनुसन्धान गर्ने व्यक्ति वा संस्थाको</td><td colspan="2">पहिलो</td><td colspan="2">वीचको</td><td>थर</td></tr>
<tr><td>नाम</td><td colspan="2"></td><td colspan="2"></td><td></td></tr>
<tr><td>ठेगाना</td><td colspan="2">स्थायीः<br>अस्थायीः</td><td colspan="2">ईमेलः</td><td>फोनः</td></tr>
<tr><td rowspan="2">आवद्ध संस्था</td><td colspan="3">नाम</td><td colspan="2">ठेगाना</td></tr>
<tr><td colspan="3"></td><td colspan="2"></td></tr>
<tr><td>पद</td><td colspan="5"></td></tr>
<tr><td>तह</td><td colspan="3">व्यक्तिगतः स्नातक तह स्नातकोत्तर तह पि.एच. डी वा अन्य .. .. ..</td><td colspan="2">संस्थागतः राष्ट्रिय/अन्तरराष्ट्रिय</td></tr>
<tr><td>शिर्षक</td><td colspan="5"></td></tr>
<tr><td>अध्ययन अनुसन्धानको क्षेत्र</td><td colspan="5"></td></tr>
<tr><td rowspan="2">अध्ययन अनुसन्धानको विधि</td><td rowspan="2"></td><td colspan="2">नमूना संकलन</td><td colspan="2">नमुनाको परीक्षण</td></tr>
<tr><td>गर्ने</td><td>नगर्ने</td><td>नेपालमा</td><td>विदेशमा</td></tr>
<tr><td>समयावधि</td><td colspan="5">मिति .. .. .. .. .. .. .. देखि .. .. .. .. .. .. .. .. सम्म</td></tr>
<tr><td>संलग्न कागजातहरू</td><td colspan="5">१. निवेदन पाना .. .. .. ..<br>२. अध्ययन अनुसन्धान प्रस्ताव पाना .. .. .. ..<br>३. आवद्ध संस्थाको सिफारिस पत्र पाना .. ..<br>४. पासपोर्टको प्रतिलिपी पाना .. .. .. .. (विदेशी अनसन्धानकर्ताको हकमा मात्र)</td></tr>
</table>

.. .. .. .. .. .. .. ..
निवेदक

## अनुसूची-६
## (नियम ६ को उपनियम (१) सँग सम्बन्धित)
## अध्ययन अनुसन्धाका लागि पेस गर्ने प्रस्तावमा समावेश गर्नुपर्ने विषय

१. परिचय
२. अध्ययन अनुसन्धान गर्ने संस्थाको परिचय र विवरण
३. अध्ययन गर्न चाहेको विषयवस्तु र क्षेत्र
४. अध्ययनका लागि आवश्यक पर्ने स्थान र वनक्षेत्रको विवरण
५. अध्ययनको उद्देश्य
६. अध्ययन विधि
७. अध्ययनमा संलग्न मानवीय स्रोतको विवरण
८. अध्ययनमा प्रयोग हुने प्रविधि
९. अध्ययनबाट हुने फाइदा र उपलब्धि
१०. अध्ययनको नतिजाको स्वामित्व
११. अध्ययन प्रतिवेदन प्रकाशन र प्रतिलिपि अधिकार
१२. अध्ययन अनुसन्धानमा हुन सक्ने जोखिम र सोको सम्बोधनका उपाय
१३. अध्ययन अनुसन्धानको अनुगमन तथा मूल्याङ्कन
१४. अध्ययन अनुसन्धान क्षेत्रको सुरक्षा व्यवस्था
१५. अध्ययन अनुसन्धान पश्चात वनक्षेत्रको संरक्षण र व्यवस्थापन

## अनुसूची-७

### (नियम ६ को उपनियम (३) सँग सम्बन्धित)

**वन, वनस्पति तथा वन्यजन्तुका लागि अध्ययन, अनुसन्धान र नमूना सङ्कलन गर्न लाग्ने वार्षिक दस्तुर**

क) वन क्षेत्रमा अध्ययन अनुसन्धान (Non-Destructive)

स्नातक तहको लागि १००० रुपैयाँ

स्नातकोत्तर तहको लागि २००० रुपैयाँ

विद्यावारिधि तहको लागि ५००० रुपैयाँ

स्वदेशी अध्ययन आयोजनाका लागि १०००० रुपैयाँ

विदेशी अनुसन्धानकर्ताको लागि २०००० रुपैयाँ

ख) वनस्पति (Destructive)

वनस्पतिको भाग

-पात प्रति किलो १५ रुपैयाँ

-डाठ प्रति किलो ३० रुपैयाँ

-जरा प्रति किलो ६० रुपैयाँ

वनस्पतिको पूरैभाग

-३ फिट सम्मको वनस्पति प्रति गोटा ३५ रुपैयाँ

-३ फिट भन्दा बढी ७ फिट सम्मको वनस्पति प्रति गोटा १५० रुपैयाँ

-७ फिट भन्दा बढी उचाईको वनस्पति प्रति गोटा ७५० रुपैयाँ

ग) वन्यजन्तु

रगत-१० मिलिलिटर सम्म २०० रुपैयाँ

रौं- ५ ग्राम सम्म २०० रुपैयाँ

पिसाव- १०० रुपैयाँ

दिसा- ५० रुपैयाँ

सिँङ- पूरै २५०० रुपैयाँ

सिँङ- नमूना १०० ग्राम सम्म ५०० रुपैयाँ

दात/वंगारा/हड्डी/छाला-प्रति गोटा १००० रुपैयाँ

मासु- १ किलो सम्म २००० रुपैयाँ

सिङ्गै वन्यजन्तु- मन्त्रालयको निर्णय अनुसार

नोटः मन्त्रालय वा अन्तर्गतका निकायहरूको हकमा कुनै शुल्क लाग्ने छैन। सचिवले आवश्यक ठानेका अध्ययन अनुसन्धानको लागि पुरै वा आँशिक रुपमा शुल्क छुट दिन सक्नेछ। सिंह, दात/वंगारा/हड्डी/छाला र मासु मृत वन्यजन्तु वा बरामद आखेटोपहारबाट मात्र उपलब्ध गराउनु पर्नेछ।

**अनुसूची-८**
**(नियम ६ को उपनियम (३) सँग सम्बन्धित)**

**<u>अध्ययन अनुसन्धान अनुमति पत्रको ढाँचा</u>**

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
(.. .. .. .. .. .. .. महाशाखा)
पोखरा, नेपाल

मितिः .. .. .. .. .. ..

विषयः <u>अध्ययन अनुसन्धान अनुमति सम्बन्धमा</u>।

श्री .. .. .. .. .. .. .. .. .. .. .. .. .. ..
.. .. .. .. .. .. .. .. .. .. .. .. .. ..

प्रस्तुत विषयमा गण्डकी प्रदेश सरकार (सचिवस्तर) को मिति .. .. .. .. .. .. .. .. .. को निर्णयानुसार त्यस कार्यालयको क्षेत्रमा निम्नानुसार अध्ययन अनुसन्धान अनुमति प्रदान गरिएको छ।

<table>
<tr><td rowspan="2">अध्ययन अनुसन्धान गर्ने व्यक्ति वा संस्थाको नाम</td><td colspan="2">पहिलो</td><td colspan="2">वीचको</td><td colspan="2">थर</td></tr>
<tr><td colspan="2"></td><td colspan="2"></td><td colspan="2"></td></tr>
<tr><td>ठेगाना</td><td colspan="2">स्थायीः<br>अस्थायीः</td><td colspan="2">ईमेलः</td><td colspan="2">फोनः</td></tr>
<tr><td rowspan="2">आवद्ध संस्था</td><td colspan="3">नाम</td><td colspan="3">ठेगाना</td></tr>
<tr><td colspan="3"></td><td colspan="3"></td></tr>
<tr><td>पद</td><td colspan="6"></td></tr>
<tr><td>तह</td><td colspan="3">व्यक्तिगतः स्नातक तह स्नातकोत्तर तह पि.एच. डी वा अन्य .. .. ..</td><td colspan="3">संस्थागतः राष्ट्रिय/अन्तरराष्ट्रिय</td></tr>
<tr><td>शिर्षक</td><td colspan="6"></td></tr>
<tr><td>अध्ययन अनुसन्धानको क्षेत्र</td><td colspan="6"></td></tr>
<tr><td rowspan="2">अध्ययन अनुसन्धानको विधि</td><td rowspan="2"></td><td colspan="2">नमूना संकलन</td><td colspan="3">नमुनाको परीक्षण</td></tr>
<tr><td>गर्ने</td><td>नगर्ने</td><td colspan="2">नेपालमा</td><td>विदेशमा</td></tr>
<tr><td>समयावधि</td><td colspan="6">मिति .. .. .. .. .. .. .. .. देखि .. .. .. .. .. .. .. .. सम्म</td></tr>
<tr><td>अध्ययन अनुसन्धानका शर्तहरू</td><td colspan="6">१. अनुसन्धानकर्ताले प्रचलित वन ऐन, २०७६, वन नियमावली २०७९, गण्डकी प्रदेश वन ऐन, २०८०, गण्डकी प्रदेश वन नियमावली, २०८०, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा प्रचलित कानूनको पूर्ण पालना गर्नु पर्नेछ।<br>२. अनुसन्धानकर्ताले मन्त्रालय र सम्बन्धित वन कार्यालयसँग समन्वय गरी कार्य गर्नु पर्नेछ।<br>३. अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानको प्रस्ताव सम्वन्धित वन कार्यालय समेतमा पेस गर्नु पर्नेछ।</td></tr>
</table>

| | |
|---|---|
| | ४. अनुसन्धानकर्ताले अनुसन्धान समाप्त भएपछि एक प्रति कागजी प्रतिवेदन र एक प्रति विद्युतीय प्रतिवेदन मन्त्रालय र संम्बन्धित वन कार्यालयमा बुझाउनु पर्नेछ।<br>५. अनुसन्धानकर्ताले नतिजाहरू प्रकाशित गर्दा अनुसन्धानमा संलग्न कर्मचारीको योगदानको आधारमा सह लेखकको रुपमा समावेश गराउनु पर्नेछ।<br>६. संकलित नमुना नेपाल सरकारको पूर्व स्वीकृति नलिई विदेश लैजान पाइने छैन। |

.. .. .. .. .. .. .. ..
(महाशाखा/शाखा प्रमुख)

**बोधार्थः**

श्री .. .. .. .. .. .. .. ..  (सम्बन्धित निकाय वा सिफारिस निकाय)

श्री .. .. .. .. .. .. .. ..  (सम्बन्धित अध्ययन अनुसन्धानकर्ता) : उल्लेखित शर्त अनुसार सम्बन्धी निकायसँग समन्वय गरी अध्ययन अनुसन्धान गर्नु हुन अनुरोध छ।

## अनुसूची-९

### (नियम ७ को उपनियम (१) र नियम २८ को उपनियम (४) सँग सम्बन्धित)

### वनक्षेत्रमा सञ्चालन गर्न सकिने वन उद्यम तथा पर्यापर्यटन सम्बन्धी क्रियाकलापहरू

(क) सामुदायिक वनभित्र वा आसपासका ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्वका मठ, मन्दिर, चैत्य, गुम्बा, गुफा, झरना, सिमसार लगायतका सम्पदाहरूको संरक्षण, व्यवस्थापन र विकासमा टेवा पुग्ने गरी पदयात्रा, वन विहार, पौडी पोखरी, जलविहार जस्ता कार्यहरू सञ्चालन गर्न,

(ख) प्राकृतिक सौन्दर्य, भू-दृष्य एवं वन्यजन्तु अवलोकनको लागि मचान निर्माण र सञ्चालन,

(ग) सामुदायिक वनमा पाइने काष्ठ, गैह्रकाष्ठ वनस्पति प्रजाति र वन्यजन्तु लगायत जैविक विविधता संरक्षण सम्बन्धी सूचना केन्द्र (Information Center) स्थापना र सञ्चालन,

(घ) असहाय, उद्दार गरिएका र मुद्दाको रोहमा प्राप्त भएका वन्यजन्तु संग्रह, पालन तथा मिनी चिडियाखाना स्थापना र व्यवस्थापन,

(ङ) जंगली पुष्प बगैंचा, जैविक विविधता पार्क, इको-बाल उद्यान आदि सञ्चालन गर्न,

(च) न्यूनतम क्षेत्रफल (समग्र वनको क्षेत्रफलको दश प्रतिशत वा पाँच हेक्टरमा जुन न्यून हुन्छ सोही) मा नबढ्ने गरी स्थाई भौतिक संरचना (पाहुना घर, पक्की शौचालय, रेष्टुरेण्ट, गिफ्ट सप, चौकिदार तथा टिकट काउण्टरको लागि घर, जनावरको आश्रयस्थल आदि) निर्माण गर्न,

(छ) बाँस, बेत, खर-खडाई, अल्लो, लोक्ता आदि स्थानीय सामग्री र प्रविधि प्रयोग गरी तोकिएको स्थानमा कटेज, प्रतिक्षालय, गोलघर, आराम स्थल, अस्थाई पसल तथा रेष्टुरेन्ट, उद्यमी घर आदि निर्माण गरी सञ्चालन गर्न,

(ज) वातावरण मैत्री हरित पूर्वाधारहरू (ढुङ्गा माटोको गोरेटो, पदमार्ग, हाईकिङ्ग रुट, वाकिङ्ग रुट, साइकलिङ्ग रुट, आराम बेञ्च तथा कुर्चिहरू, डस्टबिन, इको गार्डेन, दुबोको हरियाली चौर, टेण्टेड क्याम्प, पिकनिक स्पटको व्यवस्थापन,

(झ) पर्यापर्यटनको लागि सामुदायिक वनको जग्गा प्रयोग गरे वापत कबुलियती वनमा नेपाल सरकारले लिने न्यूनतम कबुलियती दस्तुरलाई आधारमानी प्रस्ताव आव्हान गर्नुपर्ने,

(ञ) समूहको दैनिक क्रियाकलाप सञ्चालन गर्न असुविधा नहुने गरी सुरक्षाको लागि चार किल्ला घेर्न वा तारवार लगाउन,

(ट) एलिफेन्ट सफारी, हर्स राइडिङ्ग, बर्ड वाचिङ्ग, बटरफ्लाई वाचिङ, फिसिङ, भिडियोग्राफी, साइक्लिङ, फोटो टुर, क्यानोपि वाक, हाइरोप, क्यानोपी ट्रि निर्माण आदि सञ्चालन गर्न।

**द्रष्टब्यः** स्वीकृत कार्यायोजनामा पर्यापर्यटन व्यवस्थाको लागि गर्न सकिने भनी उल्लेख भएका कार्यहरू बाहेक प्रचिलत कानूनले वनमा निषेध गरेका कार्यहरू गर्न पाईने छैन।

## अनुसूची-१०
## (नियम ८ को उपनियम (२) सँग सम्बन्धित)

**नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको चेक लिष्ट**

| क्र.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषयहरू अनुसारको व्यवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खनन्को लागि तोकेका क्षेत्रहरू परिवर्तन भएको | | |
| ३ | ढुङ्गा, गिट्टी, वालुवा गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता | | |
| ५ | नदीले वहाव परिवर्तन गरेको | | |
| ६ | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याए अनुसार सङ्कलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ७ | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ८ | उत्खनन् गरिने परीमाण, चारकिल्ला रेखांकन सहितको नाप नक्सा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| ९ | अन्य | | |

नोट:वातावरणीय अध्ययन प्रतिवेदनसँग आवद्ध यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नुपर्नेछ।

**अनुसूची-११**

**(नियम ८ को उपनियम (२) सँग सम्बन्धित)**

**<u>नदीजन्य पदार्थको बिक्रीको ठेक्का बन्दोबस्तको बोलपत्र आव्हान सम्बन्धी सूचनाको ढाँचा</u>**

गण्डकी प्रदेश सरकार

............................................ मन्त्रालय

निर्देशनालय

डिभिजन वन कार्यालय..........

(प्रथम पटक प्रकाशित मितिः................।

गण्डकी प्रदेश वन ऐन, २०८०, को दफा .... तथा गण्डकी प्रदेश वन नियमावली, २०८० को नियम .... बमोजिम तपशिलमा उल्लिखित वनक्षेत्र भित्रको नदीजन्य पदार्थ उत्खनन् गरी मन्त्रालयले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

<u>तपसिलः</u>

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्र को नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

शर्तहरुः

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा ................ बैंक शाखा कार्यालय ...... मा रहेको यस कार्यालयको खाता नं. ................. मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेस गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ..... औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। साथै विद्युतीय माध्यमबाट बोलपत्र पेस गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयमा वा यस कार्यालयको माथि उल्लेखित बैंक खाता नं. मा जम्मा गरेको भौचरलाई वोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेस गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको ............. प्रतिशतको दरले

हुन आउने धरौटी रकम यस कार्यालयको ................ मा रहेको धरौटी खाता नं. ............ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा ............ बैंकबाट इजाजत प्राप्त बैंकबाट ............. यस कार्यालयको नाममा बोलपत्र नं. ..... र नाम उल्लेख गरी .......... दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेस गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, वोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले........ औं दिन दिनको ........... बजे भित्र यस कार्यालयमा हार्डकपी वा www.bolpatra.gov.np मा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेस गर्ने अन्तिम दिनको........ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी, वोलपत्र दर्ता गर्ने फर्म वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-विड बैठक यो सूचना प्रकाशित मितिले .............. औं दिन दिनको ......... बजे ................................ कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नेछन्। उक्त दिन बिदा परेमा उक्त बैठक बिदाको लगत्तैपछि कार्यालय खुलेको दिनको सोही समयमा हुनेछ।

६. वोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेस हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले ........ दिनभित्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको शत प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप ..... प्रतिशत मूल्य अभिवृद्धि कर रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। प्रचलित कानून बमोजिम नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ। नदीजन्य पदार्थको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सम्बन्धमा गण्डकी प्रदेश वन ऐन, २०८०, गण्डकी प्रदेश वन नियमावली, २०८० तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website..................... मा समेत हेर्न सकिनेछ।)

## अनुसूची-१२

### (नियम ८ को उपनियम (३) सँग सम्बन्धित)

### <u>ठेक्का सम्झौता फारामको ढाँचा</u>

लिखितम.............. नाती ........................... छोरा .......................जिल्ला................ गाउँपालिका वा नगरपालिका वडा नं. ................... स्थायी घर भई हाल................... गाउँपालिका वा नगरपालिका वडा नं. ......... मा बसोबास गर्दै आएको वर्ष............को............ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा.............. ठेक्का बन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति............... को ठेक्का नं. ................. को सूचना बमोजिम नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्री वितरणका लागि तपाईं समेतले पेस गर्नु भएको बोलपत्र मूल्याङ्कन गर्दा आर्थिक वर्ष ............. का लागि .............. रु.............(मूल्य अभिवृद्धि कर बाहेक) मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति .............. मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा............. कार्यालयको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु। तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति ........... मा यस कार्यालयलाई रकम एकमुष्ट रु.............. (मूल्य अभिवृद्धि कर बाहेक) बुझाई मिति................. देखि मिति ..................सम्म आर्थिक वर्ष ............... को लागि ठेक्का चलाउनेछु। पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसीसँग रकम चलनको कबुलियत लेखी यस कार्यालयमा बुझाएको छु।

<u>तपसिलः</u>

(१) यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आर्थिक वर्ष ........... का लागि रकम एकमुष्ट रु. ...........(मूल्य अभिवृद्धि कर बाहेक) बुझाई मिति ........... देखि ........ सम्मको लागि प्रचलित कानूनको अधीनमा रही .............. सङ्कलन गर्नेछु।

(२) उक्त सङ्कलन कार्य गर्नका लागि वनक्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य, सेवा शुल्क वा दस्तुरको रुपमा सो सङ्कलन गर्ने गरी कार्यालयलाई ................ लाई अग्रिम एकमुष्ट रकम बुझाएको छु।

(३) सो आय सङ्कलन गर्न कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क, दस्तुर इत्यादि थप गरी लिने छैन र .................. कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसीदहरू प्रयोग गरी आय सङ्कलन गर्ने छैन। मन्त्रालय, निर्देशनालय वा कार्यालयबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही र सजाय भएमा मलाई मजुर छ।

नदीजन्य पदार्थहरू उत्खनन्, सङ्कलन र बिक्री वितरण गर्ने शर्तहरुः

(१) साधारण निर्माणमुखी नदीजन्य पदार्थहरू घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ।

(२) साधरण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरू पालना भए नभएको सम्बन्धमा मन्त्रालय, निर्देशनालय तथा कार्यालयले

अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। उक्त निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ।

(३) ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लिखित परीमाणको आधारमा बिक्री शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप ............ मू.अ.कर रकम समेत गरी एकमुष्ट वा ....... किस्तामा ...... प्रतिशतका दरले ......... मसान्त भित्र र ......... महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्नेछ।

(४) उल्लिखित नदीजन्य पदार्थकोको उत्खनन क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा गण्डकी प्रदेश वन ऐन, २०८०, गण्डकी प्रदेश वन नियमावली, २०८० तथा अन्य प्रचलित कानून, नदीजन्य निर्माण सामग्रीहरूको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन्।

(५) यस ठेक्का सम्झौतामा उल्लेखित क्षेत्र बाहेक नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्री वितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुञ्ज र नेपाल सरकारले निषेध गरेको स्थानहरूबाट गर्न पाईनेछैन।

(६) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ। सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन।

(७) शुल्क उठाउने रसीदहरू ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ।

(८) बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरू सहितको होर्डिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देखिनेगरी राख्नु पर्नेछ।

(९) ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ।

(१०) तोकिएको म्याद भित्र ठेकेदारले कार्यालयलाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा .......... कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको ......... प्रतिशतका दरले व्याज समेत ठेकेदारबाट कार्यालयले असुल गर्नेछ।

(११) कार्यालयले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः स्थानीय तहबाट कर लगाउन पाइने छैन।

(१२) प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ।

(१३) ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राखु पर्नेछ। तोकिएको स्थान वाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा यस कार्यालयको पूर्व स्विकृति लिएर मात्र राखु पर्नेछ।

सङ्कलन केन्द्र राख्ने स्थान

| क्र.सं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राखे स्थान | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

(१४) आ.व. ...............को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट बिक्री दर रु....... मा मू.अ.कर बापत.......................... प्रतिशत थप गरी निम्न अनुसार बिक्री मूल्य वा शुल्क सङ्कलन गर्न पाइनेछ। साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परीमाण उत्खनन् भएको खण्डमा थप परीमाण उत्खनन् गर्न रोक लगाईनेछ।

(१५) उत्खनन्, सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात सम्झौता अवधिको अन्तमा शुन्य गर्नुपर्नेछ। कार्यालयले जफत गरी लिलाम बिक्री गर्नेछ।

(१६) साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ विक्री बापत यस कार्यालयलाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ।

(प्रति घन फिटमा)

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेकेदारले लिन पाउने बिक्री मूल्य वा शुल्क (..............%) | मू.अ.कर रकम(..............%) | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

(१७) सामान्य निर्माणमुखी नदीजन्य उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरूलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(१८) नदीबाट नदीजन्य पदार्थहरू उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन।

(१९) ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरू पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा डिभिजन वन कार्यालयबाट अनुगमन हुनेछ। यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जनुसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन।

(२०) साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरूलाई कम गर्ने प्रक्रियाहरू अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ।

(२१) साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ। सो वापत लागेको खर्च कार्यालयमा दाबी गर्न पाइने छैन।

(२२) उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ।

(२३) कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरू उत्खनन् गर्न पाईनेछैन।

(२४) मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए यस कार्यालयसँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ।

(२५) ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि ..... सम्म बिहान ...... बजे देखि बेलुका ........ बजेसम्म मात्र उत्खनन् एवं सङ्कलन समय अवधि हुनेछ।

(२६) साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरूको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ।

(२७) ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ।

(२८) उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरू जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ। नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन।

(२९) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरूले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरू ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा विक्री प्रवन्ध मिलाउनु पर्नेछ।

(३०) ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ। साथै कामदार तथा कर्मचारीहरूको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ।

(३१) स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरूको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री गर्नु पर्नेछ।

(३२) यस सम्बन्धमा कार्यालयले उपयुक्त देखि आवश्यक शर्तहरू तोक्न सक्नेछ र त्यस्ता शर्तसमेत पूर्ण पालना गर्नु पर्नेछ।

(३३) यसमा उल्लेख भएका कुराहरूमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची-१३

### (नियम ८ को उपनियम (३) सँग सम्बन्धित)

### <u>पट्टा फारामको ढाँचा</u>

डिभिजन वन कार्यालय, ............ बाट श्री .................. को नाती ................. को छोरा ...........जिल्ला.................... गा.पा. वा न.पा. वडा नं. ............ स्थायी घर भई हाल ................. गा.पा. वा न.पा. वडा नं. .............. मा वसोवास गर्दै आएको वर्ष ....................... को .................ले .............. कानून बमोजिम ............... डिभिजन वन कार्यालयको निमित्त तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस डिभिजन वन कार्यालय ............बाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व. ..............को लागि रु..............।-(मू.अ.कर बाहेक) अक्षरेपी......................... मात्रमा ठेक्का दिने गरी तपाईसँग ठेक्का बन्दोवस्त गर्न मिति ............................मा यस डिभिजन वन कार्यालयबाट भएको निर्णय अनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कबुलियत गरिदिनु भएको हुँदा कबुलियत बमोजिम घटी वढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र डिभिजन वन कार्यालय, ............लाई सम्पूर्ण किस्ताको रकम रु............।- वा प्रथम किस्ता बापतको रकम रु.......।- बुझाई मिति............. देखि मिति................सम्म आ.व........ को लागि देहाय बमोजिमका स्रोतहरूवाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला। तपाईले गरी दिनुभएको सम्झौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसवाट यस कार्यालयलाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ। पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस कार्यालयबाट ठेक्का चलानको पूर्जी गरिदिईएको छ।

<u>तपसिल:</u>

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. ......... को सम्पूर्ण रकम रु. ................. (अक्षरुपी ......................... मात्र) बुझाई............. साल...................गते देखि............ साल.................... सम्मलाई प्रचलित कानूनको अधिनमा रही कार्यालयको आय सङ्कलन गर्ने।

(२) उक्त आय सङ्कलन गर्नका निमित्त तोकिएको वन क्षेत्रभित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछु। यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नेछु।

(३) सो आय सङ्कलन गर्न डिभिजन वन कार्यालय, ............बाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसीदहरू प्रयोग गरी आय सङ्कलन गरिने छैन। यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही र सजाय हुनेछ।

(४) अन्य कुराहरू तपाई र यस कार्यालय वीच भएको सम्झौता बमोजिम हुनेछ।

(५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ।

| क्र. सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | वालुवा (क्यू.फिट.) | ढुङ्गा (क्यू. फि.) | ग्राभेल / गिट्टी (क्यू. फि.) | सङ्कलन गर्ने स्थान |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-१४

## (नियम ९ को उपनियम (६) सँग सम्बन्धित)

**<u>दैनिक उत्खनन्, सङ्कलन तथा ढुवानीको अभिलेख</u>**

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदीको नामः-

उत्खनन् गरिएको नाका वा स्थानको नामः-

| क्र.सं. | उत्खनन, सङ्कलन तथा ढुवानीको | | उत्खनन्, सङ्कलन तथा ढुवानी कर्ता वा प्रतिनिधीको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | मिति | परिमाण | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |

## अनुसूची-१५

## (नियम १० को उपनियम (१) सँग सम्बन्धित)

**जडीबुटी खेती, प्रविधि विकास, विस्तार तथा उत्पादन गर्न सकिने प्रजातिहरू**

| क्र. स. | स्थानीय नाम | वैज्ञानिक नाम |
|---|---|---|
| १ | अतिस | *(Aconitum heterophyllum)* |
| २ | अमला | *(Phyllanthus emblica)* |
| ३ | ओखर | *(Juglans regia)* |
| ४ | कुटकी | *(Neopicrorhiza scrophulariflora)* |
| ५ | गुच्ची च्याउ | *(Morchella esculentea)* |
| ६ | गुर्जो | *(Tinospora cordifolia)* |
| ७ | चिराईतो | *(Swertia chirata)* |
| ८ | जंगली सयपत्री | *(Tagetes minuta)* |
| ९ | जटामसी | *(Nardostachys jatamansi)* |
| १० | झ्याउ | *(Lichen sps.)* |
| ११ | टिमुर | *(Zanthoxylum armatum)* |
| १२ | तेजपात/नेपाली दालचिनी | *(Cinnamomum tamala)* |
| १३ | धसिंगरे | *(Gaultheria fragrantissima)* |
| १४ | नीम | *(Azadirachta indica)* |
| १५ | पदमचाल | *(Rheum australe)* |
| १६ | पाषणभेद | *(Bergenia ciliata)* |
| १७ | पाँचऔंले | *(Dactylorhiza hatagirea)* |
| १८ | पिपला | *(Piper longum)* |
| १९ | बिष | *(Aconitum spicatum)* |
| २० | बोझो | *(Acorus calamus)* |
| २१ | भ्याकुर | *(Dioscorea deltoidei)* |
| २२ | मजिठो | *(Rubia majith)* |
| २३ | यार्सागुम्बा | *(Ophiocordyceps sinensis)* |
| २४ | रिट्ठा | *(Spaindus mukorssi)* |
| २५ | लघुपत्र | *(Podophyllum hexandrum)* |
| २६ | लौंठसल्ला | *(Taxus wallichina)* |
| २७ | सुगन्धकोकिला | *(Cinnamomum glaucescens)* |
| २८ | सुगन्धवाल | *(Valeriana jatamansi)* |
| २९ | सतावरी (कुरीलो) | *(Asparagus racemosus)* |
| ३० | सर्पगन्धा | *(Rauvolfia serpentina)* |

**अनुसूची-१६**

**(नियम १२ को उपनियम (२), नियम २५ को उपनियम (८) र नियम ७७ को उपनियम (३) सँग सम्बन्धित)**

**जडीबुटीको नाम र मूल्य दर**

| क्र.स. | नेपाली नाम | वैज्ञानिक नाम | मूल्य दर प्रति किलोग्राम (रु.) |
|---|---|---|---|
| (क) जरा तथा गानो जाति | | | |
| १ | अतिस | *Aconitum heterophylloides Acotinum heterophyllum/Delphinium himalayai* | १५।- |
| २ | अनन्तमूल | *Hemidesmus indicus* | १०।- |
| ३ | अश्वगन्धा | *Withania somnifera* | २५।— |
| ४ | असारेफूल/धोविनी | *Mussaenda spp.* | ८।- |
| ५ | आरडिक्स | *Rdix tinosporae* | १०।- |
| ६ | इन्द्रेणी | *Citrullus colocynthis/Trichosanthes wallichiana* | १०।- |
| ७ | उन | *Dryopteris cochleata, Huperzia javanica* | १०।- |
| ८ | ऐंसेलु | *Rubus ellipticus* | १५।— |
| ९ | कचुर | *Curcuma aromatica* | ५।- |
| १० | कपुरकचरी | *Hedychium spicatum* | २।- |
| ११ | काकोली/वन लसुन | *Fritillaria cirrhosa* | ५।- |
| १२ | कामराज, मयुरखुट्टे | *Helminthostachys zeylanica* | ६।- |
| १३ | कालो निगुरो | *Dryoathyrium boryanum* | २।- |
| १४ | कुकुरडाइनो | *Smilax spp.* | १०।- |
| १५ | कुकुरतरुल, वनतरुल, भ्याकुर | *Dioscorea spp.* | १५।- |
| १६ | कुचिला | *Strychnos nux-vomica* | ७।- |
| १७ | कुट्की | *Neopicrorhiza scrophulariiflora* | ४०।- |
| १८ | कुथ | *Saussurea costus* | ५।- |
| १९ | कुरिलो/सतावरी | *Asparagus spp.* | ५।- |
| २० | क्रेमास्तरा | *Cremastra appendiculata* | १०।- |
| २१ | खसखस/उशीर/भेटिभेर | *Chrysopogon zizanioides, Vetiveria zizanioides* | १०।- |
| २२ | खिरौले (मेदा)/खिरौला/सेतकचिनी | *Polygonatum spp.* | २५।— |
| २३ | गन्धाईनो | *Angelica glauca* | ५।— |

| | | | |
|---|---|---|---|
| २४ | गन्नाइनो | *Pleurospermum spp.* | ३।— |
| २५ | गुजरगानो/निमी लहरा | *Stephania spp.* | ७।- |
| २६ | गुर्जो/गुडुची/गुड्की | *Tinospora sinensis* | ५।- |
| २७ | गोकुलधुप | *Commiphora mukul* | ५।- |
| २८ | गोलकाँक्री | *Solena amplexicaulis* | ५।- |
| २९ | चुत्रो/दारुहल्दी | *Berberis spp.* | ८।- |
| ३० | जटामसी | *Nardostachys jatamansi* | ७५।- |
| ३१ | जमानेमान्द्रो | *Mahonia napaulensis* | ५।- |
| ३२ | जेठीमधु (येष्ठीमधु) | *Glycyrrhiza glabra* | १५।— |
| ३३ | जोरपाते बेली गानो | *Psammosilene tunicoides* | १५।— |
| ३४ | झुलो | *Gerbera macrophyla* | ५।- |
| ३५ | टुकीफूल | *Taraxacum spp.* | ५।- |
| ३६ | ठूलो/बुढो ओखती | *Astilbe rivularis* | ७।— |
| ३७ | डाइसोमा | *Dysosma versipellis* | १०।— |
| ३८ | नक्कली सतुवा | *Trillidium govanianum* | ४०।- |
| ३९ | नागरमोथे, मोथे | *Cyperus spp.* | ५।- |
| ४० | नारु | *Silene spp.* | ५।— |
| ४१ | निरमसी/निरबिषी | *Delphinium denudatum/Aconitum palmatum/Aconitum orochryseum* | ६०।- |
| ४२ | पदमचाल/अमलवेद | *Rheum austral, Rheum emodi* | १०।- |
| ४३ | पदमपुष्कर/निनाइजडि | *Iris decora* | ५।— |
| ४४ | पाखनवेद/पाषाणभेद | *Bergenia pacumbis/Bergenia ciliate* | ७।- |
| ४५ | पाँच औंले | *Dactylorhiza hatagirea* | ५००।- प्रतिगोटा। |
| ४६ | पिपला/पिपली | *Piper longum* | १०।- |
| ४७ | बज्रदन्ती | *Potentilla spp.* | ५।- |
| ४८ | बायजडि | *Hippolytia dolichophylla* | ५।— |
| ४९ | बोझो | *Acorus calamus* | ५।- |
| ५० | भूतकेश | *Selinum wallichianum* | ५।- |
| ५१ | ममिरा | *Parnassia nubicola* | ७०।- |
| ५२ | मुसली (कालो) | *Curculigo orchioides* | १०।- |
| ५३ | मुसली (सेतो) | *Chlorophytum spp.* | १०।- |
| ५४ | रास्गरी/भूइसरो | *Roscoea spp.* | ५।- |

| | | | |
|---|---|---|---|
| ५५ | लघुपत्र | *Podophyllum hexandrum* | ७।- |
| ५६ | वन प्याज | *Allium spp.* | १५।- |
| ५७ | वन हलेदो | *Curcuma angustifolia* | ५।- |
| ५८ | वनमुला | *Dipsacus inermis* | १५।- |
| ५९ | वनलसुन | *Allium wallichii* | ३०।- |
| ६० | वनलसुन/खिरौला | *Lilium nepalense* | ३०।- |
| ६१ | बाँको/सर्पको मकै | *Arisaema spp.* | २।— |
| ६२ | बाटुल्पाते | *Cissampelos pareira* | २।- |
| ६३ | विदारीकन्द | *Pueraria phaseoloides* | २।- |
| ६४ | विलौने | *Maesa chisia* | ५।- |
| ६५ | विष, विषमा | *Aconitum spp.* | १०।- |
| ६६ | विषफेज | *Polypodiodes amoena* | १०।- |
| ६७ | वेत लौरी | *Cheilocostus speciosus* | ५।- |
| ६८ | शटी/गाइसरो | *Hedychium spicatum* | ५।- |
| ६९ | सतुवा | *Paris polyphylla* | ५०।- |
| ७० | सर्पगन्धा/चाँदमरुवा | *Rauvolfia serpentina* | ५०।- |
| ७१ | सातगाँठे | *Panax pseudoginseng* | ५०।- |
| ७२ | सिस्नु | *Urtica spp.* | २।- |
| ७३ | सुगन्धवाल | *Valeriana jatamansi* | २५।- |
| ७४ | सुनडाँठेगानो | *Gastrodia elata* | १०।- |
| (ख) बोक्रा जाति | | | |
| १ | अँगेरी | *Lyonia ovalifolia* | ५।- |
| २ | अर्जुन | *Terminalia arjuna* | १०। |
| ३ | अशोक | *Saraca asoca* | २।- |
| ४ | ओखर | *Juglans regia* | १००।- |
| ५ | काफल | *Myrica esculenta* | १००।- |
| ६ | कुटमिरो/काल्चुरी | *Litsea monopetala* | ५।- |
| ७ | कोइरालो/कचनार | *Bauhinia variegate* | ५।- |
| ८ | खमारी | *Gmelina arborea* | १५।- |
| ९ | गिनेरी | *Premna barbata* | १५।- |
| १० | चुत्रो/दारुहल्दी | *Berberis* spp. | १०।- |
| ११ | छतिवन | *Alstonia scholaris/A.neriifolia* | १०।- |
| १२ | जमानेमान्द्रो/केशरी/जमानेचुत्रो | *Mohania nepaulensis* | ५।- |

| | | | |
|---|---|---|---|
| १३ | टटेलो/टोटला | *Oroxylum indicum* | ५।- |
| १४ | टाँकी | *Bauhinia purpurea* | ५।- |
| १५ | दार/दारगिठी | *Boehmaria rugulosa* | १५।- |
| १६ | धूपी | *Juniperus* spp. | २५।- |
| १७ | निम | *Azadirachta indica* | ५।- |
| १८ | नेपाली दालचिनी/सिन्कौली | *Cinnamomum tamala* | १०।- |
| १९ | पलास | *Butea monosperma* | २५।- |
| २० | पातली | *Stereospemum suaveolenis* | १०।- |
| २१ | पावन/काठे काउलो | *Machilus duthiei* | ३०।- |
| २२ | पैंयु | *Prunus cerasoides* | १०।- |
| २३ | बकाइनो | *Melia azedarach* | २।- |
| २४ | बबुल | *Acacia nilotica* | १०।- |
| २५ | भोजपत्र | *Betula utilis* | २०।- |
| २६ | भोर्ला/मालु | *Bauhinia vahlii* | २।- |
| २७ | लोध | *Symplocos racemose* | १०।- |
| २८ | वनखिर्रो/कुटज/इन्द्र जौ | *Holarrhena pubescens/Holarrhena antidecentrica* | ५।- |
| २९ | वनसुडो | *Viburnum spp.* | १०।- |
| ३० | विलौने | *Maesa chisia* | १०।- |
| ३१ | सल्ला | *Pinus* spp. | २।- |
| ३२ | सिप्लीकान | *Creatave nurvala* | १५।- |
| ३३ | सेतो काउलो | *Persea odoratissima* | ३०।- |
| (ग) पात/डाँठ जाति | | | |
| १ | अखेनो, घोडेमच्चो | *Thymus linearis* | ३।- |
| २ | अदुवाघाँस/हातकटुवा | *Carex spp.* | १।- |
| ३ | अमलवेद/पदमचाल चुल्ठे अमिलो/काराज चुल्ठी | *Rheum austral* | ५।- |
| ४ | असुरो/अडुस/वासक | *Justicia adhatoda* | १।- |
| ५ | उन्यू | *Dryopteris cochleate* | ३।- |
| ६ | ऐसेलु | *Rubus ellipticus* | १५।- |
| ७ | करिपत्ता | *Murraya koenigii* | २।- |
| ८ | गुडमार | *Gymnema sylvestre* | ५।- |
| ९ | गुर्जोलहरा/गुडुची | *Tinospora sinensis* | ५।- |

| | | | |
|---|---|---|---|
| १० | गेन्टियना | *Gentiana* spp. | १०।- |
| ११ | घिउकुमारी | *Aloe vera* | ५।- |
| १२ | चरि अमिलो | *Oxalis corniculate* | ५।- |
| १३ | चुत्रो | *Berberis* spp. | ८।- |
| १४ | चुम्लानी | *Skimmia laureola* | १।- |
| १५ | जगर/जिगर/वन सुपारी | *Caryota urens* | २।- |
| १६ | जेठीमधु (येष्ठीमधु) | *Glycyzrrhiza glabra* | १५।- |
| १७ | जोरपाते वेली गानो | *Psammosilene tunicoides* | १५।- |
| १८ | टोकला, टोटला | - | १।- |
| १९ | ठिगुरेसल्ला/ठिङ्ग्रेसल्ला | *Tsuga Dumosa* | २।- |
| २० | डालेचुक | *Hippophae* spp. | २।- |
| २१ | तालिसपत्र | *Abies spectabilis* | ५।- |
| २२ | तितेपाती | *Artemisia* spp. | २।- |
| २३ | तेजपात | *Cinnamomum tamala* | ३।- |
| २४ | दुधेलहरा/सरीवा | *Cryptolepis dubia* | २।- |
| २५ | धसिंग्रे/मछिनो/पटपटे | *Gaultheria fragrantissima* | २।- |
| २६ | धूपी | *Juniperus* spp. | २।- |
| २७ | निरगुण्डी | *Pitax nirgundi* | २।- |
| २८ | निसोद | *Opurculina turpethum* | १०।- |
| २९ | नुनढिकी | *Osyris lanceolata* | १।- |
| ३० | पानी अमला | *Nephrolepis cordifolia* | ३।- |
| ३१ | पामारोजा | *Cymbopogon martini* | १।- |
| ३२ | बोहोरी | *Cordia spp.* | ५।- |
| ३३ | भिडेत्ती | *Elcholtzia fruticose* | ५।- |
| ३४ | मजिठो | *Rubia manjith* | ७।- |
| ३५ | मलाटा | *Macaranga* spp. | १।- |
| ३६ | मसला | *Eucalyptus* spp. | १।- |
| ३७ | मेकोनोप्सिस | *Meconopsis* spp. | १०।- |
| ३८ | लेमनग्रास | *Cymbopogon flexuosus* | १।- |
| ३९ | लौठसल्ला | *Taxus* spp. | ५०।- |
| ४० | विजयसाल | *Pterocarpus marsupium* | १०।- |
| ४१ | सिकाकाई | *Acacia rugata* | ३।- |

| | | | |
|---|---|---|---|
| ४२ | सिट्रोनेला | *Cymbopogon winterianus* | १।- |
| ४३ | सिस्नु | *Urtica* spp. | १।- |
| ४४ | सुनपाती | *Rhododendron anthopogon* | ७।- |
| ४५ | सोमलता | *Ephedra spp.* | ५।- |
| ४६ | हिंगुवा/चियापाते | *Camellia kissi* | १।- |
| (घ) फूल र भूवा जाति | | | |
| १ | असुरो/अडुस/वासक | *Justicia adhatoda* | १।- |
| २ | आँकको भूवा | *Calotropis* spp. | ४।- |
| ३ | उत्तिसको फूल | *Alnus nepalensis* | ३।- |
| ४ | कमलगट्टा | *Nelumbo nucifera* | २।- |
| ५ | कोइरालो/कचनार | *Bauhinia variegate* | १।- |
| ६ | गुराँस/चिमाल | *Rhododendron* spp. | ५।- |
| ७ | टटेलोफूल/टोटला | *Oroxylum indicum* | ३।- |
| ८ | टुकीफूल | *Taraxacum spp.* | ७।- |
| ९ | धँयरो | *Woodfordia fruticose* | १।- |
| १० | नागेश्वर/नारेश्वर | *Mesua ferrea* | ५।- |
| ११ | पदमपुष्कर/निनाइजडि | *Iris decora* | ३।- |
| १२ | बुकीफूल | *Anaphalis spp./Pseudognaphalium* spp. | १।- |
| १३ | मौवा (तराई) | *Madhuca latifolia* | ५।- |
| १४ | मौवा (पहाडी) | *Engelhardtia spicata* | २।— |
| १५ | रूखकमल | *Magnolia grandiflora* | २५।— |
| १६ | सिमलको फूल | *Bombax ceiba* | ३।— |
| १७ | सिमलको भूवा | *Bombax ceiba* | ४।— |
| १८ | सुनपाती | *Rhododendron anthopogon* | ५।— |
| (ङ) फल र बीज जाति | | | |
| १ | अंडेर | *Ricinus communis* | २।— |
| २ | अपमार्ग/दतिवन | *Achyranthtu aspera* | २।— |
| ३ | अमला | *Phyllanthus emblica* | २।— |
| ४ | असना/साज | *Terminalia tomentosa* | २।— |
| ५ | इन्द्रजौ | *Holarrhena pubescens* | १।— |
| ६ | इन्द्रेणी | *Citrullus colosynthis/Trichosanthes wallichiana* | ८।— |

| | | | |
|---|---|---|---|
| ७ | उत्तिस | *Alnus nepalensis* | ५०।— |
| ८ | ओखर फल | *Juglans regia* | १०।— |
| ९ | ओखर फलको बोक्रा | *Juglans regia* | ५।— |
| १० | औलेलौठ (जैतुन) | *Olea spp.* | १०।— |
| ११ | कञ्जा | *Pongamia pinnata* | ३।— |
| १२ | कङ्जा/करञ्जा | *Caesalpinia bondus* | ३।— |
| १३ | कन्टकारी | *Solanum xanthocarpum* | १।— |
| १४ | कस्मर्द | *Cassia occidentalis* | ५।— |
| १५ | काइयो फल/टकाली | *Pavetta tomentosa* | ५।— |
| १६ | काउसो | *Mucuna pruriens* | २।— |
| १७ | काक्नासा | *Martynia annua* | २।— |
| १८ | कालादाना | *Ipomoea* spp. | ७।— |
| १९ | कालीकाठको दाना | *Myrsine semiserrata* | ५।— |
| २० | कुचिला | *Strychnos nux-vomica* | २।— |
| २१ | कुसुम | *Schleichera oleosa* | २।— |
| २२ | कोइरालो/कचनार | *Bauhinia variegate* | १।— |
| २३ | कौडिल्ला | *Coix lachryma (jobi)* | २।— |
| २४ | खमारी | *Gmelina arborea* | ५।— |
| २५ | खयर | *Acacia catechu* | २५।— |
| २६ | खोटेसल्लाको बीउ | *Pinus roxburghii* | २००।— |
| २७ | गोखुकाँडा | *Tribulus terrestris* | २।— |
| २८ | चम्पावती/चाँप | *Magnolia champaca* | ५०।— |
| २९ | चिउरी | *Diploknema butyracea* | ३।— |
| ३० | चिलाउनेको गेडा | *Schima wallichii* | १।— |
| ३१ | जङ्गली आरु (चुली) | *Prunus davidiana* | ५।— |
| ३२ | जङ्गली गुलाब | *Rosa sericea* | ५।— |
| ३३ | जङ्गली जीरा (वन जिरा) | *Carum carvi* | ५।— |
| ३४ | जङ्गली ज्वानो | *Apium graveolens* | ५।— |
| ३५ | जामुन | *Syzygium cumini* | १।— |
| ३६ | टाप्रे | *Senna tora* | १।— |
| ३७ | टिमुर | *Zanthoxylum armatum* | १०।— |
| ३८ | डालेचुक | *Hippophae* spp. | ५।— |

| | | | |
|---|---|---|---|
| ३९ | ढटेलो | *Prinsepia utilis* | ५।— |
| ४० | ढालेकटुस | *Castanopsis indica* | १।— |
| ४१ | तिगेडी | - | १०।— |
| ४२ | थाकलको फल | *Phoenix* spp. | २।— |
| ४३ | देवदार | *Cedrus deodara* | १००।— |
| ४४ | धतुरो | *Datura* spp. | २।— |
| ४५ | धूपीको गेडा | *Juniperus* spp. | ३।— |
| ४६ | नागवेली | *Lycopodium japonicum* | ५०।— |
| ४७ | नागेश्वर/नारेश्वर | *Mesua ferrea* | ५।— |
| ४८ | निमको बीउ | *Azadirachta indica* | १।— |
| ४९ | पलाँस | *Butea monosperma* | ५।— |
| ५० | पाङ्ग्रा/लेक पाङ्ग्रा | *Entada phaseoloides/Aesculus indica* | ५।— |
| ५१ | पानी अमला | *Nephrolepis cordifolia* | ३।— |
| ५२ | पिपला/पिपली | *Piper longum* | १०।— |
| ५३ | पियारको फल | *Buchanania latifolia* | १०।— |
| ५४ | पैंयुको फल | *Prunus cerasoides* | २।— |
| ५५ | बकाइनो | *Melia azedarach* | १।— |
| ५६ | बयर | *Ziziphus mauritiana* | २।— |
| ५७ | बर्रो | *Terminalia bellirica* | २।— |
| ५८ | बाक्ची | *Psoralia corylifolia* | ५।— |
| ५९ | बीरेन्द्रफूलको फल | Jacaranda mimosifolia | ५।— |
| ६० | बेत | *Calamus spp.* | ५।— |
| ६१ | बेल | *Aegle marmelos* | २।— |
| ६२ | भलायो | *Semecarpus anacardium* | ३।— |
| ६३ | भूजेत्रो/भूलेत्रो | *Butea minor* | ५।— |
| ६४ | मरोरफली | *Helicteris isora* | २।— |
| ६५ | माल्कागुनो | *Celastrus paniculatus* | ५।— |
| ६६ | मैनाफल | *Randiadum etorum* | २।— |
| ६७ | मौवा (तराई) | *Madhuca latifolia* | ३।— |
| ६८ | मौवा (पहाडी) | *Engelhardtia spicata* | ३।— |
| ६९ | रतीगेडी/लालगेडी | *Abrus precatorius* | ५।— |
| ७० | राजवृक्ष | *Cassia fistula* | २।— |

| | | | |
|---|---|---|---|
| ७१ | रामफल/आटी/सरिफा | *Annona reticulata* | २।— |
| ७२ | रिठ्ठा | *Sapindus mukorossi* | ३।— |
| ७३ | रूखकमलको फल | *Magnolia grandiflora* | २५।— |
| ७४ | रुद्राक्ष, भद्राक्ष | *Elaeocarpus sphaericus* | १०।— |
| ७५ | रोहिणी/सिंदुरे | *Mallotus philippensis* | ५।— |
| ७६ | लताकस्तुरी | *Abelmoschus moschatus* | ५।— |
| ७७ | लप्सी | *Choerospondias axillaris* | ३।— |
| ७८ | लहरे उन्यू | *Lygodium Japonicum* | ५।— |
| ७९ | वन करेला | *Herpetospermum pedunculosum* | ५।— |
| ८० | शिवलिङ्गी | *Bryonia laciniosa* | ५।— |
| ८१ | सजिवन | *Jatropha curcas* | २।— |
| ८२ | सतिसाल | *Dalbergia latifolia* | ३०।— |
| ८३ | सालको बीउ | *Shorea robusta* | १०।— |
| ८४ | सिकाकाई/रसुल्ला | *Acacia concinna* | ४।— |
| ८५ | सिमलको फल | *Bombax ceiba* | ३।— |
| ८६ | सिल्टीमुर | *Lindera neesiana* | २।— |
| ८७ | सिसौको कोसा | *Dalbergia sissoo* | १५।— |
| ८८ | सीताफल | *Annona squamosa* | २।— |
| ८९ | सुगन्धकोकिला/मलायागेडी | *Cinnamomum glanduliferum/Cinnamomum tenuipile* | १५।— |
| ९० | हर्रो | *Terminalia chebula* | २।— |
| (च) बिरुवा जाति | | | |
| १ | अपमार्ग/दतिवन | *Achyranthtu aspera* | २।— |
| २ | अस्थिसमहर्क | *Cissus quadrangularis* | ५।— |
| ३ | आकाशवेली | *Cuscuta reflexa* | २।— |
| ४ | एक्लेवीर | *Lobelia pyramidalis* | ५।— |
| ५ | काँस | *Sacchrum spontaneum* | २।— |
| ६ | कालमेग | *Andrographis paniculata* | ७।— |
| ७ | काली कुइया | | ५।— |
| ८ | कालो दुवो | | २।— |
| ९ | कुमकुम | *Didymocarpus cinereus* | ५।— |
| १० | गाईतिहारे | *Inula cappa* | ५।— |
| ११ | गुच्ची च्याउ | *Morchella spp.* | ५००।— |

| | | | |
|---|---|---|---|
| १२ | गेन्टियना | *Gentiana* spp. | १०।— |
| १३ | गोरखमुण्डी | *Sphaernthus indica* | २।— |
| १४ | गोल्को | - | ५।— |
| १५ | घोडताप्रे/ब्राम्ही | *Centella asiatica* | २।— |
| १६ | चावा | *Piper chaba* | १०।— |
| १७ | चिराइतो | *Swertia* spp. | १५।— |
| १८ | जलब्रामी | *Bacopa monnieri* | २।— |
| १९ | झ्याउ | Lichen | ५०।— |
| २० | टाप्रे | *Senna tora* | १।— |
| २१ | तितेपाती | *Artemisia* spp. | १।— |
| २२ | द्रोणपुष्पी | *Leucas cephalotes* | २।— |
| २३ | नागवेली | *Lycopodium japonicum* | १५।— |
| २४ | पिप्लामुल | - | २।— |
| २५ | पुडाइनो | - | ५।— |
| २६ | पुदिना | *Mentha* spp. | २।— |
| २७ | पुनर्नवा | *Boerhavia diffusa* | ८।— |
| २८ | प्रिस्नपर्णि | *Uraria picta* | २।— |
| २९ | भूमि अमला | *Phyllanthus niruri* | ५।— |
| ३० | भूईकस्तुरी | *Chenopodium ambrosioides* | १५।— |
| ३१ | भृंगराज | *Eclipta prostrata* | ५।— |
| ३२ | मेकोनोपसिस | *Meconopsis* spp. | १०।— |
| ३३ | यार्सागुम्बा (यार्चगुम्बू) | *Ophiocordyceps spp.* | ३१,०००।— |
| ३४ | रगतसिंगे | - | ५।— |
| ३५ | रातो च्याउ | *Ganoderma lucidum* | ५०।— |
| ३६ | लज्जावती | *Mimosa pudica* | २।— |
| ३७ | वनालु/कस्तुरी/लताकस्तुरी | *Abelmoschus moschatus* | १५।— |
| ३८ | विहिकाँडा | *Solanum nigrmum* | २।— |
| ३९ | शंखपुष्पी | *Evolvulusal sinoides* | ५।— |
| ४० | साधारण च्याउ | *Wild mushroom* | १०।— |
| ४१ | सालपर्णि | *Uraria picta* | २।— |
| ४२ | सिमझार | *Rotala rotundifolia* | १०।— |
| ४३ | सिलाजिनेला | *Selaginella* spp. | १।— |

| | | | |
|---|---|---|---|
| ४४ | सुनाखरी/सुनगाभा/जीवन्ती/गामाडोल (पाँचऔले बाहेक) | Orchid | ५००।— |
| ४५ | हडचुर | *Viscum album , V. articulatum* | ३।— |
| ४६ | हलहले | *Rumex nepalensis* | ३।— |
| ४७ | हिमाली गुलाब | - | ७।— |
| (छ) गम, रेजिन, लोहावन जाति | | | |
| १ | अगरउड (काठ) | Aquilaria spp. | ५०।— |
| २ | काकरसिंगी | Insect gall on *Pistacia integerrima* | २०।— |
| ३ | मइन | *Bee wax* | ५।— |
| ४ | मह (जङ्गली) | *Bee honey* | २०।— |
| ५ | लाहा/लोहवान | *Lac gum* | ४०।- |
| ६ | शिलाजित | *Rock exudate/Asphaltum* | ५०।- |
| ७ | सल्लाको खोटो | *Pinus* spp. | १२।- |
| ८ | सालधुप | *Shorea robusta* | १५।- |
| ९ | सिमल | *Bombax ceiba* | १५।- |
| १० | हिङ्ग | *Ferula asafoetida* | ५०।- |

द्रष्टव्यः

(१) गैरकानूनी तवरले ल्याइएको नेपालमा नपाइने प्रजातिको हकमा सम्बन्धित मुलुकको राजस्वको पाँच गुणा मूल्य कायम गरिनेछ।

(२) माथि उल्लिखित जडीबुटी हरियो वा सुकेको जुनसुकै अवस्थामा भएपनि मूल्य एउटै रहनेछ।

## अन्य वन पैदावारको मूल्य दर

(क) वनस्पतिजन्य वन पैदावार

| क्र.स. | नेपाली नाम | वैज्ञानिक नाम | एकाइ | मूल्य प्रति किलोग्राम (रु.) |
|---|---|---|---|---|
| १ | अर्गेली | *Edgeworthia gardneri* | प्रति किलोग्राम | ७।— |
| २ | अम्रिसो/अम्लिसो | *Thysanolaena latifolia* | प्रति किलोग्राम | २।— |
| ३ | अल्लो | *Girardinia diversifolia* | प्रति किलोग्राम | ७।— |
| ४ | खसुको आँख्ला | *Quercus semecarpifolia* | प्रति गोटा | २।— |
| ५ | गोल्चे (गाभा) | - | प्रति किलोग्राम | १०।— |
| ६ | जिम्बु | *Allium hypsistum* | प्रति किलोग्राम | १०।— |
| ७ | ठोट्ने | *Aconogonum molle* | प्रति किलोग्राम | १।— |
| ८ | डण्डी, सण्ठी, नरकट, खरखडाई, | - | प्रति भारी | १।— |

| | | | | |
|---|---|---|---|---|
| | वनमारा भाट जस्ता झाडी | | | |
| ९ | तेन्दुपात | *Diospyros* spp. | प्रति किलोग्राम | ३।— |
| १० | थाकल | *Phoenix* spp. | प्रति भारी | १।— |
| ११ | निगालो | *Drepanostachyum* spp. | प्रति गोटा | १।— |
| १२ | निगालोको टुसा | *Drepanostachyum* spp. | प्रति ५ गोटा | १।— |
| १३ | नेपाली रक्तचन्दन (काठ) | *Daphniphyllum himalayense* | प्रति किलोग्राम | १५।— |
| १४ | फुरु (तेलाईलीको गाँठा- Live Knot) | - | प्रति गोटा | ३०।— |
| १५ | भलायो पात | *Semecarpus anacardium* | प्रति किलोग्राम | १।— |
| १६ | भोर्ला पात | *Bauhinia vahlii* | प्रति किलोग्राम | १।— |
| १७ | मालागिरी | *Cinnamomum glanduliferum/C tenupile* | प्रति किलोग्राम | २०। |
| १८ | रक्तचन्दन | *Pterocarpus santalinus* | प्रति किलोग्राम | ८००।— |
| १९ | बाँस | *Dendrocalamus* spp. | प्रति गोटा | ५०।— |
| २० | बाँसको तामा | *Dendrocalamus* spp. | प्रति गोटा | ३।— |
| २१ | वेत | *Calamus* spp. | प्रति किलोग्राम | २५।— |
| २२ | वनकस/वावियो/सवाईघाँस | *Eulaliopsis binata* | प्रति किलोग्राम | १।— |
| २३ | लोक्ता | *Daphne* spp. | प्रति किलोग्राम | ५।— |
| २४ | सल्लाको आँख्ला | *Pinus* spp. | प्रति किलोग्राम | ५।— |
| २५ | सल्लाको सिम्टा | *Pinus spp.* | प्रति किलोग्राम | ५।— |
| २६ | सालको पात | *Shorea robusta* | प्रति किलोग्राम | १।— |
| २७ | सल्लाको पात/सल्लेपिर | *Pinus* spp. | प्रति भारी | २।— |

(ख) खनिजजन्य वन पैदावार

| क्र.स. | नेपाली नाम | एकाइ | मूल्य (रु.) |
|---|---|---|---|
| १ | आइरन ओर | प्रति घन मिटर | १००।— |
| २ | गोल/पत्थर कोईला | प्रति टन | २००।— |
| ३ | चुनढुङ्गा (लाइमस्टोन) | प्रति टन | १५०।— |
| ४ | खरीढुङ्गा | प्रति टन | १००।— |
| ५ | कोईला/मिट्टी कोईला/ओभर बर्डेन | प्रति टन | ५०।— |
| ६ | सिसा (लिड) | प्रति किलोग्राम | १०।— |

| | | | |
|---|---|---|---|
| ७ | उच्चस्तरीय निर्माण सामग्री (उत्खनन हुने डिपोजिट)<br>(क) क्वारजाईट/बोल्डर/टुक्रेढुङ्गा<br>(ख) क्वारजाईट/स्लाव<br>(ग) सिलिका सेण्ड<br>(घ) डोलोमाईट/सिलौटे ढुङ्गा<br>(ङ) छाप्नेढुङ्गा/स्लेट | <br><br>प्रति टन<br>प्रति टन<br>प्रति टन<br>प्रति टन<br>प्रति वर्ग फिट | <br><br>१५०।–<br>१५०।–<br>१००।–<br>१००।–<br>५।– |
| ८ | औद्योगिक क्लिङ्कर/विशेष माटो (उत्खनन हुने डिपोजिट)<br>(क) कमेरो<br>(ख) गेरु/ओर्के<br>(ग) मुल्तानी<br>(घ) अन्य ओभरबर्डेन | <br><br>प्रति घन मिटर<br>प्रति घन मिटर<br>प्रति घन मिटर<br>प्रति घन मिटर | <br><br>५०।–<br>७५।–<br>१००।–<br>५०।– |
| ९ | जेम्स (सुहाग पत्थर)<br>(क) टरमलिन<br>(ख) काईनाइट<br>(ग) अन्य जेम्स | <br>प्रति १० ग्राम<br>प्रति १० ग्राम<br>प्रति १० ग्राम | <br>३००।–<br>२५०।–<br>१००।– |
| १० | निर्माण सामग्री<br>(क) साधारण ढुङ्गा<br>(ख) गिट्टी<br>(ग) बालुवा<br>(घ) मस्कट/बोल्डर/ग्राबेल/सेल/कङ्लोमरेट | <br>प्रति घन मिटर<br>प्रति घन मिटर<br>प्रति घन मिटर<br>प्रति घन मिटर | <br>१७५।–<br>२५०।–<br>१४०।–<br>१५५।– |

(ग) नदीजन्य वन पैदावार

| क्र.स. | नेपाली नाम | एकाइ | मूल्य (रु.) |
|---|---|---|---|
| १ | (क) ढुङ्गा<br>(ख) गिट्टी वा ग्राभ्रेल वा बोल्डर वा मस्कट<br>(ग) बालुवा | प्रति घन फिट<br>प्रति घन फिट<br>प्रति घन फिट | १०।–<br>९।–<br>७।– |
| २ | पानी (सङ्कलन गरी बिक्री वितरण गर्ने प्रयोजनका लागि) | प्रति ट्याङ्कर | २५०।– |

द्रष्टव्यः

(१) यस अनुसूचीको प्रयोजनको लागि "भारी" भन्नाले "तीस किलोग्राम" सम्झनु पर्छ।

(२) खण्ड (क) मा उल्लिखित वनस्पतिजन्य वन पैदावार हरियो वा सुकेको जुनसुकै अवस्थामा भएपनि मूल्य एउटै रहनेछ।

(३) खण्ड (ख) र (ग) बमोजिमको वन पैदावारको हकमा प्रचलित कानून बमोजिम अन्य सरकारी निकायमा एक पटक रोयल्टी तिरी सकेको भए सोको लागि दोहोरो रोयल्टी लिईने छैन।

**अनुसूची-१७**
**(नियम १२ को उपनियम (२) र नियम ७७ को उपनियम (३) सँग सम्बन्धित)**
**जडीबुटी सङ्कलन इजाजतपत्रको ढाँचा**

(ग) वन स्रोत सर्वेक्षणको स्याम्पल प्लटको कोअर्डिनेट बिन्दुहरू

**अनुसूची-२**

(क) वन श्रोत जानकारी विश्लेषण फारम पोल
(ख) वन श्रोत जानकारी विश्लेषण फारम रूख
(ग) विरुवा र लाथ्रा मौजदात प्रति हेक्टर

**अनुसूची-३**

(क) धार्मिक वन समिति तथा सदस्यहरूको नामावली

## अनुसूची-४१

**(नियम ५० को उपनियम (२) सँग सम्बन्धित)**

**धार्मिक वन समूहको कबुलियतीनामाको ढाँचा**

### कबुलियतीनामा

श्री ..................................................... को तर्फबाट अख्तियार प्राप्त हामी तपसिलका ब्यक्तिहरु आगे ........... प्रदेश .............जिल्ला महा/नगर/गाउँपालिका वडा नं. ........, मा पर्ने पूर्व ...................., दक्षिण ...................., पश्चिम ......................, र उत्तर ..............यति चार किल्ला भित्र ................. नाम भएको ................ हेक्टर क्षेत्रफलको राष्ट्रिय वनलाई ...... जना सदस्य रहेको ....... दर्ता भएको संस्था श्री..................., .............जिल्ला महा/नगर/गाउँपालिका वडा नं. ........, . .......ले वन ऐन, २०७६, वन नियमावली, २०७९, गण्डकी प्रदेश वन ऐन, २०८० तथा गण्डकी प्रदेश वन नियमावली, २०८० को अधिनमा रही संलग्न कार्ययोजना अनुरुप तपसिल अनुसारका बुँदाहरुलाई पूर्ण रुपमा पालना गर्ने शर्तमा वनको विकास, संरक्षण र उपयोग गर्न मञ्जुर छौं। शर्त पालना नगरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाँउला भनी राजी खुसीसँग यो कबुलियतीनामा लेखी लेखाई सही छाप गरी लियौं दियौं।

### तपसिल

१. स्वीकृत कार्ययोजना उल्लेख भए वाहेक अन्य काम कारवाही गर्ने छैनौं।

२. धार्मिक वनको कवुलियती भएको तीन महिना भित्र स्वीकृत कार्ययोजना अनुासार कार्य प्रारम्भ गर्ने छौ।

३. धार्मिक वनको रुपमा हस्तान्तरण भएको धार्मिक वन लगायतको वन क्षेत्रमा कुनै प्रकारले हानी नोक्सानी गर्ने गराउने छैनौ ।

४. डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयले दिएको प्राविधिक सल्लाह, सुझाव, निर्देशन तथा प्रचलित ऐन नियम बमोजिम कार्य गर्ने छौं।

५. धार्मिक वन समुह/समितिले कार्ययोजना बमोजिम काम गर्न नसेकमा वा कार्ययोजना विपरित काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेको वा प्रचलिन वन ऐन, नियमावली तथा नेपाल सरकारले तोकेको शर्तहरु पालना नगरेको प्रमाणित हुन आएमा ऐन नियम बमोजिम कारवाही गरेमा हाम्रो मञ्जुरी छ।

६. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को विपरित हुने गरी कुनै वन्यजन्तु पक्रने वा मार्ने कार्य गर्ने छैन। यदि कोही कसैले त्यस्तो कार्य गरे, गराएमा कसुरदारलाई पक्राउ गरी कानूनी कारवाहीको लागि डिभिजन वन कार्यालयमा पठाउने छौं।

७. धार्मिक वन सम्बन्धी क्रियाकलापको स्थलगत निरीक्षणको कार्यमा आउने वन कर्मचारीलाई आवश्यक सहयोग गर्ने छौं।

८. धार्मिक वनको प्रमाण-पत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाण-पत्र लिन रु ५००।- दस्तुर तिर्न मन्जुर छौं।

१०. धार्मिक वन क्षेत्रको रुपमा लिईएको सरकारी वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहनेछ । तर यसको संरक्षण गर्ने दायित्व धार्मिक वन व्यवस्थापन समितिको हुनेछ।

११. धार्मिक वनको विकास, संरक्षण, सम्वर्धनको लागि आवश्यक प्राविधिक सहयोग डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयबाट लिईनेछ।

१२. धार्मिक वनमा मुख्य वन पैदावारको घनत्व र उत्पादनमा ह्रास नआउने गरी अन्न वाली बाहेकको लामो समयसम्म एउटै बोटले उत्पादन दिने खालका बाँस, अम्रिसो, फलफूल, देववृक्ष र जडीबुटी जस्ता बोट विरुवाहरु रोपण गर्नेछौं।

१३. वन कार्ययोजना उल्लेख भए बमोजिम बाहेक हरियो रूख विरुवा काट्ने हटाउने छैनौं।

१४. वन कार्ययोजनामा वन सम्बन्धी कार्यहरु संशोधन गर्नु पर्दा समितिको बैठकमा वन प्राविधिकको उपस्थितिमा निर्णय गर्नेछौं।

१५. समितिले वन विकास र धार्मिक संस्थाको विकासका क्रियाकलापको लागि आवश्यक महशुस भएमा डिभिजन वन कार्यलयसंगको परामर्शमा अन्य संघ संस्थासंग समन्वय गरी सहयोग लिनेछौं।

१६. धार्मिक वन क्षेत्रको चारकिल्ला भित्र कुनै पनि भौतिक संरचना निर्माण गर्नु परेमा डिभिजन वन कार्यालयको पूर्व स्वीकृति लिएर मात्र गर्नेछौं।

<table>
<tr><td colspan="3">ल्याप्चे र दस्तखत</td><td rowspan="2">माथि उल्लेखित कवुलियतनामाको शर्त नं. ... देखि ... सम्म पढीबाँची सुनिलिएँ भनी सहिछाप गर्ने जिल्ला ................, .................., ............ स्थित श्री ....................धार्मिक वन समितिको तर्फबाट समितिका अध्यक्ष श्री ....................</td></tr>
<tr><td>दाँया</td><td>बाँया</td><td>दस्तखत</td></tr>
<tr><td></td><td></td><td></td><td>समितिका ..........................श्री .........................................</td></tr>
<tr><td></td><td></td><td></td><td>समितिका ..........................श्री .........................................</td></tr>
<tr><td></td><td></td><td></td><td>समितिका ..........................श्री .........................................</td></tr>
<tr><td></td><td></td><td></td><td>समितिका ..........................श्री .........................................</td></tr>
</table>

ईति संम्वत ............ साल .................महिना .................गते रोज .... मा शुभम्

**अनुसूची-४२**

**(नियम ५० को उपनियम (२) सँग सम्बन्धित)**

**<u>धार्मिक वन दर्ताको प्रमाणपत्रको ढाँचा</u>**

गण्डकी प्रदेश सरकार

.......................मन्त्रालय

निर्देशनालय

डिभिजन वन कार्यालय, ...............

प्रमाणपत्र नम्बर : मितिः

...............

धार्मिक वन दर्ताको प्रमाणपत्र

श्री ......................................

........................................... ।

त्यस निकाय/समूह/समुदायलाई गण्की प्रदेश वन ऐन, २०८० र गण्डकी प्रदेश वन नियमावली, २०८० को अधीनमा रही देहायको राष्ट्रिय वन यसै साथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न धार्मिक वनको रुपमा सुम्पिएको छ।

धार्मिक वनको विवरणः

नामः

चार किल्लाः

पूर्वः

दक्षिणः

पश्चिमः

उत्तरः

क्षेत्रफलः

प्रमाणपत्र दिने अधिकृतको,-

नाम, थरः

पदः

दस्तखतः

मितिः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा, वा नासिएमा अर्को प्रमाणपत्र लिन पाँचसय रुपैयाँ लाग्नेछ।

**अनुसूची-४३**

(नियम ५५ को उपनियम (२) सँग सम्बन्धित)

## उपभोक्ता समूहको वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विषय

(क) समूहको वार्षिक आर्थिक प्रतिवेदन

| आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आम्दानी शीर्षक | रकम | क्र.सं. | खर्च शीर्षक | रकम |
| १ | अघिल्लो आ.व. को मौज्दात | | १ | प्रशासनिक खर्च | |
| | बैङ्क | | | तलब भत्ता | |
| | नगद | | | बैठक, चियापान | |
| २ | वन पैदवार बिक्रीबाट | | २ | स्टेशनरी | |
| | काठ | | | पानी, बिजुली र टेलिफोन | |
| | खाँबा | | | भाडा र औजार | |
| | दाउरा | | | कार्यालय सामान | |
| | कृषि औजार | | | विविध (ले.प. शुल्क, पशु आहार, इन्धन र अन्य खर्च) | |
| | जडीबुटी | | ३ | वन व्यवस्थापन खर्च | |
| | अन्य | | | वन संरक्षण | |
| ३ | अनुदान | | | वन विकास | |
| | सरकारी | | | वन सदुपयोग | |
| | गैर सरकारी | | ४ | अन्य विकास खर्च | |
| | अन्य (व्यक्तिगत समेत) | | | संस्थागत विकास | |
| ४ | दण्ड जरिवाना | | | सामुदायिक विकास | |
| ५ | सदस्यता शुल्क | | ५ | विपन्न वर्ग लक्षित जीविकोपार्जन | |
| | प्रवेश शुल्क | | ६ | अनुदान, चन्दा, सहयोग | |
| | सदस्यता शुल्क | | ७ | अन्य | |
| | नवीकरण | | ८ | फछ्र्यौट नभएको पेश्की | |
| ६ | ऋण आम्दानी | | ९ | ऋण लगानी | |
| ७ | अन्य आय (चन्दा, पुरस्कार) | | १० | बैङ्क मौज्दात | |
| ८ | बेरूजु असुली | | ११ | नगद मौज्दात | |
| **जम्मा** | | | १२ | बेरुजु मौज्दात | |
| | | | **जम्मा** | | |

(ख) आर्थिक प्रगति प्रतिवेदन

(१) वन पैदावार उत्पादन तथा बिक्री वितरण सम्वन्धी जानकारी

| वन पैदावार | इकाई | आन्तरिक बिक्री | | | आपूर्ति समिति | | | बाह्य बिक्री | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर | परिमाण | रकम | दर | परिमाण | रकम | दर | परिमाण | रकम | परिमाण | रकम |
| काठ (साल, सिसम) | | | | | | | | | | | | |
| काठ (सल्ला, टुनी, देवदार) | | | | | | | | | | | | |
| काठ(अन्य) | | | | | | | | | | | | |
| पोल | | | | | | | | | | | | |
| जडिबुटी | | | | | | | | | | | | |
| खोटो | | | | | | | | | | | | |
| अन्य (उल्लेख गर्नुपर्ने) | | | | | | | | | | | | |

(२) वन विकास कार्य

| कार्य विवरण | इकाई | परिमाण | बजेट खर्च | कैफियत |
|---|---|---|---|---|
| | | | | |

(३) सामुदायिक विकास कार्य

| कार्य विवरण | इकाई | परिमाण | बजेट खर्च | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(४) सामाजिक विकास कार्य

| कार्य विवरण | इकाई | परिमाण | बजेट खर्च | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(५) वन उद्यम तथा पर्यापर्यटन सम्बन्धी विवरण

(६) वनले सिर्जना गरेको रोजगारी

| कार्यहरू | इकाई | महिला | पुरूष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| वन संवर्धन | | | | | |
| वन संरक्षण | | | | | |
| वन पैदावार मूल्याङ्कन तथा घाटगद्दी | | | | | |
| वन उद्यम | | | | | |

## अनुसूची-४४

**(नियम ५८ को उपनियम (७) र (८) सँग सम्बन्धित)**

**निजी वनबाट उत्पादित काठ दाउरा ओसारपसारको लागि स्थानीय तहले प्रमाणित गर्ने वन पैदावारको लगत फारामको ढाँचा**

......................... पालिका

नगर/गाउँ कार्यपालिकाको कार्यालय

...........................।

१. जग्गाधनीको नामः २. ठेगाना :

३. कित्ता नं. ४. कटान रूख सङ्ख्या :

५. उत्पादित परिमाणः (क) काठ (ख) दाउरा ६. लैजाने स्थानः

७. उत्पादित विवरणः

| क्र.स. | बन पैदावरको प्रजाति | किसिम (काठ/दाउरा) | लम्बाई (फिट) | गोलाइ (ईन्च) | थान | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| जम्मा परिमाण | | | | | | | |

द्रष्टव्यः

१. यस फाराम बमोजिमको वन पैदावर नेपालभित्र मात्र ओसारपसार गर्न सकिनेछ।

२. प्रचलित कानून बमोजिम सिल लगाई ईजाजत पत्रको पीठमा सो व्यहोरा उल्लेख गरी ओसारपसार गर्नु पर्नेछ।

जग्गाधनी वा खरिदकर्ताको:-
नाम :
दस्तखत :

लगत तयार गर्ने कर्मचारीको:-
नाम :
पद :
दस्तखत :

लगत प्रमाणित गर्ने कर्मचारिको:-
नाम :
पद :
दस्तखत :

## अनुसूची-४५
### (नियम ६४ को उपनियम (१) सँग सम्बन्धित)

**वन पैदावारमा आधारित उद्योग र वन क्षेत्रबीचको दुरीको मापदण्ड**

क) काठ र दाउरामा आधारित उद्योग स्थापना गर्दा उद्योग र वन क्षेत्र बीचको देहाय बमोजिमको दुरी कायम गर्ने।

| क्र.सं. | उद्योगको किसिम | दुरी (मिटर) |
|---|---|---|
| १ | फर्निचर उद्योग | |
| १.१ | १८ इन्चसम्म व्यास साइजको सर्कुलर आरा र ३५ इन्चसम्म साइजको बैण्ड आरा रहेको कुटीर, साना र मझौला उद्योग | १०० |
| १.२ | ३६ इन्च तथा सो भन्दा बढि साइजको बैण्ड आरा रहेको सवै खाले उद्योग | २०० |
| २ | सःमिल/भेनियर/उड सिजनिङ/खयर कत्था/ ईट्टा उद्योग | २०० |

ख) ईट्टाभट्टा तथा चिम्नी सञ्चालन गर्दा दाउरा प्रयोग नहुने भनी सम्बन्धित निकायबाट प्रमाणित भै आएमा डिभिजन वन कार्यालयको सहमति लिई सञ्चालन गर्न पाउने।

ग) स्थानीय सीपमा आधारित काठ र दाउरा प्रयोग हुने मादल, ठेकी, मौरीघार, हस्तकला सामग्री उत्पादन गर्ने उद्योग र वन उपभोक्ता समूहबाट सञ्चालित वन पैदावारमा आधारित उद्योगको हकमा कुटीर, साना र मझौला फर्निचर उद्योग सरहको दुरी लागू हुने।

घ) संरक्षित क्षेत्र अन्तर्गत पर्ने मध्यवर्ती क्षेत्रको हकमा मध्यवर्ती क्षेत्र नियमावली, २०५२ र मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०८० अनुसार हुने।

ङ) औद्योगिक क्षेत्र भित्र सञ्चालन हुने काठ दाउरामा आधारित उद्योगका हकमा दुरी नलाग्ने।

च) यो मापदण्ड लागू हुनु अघि दर्ता भै उल्लिखित दुरी भन्दा टाढा हाल सञ्चालनमा रहेका काठ दाउरामा आधारित उद्योगहरूका हकमा यो मापदण्ड लागू हुने छैन। तर यस्ता उद्योगहरू सो स्थानबाट स्थानान्तरण वा क्षमता वृद्धि गर्नु पर्ने भएमा यसै अनुसार हुनेछ।

## अनुसूची-४६
## (नियम ६६ को उपनियम (१) सँग सम्बन्धित)

**वन पैदावारमा आधारित उद्योगले वार्षिक रुपमा डिभिजन वन कार्यालयमा पेस गर्ने प्रतिवेदनको ढाँचा**

श्री डिभिजनल वन अधिकृत
डिभिजन वन कार्यालय, ......................।

विषयः वस्तु तथा सेवाको विवरण पेस गरेको सम्बन्धमा।

उद्योगको नामः

प्रोपाइटरको नामः

दर्ता नं.:

स्थायी लेखा नम्बर (**PAN**)/मूल्य अभिवृद्धि कर नम्बर (**VAT**):

वस्तु तथा सेवाको आपुर्तिको विवरणः

| क्र.सं. | छोडपुर्जी वा विल नं र मिति | प्रजाति | नाप साइज | थान | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

वस्तु तथा सेवाको बिक्रीको विवरणः

| क्र.सं. | विल नं | प्रजाति | नाप साइज | थान | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

वस्तु तथा सेवाको मौज्दात विवरणः

| क्र.सं. | प्रजाति | नाप साइज | थान | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

वार्षिक रोजगारीको विवरणः

| क्र.सं. | रोजगारीको विवरण | पूर्ण | आंशिक |
|---|---|---|---|
| १ | महिला | | |
| २ | पुरुष | | |

मुख्य उपलब्धिहरुः

उद्योगको छाप

प्रोपाइटरको दस्तखतः
नाम थरः

मिति .............................

## अनुसूची-४७

**(नियम ६९, नियम ७० को उपनियम (२) र नियम ८१ को उपनियम (१) सँग सम्बन्धित)**

**रूख तथा काठको मापन, आयतन निकाल्ने र मूल्याङ्कन गर्ने तरिका**

१. रूख नाप्ने तरिकाः

(क) रूखको प्रजाति पहिचान गर्नु पर्नेछ। (रूखको आयतन निकाल्नका लागि एक्सल सिट प्रयोग गर्दा प्रजाति अनुसार तालिका १ को क्रमसङ्ख्या बमोजिमको अङ्कमा लेख्नु पर्नेछ)।

(ख) रूखको डायमिटर मापन गर्दा जमीनबाट रूखको १.३ मिटरको उचाईमा सेन्टिमिटरमा मापन गर्नु पर्नेछ।

(ग) रूखको उचाई मापन गर्दा रूखको फेददेखि टुप्पोसम्मको उचाई (टोटल हाईट) मिटरमा मापन गर्नु पर्नेछ।

(घ) रूखको दर्जा निम्न बमोजिम वर्गीकरण गर्नु पर्छः-

(१) पहिलो दर्जाः काण्डको अनुमानित ७० प्रतिशत भन्दा बढी भाग काठ आउन सक्ने रूख (१ लेख्ने)।

(२) दोस्रो दर्जाः काण्डको अनुमानित ५० प्रतिशत भन्दा माथी ७० प्रतिशत सम्म भाग काठ आउन सक्ने रूख (२ लेख्ने)।

(३) तेस्रो दर्जाः काण्डको अनुमानित १० प्रतिशत देखि ५० प्रतिशत सम्म भाग काठ आउन सक्ने रूख (३ लेख्ने)।

(४) चौथो दर्जाः रूखको कुल उचाई ३ मिटर भन्दा कम भएको रूख वा बाङ्गोटिङ्गो काण्ड भएको, धोद्रो वा गाँठा-गुँठी भएकाले गोलिया काठ प्राप्त गर्न नसकिने वा पहिलो, दोस्रो र तेस्रो दर्जामा नपर्ने रूख (४ लेख्ने)।

२. रूखको आयतन निकाल्ने तरिकाः पारामिटर प्रयोग गरी आयतन निकाल्ने

(क) मान (पारामिटर) प्रयोग गरी आयतान निकाल्न नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट प्रकाशन गरिएको Volume Equations and Biomass Prediction of Forest Trees of Nepal ,Sharma and Pukala,1990 लाई आधार लिनु पर्नेछ।

(ख) रूखको काण्डको आयतन निकाल्नको लागि तालिका १ मा उल्लेख भएका विभिन्न रूखको प्रजाति अनुसारको मानहरू (पारामिटर) तथा सम्बन्धित रूखको डायमिटर र रूखको उचाई प्रयोग गर्नु पर्छ।

(ग) काठ र दाउराको आयतन निकाल्न देहाय बमोजिम गर्नु पर्छ :-

(१) काण्डको आयतन (Stem Volume)

(अ) निम्न सूत्र प्रयोग गरी काण्डको आयतन निकाल्नु पर्छः-

$Ln (V) = a + b^* Ln (d) + c^* Ln (h)$

वा $V = EXP [a + b^* Ln (d) + c^* Ln (h)]$

यहाँ,

V भन्नाले रूखको काण्डको आयतन (Stem Volume) डेका मिटरमाः घन मिटरमा लान १००० ले भाग गर्ने

a, b, c भन्नाले रूखको प्रजाति अनुसार तलको तालिका-१ मा दिइएका मानहरू (values)

d भन्नाले जमिनबाट रूखको १.३ मिटर उचाइमा नापिएको डायमिटर (dbh)

h भन्नाले रूखको फेददेखि टुप्पोसम्म नापिएको रूखको उचाइ मिटरमा

(आ) काण्डको आयतन निकाल्ने प्रयोजनको लागि a, b, c को मान तालिका १ बमोजिम हुनेछः

तालिका-१ः रूखको प्रजाति अनुसारको a, b, c, $a_1$ र $b_1$ का मानहरू (values)

| क.स. | रूखको जात (प्रजाति) | | काण्डको आयतन निकाल्न (पारामिटर) | | | १० से.मि. टप डायमिटर आयतन निकाल्न (अनुपात निकाल्न ) | |
|---|---|---|---|---|---|---|---|
| | वैज्ञानिक नाम | नेपाली नाम | a | B | c | $a_1$ | $b_1$ |
| १ | *Abies spp* | ठिन्ग्रे सल्ला | -२.४४५३ | १.७२२० | १.०७५७ | ५.४४४३ | -२.६९०२ |
| २ | *Acacia catechu* | खयर | -२.३२५६ | १.६४७६ | १.०५५२ | ५.४४०१ | -२.४९१० |
| ३ | *Adina cardifolia* | हल्दु, कर्मा | -२.५६२६ | १.८५९८ | ०.८७८३ | ५.४६८१ | -२.४९१० |
| ४ | *Albizia spp* | शिरीष | -२.४२८४ | १.७६०९ | ०.९६६२ | ४.४०३१ | -२.२०९४ |
| ५ | *Alnus nepalensis* | उत्तिस | -२.७७६१ | १.९००६ | ०.९४२८ | ६.०१९० | -२.७२७१ |
| ६ | *Anogeissus latifolia* | धौटी | -२.२७२० | १.७४९९ | ०.९१७४ | ४.९५०२ | -२.३३५३ |
| ७ | *Bombax ceiba* | सिमल | -२.३८६५ | १.७४१४ | १.००६३ | ४.५५५४ | -२.३००९ |
| ८ | *Cedrela toona* | टुनी | -२.१८३२ | १.८६७९ | ०.७५६९ | ४.९७०५ | -२.३४३६ |
| ९ | *Dalbergia sissoo* | सिसौ | -२.१९५९ | १.६५६७ | ०.९८९९ | ४.३५८० | -२.१५५९ |
| १० | *Eugenia jambolana* | जामुन | -२.५६९३ | १.८८१६ | ०.८४९८ | ५.१७४९ | -२.३६३६ |
| ११ | *Hymenodictyon excelsum* | भुडकुल | -२.५८५० | १.९४३७ | ०.७९०२ | ५.५५७२ | -२.४९६० |
| १२ | *Lagerstroemia parviflora* | बोड धंगेरो | -२.३४११ | १.७२४६ | ०.९७०२ | ५.३३४९ | -२.४४२८ |
| १३ | *Michelia champaca* | चाँप | -२.०१५२ | १.८५५५ | ०.७६३० | ३.३४९९ | -२.०१६१ |
| १४ | *Pinus roxburghii* | खोटे सल्लो | -२.९७७० | १.९२३५ | १.००१९ | ६.२६९६ | -२.८२५२ |
| १५ | *Pinus wallichiana* | गोब्रेसल्लो | -२.८१९५ | १.७२५० | १.१६२३ | ५.७२१६ | -२.६७८८ |
| १६ | *Quercus spp* | खस्रू | -२.३६०० | १.९६८० | ०.७४६९ | ४.८५११ | -२.४४९४ |
| १७ | *Schima wallichii* | चिलाउने | -२.७३८५ | १.८१५५ | १.००७२ | ७.४६१७ | -३.०६७६ |
| १८ | *Shorea robusta* | साल | -२.४५५४ | १.९०२६ | ०.८३५२ | ५.२०२६ | -२.४७८८ |
| १९ | *Terminalia alata* | असना | -२.४६१६ | १.८४९७ | ०.८८०० | ४.५९६८ | -२.२३०५ |
| २० | *Trewia nudiflora* | गुटेल | -२.४५८५ | १.८०४३ | ०.९२२० | ५.३४७५ | -२.४७७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | *Tsuga spp* | | -२.५२९३ | १.७८१५ | १.०३६९ | ५.२७७४ | -२.६४८३ |
| २२ | तराईका अन्य प्रजातिहरू | | -२.३९९३ | १.७८३६ | ०.९५४६ | ४.८९९१ | -२.३४०६ |
| २३ | पहाडका अन्य प्रजातिहरू | | -२.३२०४ | १.८५०७ | ०.८२२३ | ५.५३२३ | -२.४८१५ |

उदाहरण,

यदि एउटा सालको रूखको डायमिटर (dbh)= ६० से.मी. र उचाई = २५ मिटर छ भने यसको काण्डको आयतन निकाल्नका लागि तालिका १ बाट सालको a, b र c का मानहरू लिँदाः-

a = -२.४५५४, b = १.९०२६ र c = ०.८३५२

d= ६० से.मी.

h= २५ मि. भएकोले,

सूत्रमा राख्दा,

काण्डको आयतन (घन मिटर) =

(EXP(-२.४५५४+१.९०२६*LN(६०)+०.८३५२*LN(२५)))/१०००)

काण्डको आयतन (घन मिटर) = ३.०५०० हुन आउँछ।

(२) हाँगाको आयतन : हाँगाको आयतन निकाल्दा रूखको प्रजाति र रूखको डायमिटर अनुसार तालिका २ अनुसारका मानहरू (पारामिटर) प्रयोग गरी तालिका ३ को सूत्रबाट प्राप्त मान (value) ले रूखको काण्डको आयतनसँग गुणन गरी हाँगा (Branch) को आयतन निकाल्नु पर्छ। तर हाँगा नभएका रूखको हकमा हाँगा (Branch) को आयतन निकाल्नु पर्दैन।

हाँगाहरूको आयतन =हाँगाको अनुपात X काण्डको आयतन

तालिका २: रूखको प्रजाति र यसको डायमिटर (dbh) अनुसार काण्डको आयतनको तुलनामा हुने हाँगा (Branch) को आयतन निकाल्न प्रयोग हुने मानहरू (पारामिटर)

| क्र.स. | रूखको जात (प्रजाति) | | पारामिटर | | |
|---|---|---|---|---|---|
| | वैज्ञानिक नाम | स्थानीय नाम | सानो (s) | मझौला (m) | ठुलो (b) |
| १ | *Abies spp* | | ०.४३६ | ०.३७२ | ०.३५५ |
| २ | *Alnus nepalensis* | उत्तिस | ०.८०३ | १.२२६ | १.५१० |
| ३ | *Dalbergia sissoo* | सिसौ | ०.६८४ | ०.६८४ | ०.६८४ |
| ४ | *Pinus roxburghii* | खोटेसल्ला | ०.१८९ | ०.२५६ | ०.३०० |
| ५ | *Pinus wallichiana* | गोब्रेसल्ला | ०.६८३ | ०.४८८ | ०.४१० |
| ६ | *Quercus spp* | खस्रू | ०.७४७ | ०.९६० | १.०६० |
| ७ | *Schima wallichii* | चिलाउने | ०.५२० | ०.१८६ | ०.१६८ |
| ८ | *Shorea robusta* | साल | ०.०५५ | ०.३४१ | ०.३५७ |

| | | | | |
|---|---|---|---|---|
| ९ | कोणधारी अन्य प्रजातिहरू | ०.४३६ | ०.३७२ | ०.३५५ |
| १० | चौडापाते अन्य प्रजातिहरू | ०.४४३ | ०.५११ | ०.७१० |

तालिका-३ः डायमिटर अनुसार हाँगाको अनुपात निकाल्ने सूत्र (Sharma and Pukala, 1990)

| क्र.स. | अनुपात (R-Value) | ब्यास (Diameter Class) | सुत्र (Formula) |
|---|---|---|---|
| १ | R | १० से.मि. भन्दा सानो | सानो (s) |
| २ | R | १० से.मि. देखि ४० से.मि. सम्म | =[(d-१०)*m+(४०-d)*s]/३० |
| ३ | R | ४० से.मि. देखि ७० से.मि. सम्म | =[(d-४० )*b+(७०-d)*m]/३० |
| ४ | R | ७० से.मि. भन्दा माथि | ठूलो (b) |

उदाहरणः

माथिको उदाहरणमा दिइएको सालको रूखको हाँगाको आयतन निकाल्दा ;

साल प्रजातिको डायमिटर (d) = ६० से.मी. रहेकोले हाँगा अनुपात (R-value) निकाल्न- ६० सेन्टिमिटर डायमिटर रहेकोले तालिका ३ को क्रमसङ्ख्या ३ (४० से.मि. देखि ७० से.मि. सम्म) मा पर्ने हुँदा तलको सूत्र प्रयोग गर्नु पर्ने हुन्छः-

अनुपात (R-Value) = [(d-४०)*b+(७० -d)*m]/३०

यहाँ,

d= ६० (रूखको डायमिटर)

b= ०.३५७ (तालिका ३ बाट सालको b को मान लिँदा)

m= ०.३४१ (तालिका ३ बाट सालको m को मान लिँदा)

यी मानहरूलाई सूत्रमा राख्दा-

=((६०-४०) * ०.३५७+ (७०-६०) * ०.३४१)/३०

=०.३५२

यसरी सालको रूखको डायमिटर ६० से.मी. भएमा हाँगाको आयतन र काण्डको आयतनको अनुपात ०.३५२ हुन आउँछ।

अब,

सो रूखको काण्डको आयतन ३.०५० घन मिटर भएकोले (माथिको उदाहरणबाट),

हाँगाहरूको आयतन = हाँगाको अनुपात (R - value) X काण्डको आयतन

हाँगाहरूको आयतन = ०.३५२ X ३.०५० (घन मिटर)= १.०७३६ (घन मिटर)

(३) रूखको आयतन (Tree Volume): काण्डको आयतनमा हाँगाहरू (Branches) को आयतन जोडेमा रूखको आयतन हुन्छ। यदि एउटा सालको रूखको डायमिटर (dbh)= ६० से.मी. र उचाई = २५ मिटर छ भने (माथिको उदाहरणबाट)

रूखको कुल आयतन = काण्डको आयतन + हाँगाहरूको आयतन

= ३.०५०० + १.०७३६

= ४.१२३६ घन मिटर हुन आउँछ।

(४) काठको ग्रस आयतन (Gross Timber Volume): काठको ग्रस आयतन निकाल्न रूखको काण्डको आयतनबाट उक्त रूखको १० सेन्टिमिटर टप आयतन घटाउनु पर्ने हुन्छ ।

(काठको ग्रस आयतन = काण्डको आयतन - १० से.मि. टप डायमिटरको आयतन)

रूखको १० से.मि. टप डायमिटरको आयतन निकाल्न काण्डको आयतनलाई १० से.मि. टप डायमिटरको अनुपातले गुणन गर्नु पर्छ।

(१० से.मि. टप डायमिटरको आयतन = काण्डको आयतन x १० से.मि. टप डायमिटरको अनुपात)

निम्न सुत्रको प्रयोग गरी १० से.मि. टप डायमिटरको अनुपात निकाल्नु पर्छ :-

($Ln(V1/V)= a_1+b_1* Ln(d)$) वा Ratio = EXP (a1+ b1* Ln(d))

यहाँ,

Ratio भन्नाले १० से.मि. डायमिटर भन्दा माथिको भागको आयतन र रूखको काण्डको आयतन (Stem Volume) अनुपात (Ratio)

$a_1$, $b_1$ भन्नाले रूखको प्रजाति अनुसार तालिका- १ मा दिइएका मानहरू (values)

d भन्नाले रूखको डायमिटर (जमिनबाट १.३ मिटर उचाइमा नापिएको डायमिटर (dbh)-सेन्टिमिटरमा)

उदाहरण,

माथिको उदाहरणमा सालको रूखको डायमिटर (dbh)= ६० से.मी. रहेकोले १० से.मि. डायमिटर भन्दा माथिको भागको आयतन (१० से.मि. टप डायमिटर) र काण्डको आयतनको अनुपात (Ratio) आयतन निकाल्नका लागि;

माथिको तालिका १ बाट सालको $a_1$ र $b_1$ का मानहरू -

$a_1$= ५.२०२६ र $b_1$ = -२.४७८८

d= ६० से.मी.

सूत्रमा राख्दा,

१० से.मि. डायमिटर भन्दा माथिको भागको आयतनको अनुपात (Ratio)

=($EXP((a_1)+( b_1)*LN(d))$)

= (EXP((५.२०२६)+(-२.४७८८)*LN(६०)))

= ०.००७१०८५१९

अब माथिको उदाहरणबाट सालको रूखको (डायमिटर= ६० से.मी. र उचाई = २५ मिटर) काण्डको आयतन ३.०५०० घन मिटर रहेकोले,

१० से.मि. व्यास भन्दा माथिको भागको काण्ड आयतन = काण्डको आयतन x १० से.मि. डायमिटर भन्दा माथिको भागको

आयतनको अनुपात = ३.०५०० घन मिटर * ०.००७१०८५१९

= ०.०२१६८१ घन मिटर हुन आउछ।

काठको ग्रस आयतन निकाल्न काण्डको आयतनबाट १० से.मि. व्यास भन्दा माथिको भागको काण्डको आयतन घटाउनु पर्छ।

(काठको ग्रस आयतन = काण्डको आयतन - १० से.मि. व्यास भन्दा माथिको भागको काण्डको आयतन)

= ३.०५०० - ०.०२१६८१

यसरी काठको ग्रस आयतन = ३.०२८३ घन मिटर

(५) काठको ग्रस आयतनबाट नेट आयतन र दाउरा निकाल्दा देहाय बमोजिम गर्नु पर्छ :-

(अ) पहिलो दर्जाको रूखबाट आउने काठको ग्रस आयतनबाट काठको नेट आयतन निकाल्दा पहिलो दर्जाको रूखको काठको ग्रस आयतनको ८० प्रतिशत नेट आयतन कायम गर्नु पर्छ।

(आ) दोस्रो दर्जाको रूखबाट आउने काठको ग्रस आयतनबाट काठको नेट आयतन निकाल्दा दोस्रो दर्जाको रूखको काठको ग्रस आयतनको ६० प्रतिशत नेट आयतन कायम गर्नु पर्छ।

(इ) तेस्रो दर्जाको रूखबाट आउने काठको ग्रस आयतनबाट काठको नेट आयतन निकाल्दा तेस्रो दर्जाको रूखको काठको ग्रस आयतनको ३० प्रतिशत नेट आयतन कायम गर्नु पर्छ।

(ई) चौथो दर्जाको हकमा सम्पूर्ण रूखको आयतन (कुल आयतन) लाई दाउराको आयतनमा हिसाब गर्नु पर्छ।

अब माथिको उदाहरणबाट सालको रूख (डायमिटर= ६० से.मी. र उचाई = २५ मिटर) दोस्रो दर्जाको रहेको र काठको ग्रस आयतन ३.०२८३ घन मिटर रहेकोले माथिको दोस्रो दर्जाबाट काठको ग्रस आयतनको साठी प्रतिशत काठको नेट आयतन कायम गर्नु पर्छ।

काठको ग्रस आयतन मध्ये काठको नेट आयतन = ३.०२८३ * ०.६० =१.८१७० घन मिटर

(६) खयर प्रजातिको हकमा रूखबाट आउने काण्डको सम्पूर्ण आयतनलाई काठको नेट आयतन मानिनेछ।

(७) दाउराको आयतन र चट्टाः

(अ) दाउराको आयतन निकाल्न रूखको आयतनबाट काठको नेट आयतन घटाउनु पर्छ।

दाउराको आयतन = रूखको आयतन - काठको नेट आयतन

यहाँ,
माथिको उदाहरणबाट,

रूखको आयतन = ४.१२३६ घन मिटर र काठको नेट आयतन =१.८१७० घन मिटर रहेकोले

दाउराको आयतन = ४.१२३६ — १.८१७०

= २.३०६६ घन मिटर

(आ) चौथो दर्जाको रूखको सम्पूर्ण आयतन (कुल आयतन) लाइ दाउराको आयतनमा हिसाब गर्नु पर्छ।

(इ) दाउराको आयतनको घन मिटर लाई चट्टामा बदल्न १०५.९४/१००० (०.१०५९४४) ले गुणन गर्नु वा ९.४३८९ ले भाग गर्नु पर्छ।
माथिको उदाहरणबाट,
चट्टाको सङ्ख्या = २.३०६६ x ०.१०५९४४
= ०.२४४४
यसरी माथिको उदाहरणबाट सालको रूखको डायमिटर= ६० से.मी. र उचाई = २५ मिटर तथा दोस्रो दर्जाको रहेको अवस्थामा उक्त रूखबाट काठ (Timber) १.८१७० घन मिटर र दाउरा ०.२४४४ चट्टा आउने देखियो।

(८) मापनको एकाईः घनमिटरलाई घनफिट (क्युबिक फिट) मा परिवर्तन गर्दा ३५.३१४७ ले गुणन गर्नु पर्छ।

(९) बोक्राः बोक्राको हिसाव आवश्यकता परेमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट प्रकाशन गरिएको प्रकाशन नम्बर ४७ (Volume Equations and Biomass Prediction of Forest Trees of Nepal, Sharma and Pukala, 1990) को टेबल ५, टेबल ६ र टेबल ७ लाई आधार लिई काठ र दाउरामा रहेको बोक्राको मात्रा यकिन गर्नु पर्नेछ।

(१०) माथिको सुत्र अनुसार खडा रूखबाट काठ, दाउराको आयतन निकाल्न वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट तयार पारिएको Excel-Sheet वा software प्रयोग गर्न सकिन्छ।

३. <u>काठ, दाउराको मापन गर्ने तरिकाः</u>

(क) गोलाइ मापन :- गोलाइ मापन गर्दा बोक्रा कटाएर मापन गर्नु पर्छ।

(१) फेददेखि टुप्पो पट्टि घट्दै गएको गोलियाको हकमा बीच भागमा गोलाइ मापन गर्नु पर्छ।

(२) गोलियाको फेद, बीच भाग र टुप्पो समान नभएको अवस्थामा गोलियाको दुबै छेउ र बीचमा गोलाइ मापन गरी औसत नाप निकाल्नु पर्छ।

(३) गोलियाको बीच भागमा कुनै ठूलो गाँठो वा खाल्डो भएमा त्यस भागलाई छोडेर नजिकको दुई भागमा मापन गरी औसत नाप निकाल्नु पर्छ।

(४) गोलिया असमान रुपले फैलिएको वा साँघुरो भएको छ भने तीन ठाउँमा (दुई वटा छेउमा र बीच भागमा) गोलाइ मापन गरी गोलाइ निकाल्नु पर्छ।

(५) गोलाइ मापन गर्दा नजिकको इन्चमा ७ लाइन भन्दा माथि १ इन्च र नपुगेमा ० इन्च कायम हुने गरी इन्चमा मापन गरी फिटमा परिवर्तन गर्नु पर्छ।

(६) गोलियामा पंखि भएको अवस्थामा पंखि (बट्रेस) कटाई गोलियाको मापन गर्नु पर्छ।

(७) गोलियाको बाहिरि भाग मक्किएको भएमा मक्किएको भाग कटाएर गोलाइ मापन गर्नु पर्छ।

(ख) लम्बाइ मापनः- गोलियाको लम्बाइ मापन गर्दा ४" सम्म तलको फिट, ४" देखि ८" सम्म ०.५ फिट र ८" भन्दा माथि भएमा माथिको फिटमा मापन गर्नु पर्छ।

(ग) चिरान काठ मापन :- चिरान काठको मापन गर्दा देहाय बमोजिमको गर्नु पर्नेछ :

(१) लम्बाइः- चिरान काठको लम्बाइ मापन गर्दा छड्के भागलाई कटाएर नजिकको ईन्चमा मापन गर्नु पर्छ।

(२) चौडाइ र उचाइः- चिरान काठको चौडाइ र उचाइ मापन गर्दा बाहिरी भागको सडेको वा मक्किएको भागलाई कटाएर नजिकको इन्चसम्म मापन गर्नु पर्नेछ।

(घ) दाउरा मापन :- दाउरा मापन गर्दा चट्टामा मापन गर्नु पर्नेछ र २० फिट × ५ फिट × ५ फिटको थुप्रो (३३३.३३ घनफिट) लाई एक चट्टा मानिनेछ।

(ङ) मापनको एकाइ :- काठको मापन गर्दा फिट वा इन्चमा मापन गरी आयतन निकाल्दा घनफिटमा निकाल्नु पर्छ।

४. <u>काठको आयतन निकाल्ने तरिकाः-</u>

(क) गोलिया काठको आयतन निकाल्ने तरिकाः गोलिया काठको आयतन निकाल्दा हुवर सूत्र अनुसार घन फिटमा निकाल्नु पर्छ।

हुवर सूत्रः आयतन = $\frac{\pi \times (\text{डायमिटर})^{२} \times \text{लम्बाइ}}{४}$

$$\text{Volume} = \frac{\pi \times (\text{Diameter})^2 \times \text{Length}}{४}$$

अथवा,

आयतन = $\frac{(\text{गोलाइ})^{२} \times \text{लम्बाइ}}{४\pi}$

$$\text{Volume} = \frac{(G)^2 \times \text{Length}}{४\pi}$$

(ख) चिरान काठको आयतन निकाल्ने तरिकाः चिरान काठको आयतन निकाल्दा निम्न अनुसार घनफिटमा निकाल्नु पर्छ।

चिरान काठको आयतन= $\frac{\text{लम्बाइ (फिटमा)} * \text{चौडाइ (इन्चमा)} * \text{उचाइ (इन्चमा)}}{१४४}$

५. <u>गोलिया काठको धोद कट्टी गर्ने तरिका</u> :-

(क) धोद भन्नाले गोलिया काठको रिङ्ग भएको वा सडेको वा मक्किएको वा पोचो भएको वा चिरिएको वा प्वाल परेको कारणले चिरान आउन नसक्ने भाग सम्झनु पर्छ।

(ख) गोलिया काठको एकापट्टिको छेउमा मात्र धोद भएको अवस्थामा गोलियाको लम्बाइको आधाभाग सम्म धोद रहेको मान्नु पर्छ। धोदको क्षेत्रफल (क्रस सेक्सनल एरिया) निकाल्दा सबैभन्दा लामो र सबैभन्दा छोटो साइड नापी औसत निकाली धोदको क्षेत्रफल निकाल्नु पर्छ।

(ग) गोलियाको दुवै पट्टिको छेउमा धोद भएको अवस्थामा गोलियाको लम्बाइ बराबर धोदको लम्बाइ मान्नु पर्छ। धोदको क्षेत्रफल (क्रस सेक्सनल एरिया) निकाल्दा दुवै पट्टीको सबैभन्दा लामो र सबैभन्दा छोटो साइड नापी औसत निकाली धोदको क्षेत्रफल निकाल्नु पर्छ।

(घ) धोदको क्षेत्रफल (क्रस सेक्सनल एरिया) लाई धोदको लम्बाइले गुणन गरी धोदको आयतन निकाल्नु पर्छ।

(ङ) जुन सुत्रबाट गोलियाको आयतन निकालिएको हो त्यही सुत्रबाट धोदको आयतन निकाल्नु पर्छ।

(च) धोद सहितको गोलियाको आयतनमा धोदको आयतन घटाई गोलियाको वास्तविक आयतन निकाल्नु पर्छ।

६. गोलिया काठको गुणस्तर (ग्रेड) निर्धारणः-

(क) साल प्रजातिः

(१) "ए" ग्रेडः- गोलाइ ५ फिट भन्दा बढी भई लम्बाइ ६ फिट भन्दा बढी भएको, सामान्य किरा लागेको वा प्रति ६ फिट लम्बाइमा २ वटा सम्म प्वाल भएको, ५ प्रतिशतसम्म धोद भएको, सोझो गोलिया काठ।

(२) "बी" ग्रेडः- गोलाइ ४ फिट भन्दा बढी भई लम्बाइ ४ फिट भन्दा बढी भएको, किरा लागेको वा प्रति ४ फिट लम्बाइमा ५ वटासम्म प्वाल भएको, चिरिएको, ५ फिट भन्दा बढी गोलाइ भएकोमा २५ प्रतिशतसम्म धोद भएको र ४ फिट देखी ५ फिटसम्म गोलाइ भएकोमा ५ प्रतिशतसम्म धोद भएको, गाँठो भएको, बोक्रा भित्र पसेको गोलिया काठ।

(३) "सी" ग्रेडः- गोलाइ २ फिट ६ इन्च भन्दा बढी भई लम्बाइ ३ फिटभन्दा बढी भएको, "ए" र "बी" ग्रेडमा नपरेको गोलिया।

(४) "डी" ग्रेडः- "ए", "बी", "सी" ग्रेड र बल्लाबल्लीमा नपरेको चिरान काठ निस्कन सक्ने गोलिया काठ।

(ख) जङ्गली सिसौ प्रजातिः-

(१) "ए" ग्रेड :- गोलाइ ४ फिट भन्दा बढी भई लम्बाइ ४ फिट भन्दा बढी भएको, सामान्य किरा लागेको वा प्रति ४ फिट लम्बाइमा २ वटा सम्म प्वाल भएको, ५ प्रतिशतसम्म धोद भएको, सोझो गोलिया काठ।

(२) "बी" ग्रेड :- गोलाइ ३ फिट भन्दा बढी भई लम्बाइ ४ फिट भन्दा बढी भएको, किरा लागेको वा प्रति ४ फिट लम्बाइमा ५ वटासम्म प्वाल भएको, चिरिएको, ४ फिट भन्दा बढी गोलाइ भएकोमा २५ प्रतिशतसम्म धोद भएको र ३ फिट देखी ४ फिट सम्म गोलाइ भएकोमा ५ प्रतिशतसम्म धोद भएको, गाँठो भएको, बोक्रा भित्र पसेको गोलिया काठ।

(३) "सी" ग्रेड :- गोलाइ २ फिट ६ इन्च भन्दा बढी भई लम्बाइ ३ फिटभन्दा बढी भएको "ए" र "बी" ग्रेडमा नपरेको गोलिया।

(४) "डी" ग्रेडः- "ए", "बी" र "सी" ग्रेडमा नपरेको चिरान काठ निस्कन सक्ने गोलिया काठ।

(ग) चाँप, जामुन, कर्मा र असना प्रजातिः-

(१) "ए" ग्रेड :- गोलाइ ५ फिट भन्दा बढी भई लम्बाइ ७ फिट भन्दा बढी भएको, सामान्य किरा लागेको वा प्रति ७ फिट लम्बाइमा २ वटा सम्म प्वाल भएको, ५ प्रतिशतसम्म धोद भएको, सोझो गोलिया काठ।

(२) "बी" ग्रेड :- गोलाइ ४ फिट भन्दा बढी भई लम्बाइ ५ फिट भन्दा बढी भएको, किरा लागेको वा प्रति ५ फिट लम्बाइमा ५ वटासम्म प्वाल भएको, चिरिएको, ५ फिट भन्दा बढी गोलाइ भएकोमा पच्चीस प्रतिशतसम्म धोद भएको र ४ फिट देखी ५ फिट सम्म गोलाइ भएकोमा ५ प्रतिशतसम्म धोद भएको, गाँठो भएको, बोक्रा भित्र पसेको गोलिया काठ।

(३) "सी" ग्रेडः- "ए", "बी" ग्रेडमा नपरेको गोलिया काठ।

(घ) टुनी, सिरिस (कालो र रातो), उत्तिस र गम्हारी प्रजातिः-

(१) "ए" ग्रेड :- गोलाइ ५ फिट वा सो भन्दा बढी भएको गोलिया।

(२) "बी" ग्रेड :- गोलाइ ५ फिट भन्दा कम भएको गोलिया।

(ङ) वृक्षारोपण सिसौ प्रजातिः-

(१) "ए" ग्रेड :- गोलाइ ४ फिट वा सो भन्दा बढी भएको।

(२) "बी" ग्रेड :- गोलाइ ४ फिट भन्दा कम भएको।

(च) सल्ला प्रजातिः-

(१) "ए" ग्रेड : गोलाइ ५ फिट वा सो भन्दा बढी भएको र लम्बाइ ७ फिट वा सो भन्दा बढी भएको गोलिया।

(२) "बी" ग्रेड : गोलाइ ५ फिट भन्दा कम भएको वा लम्बाइ ७ फिटभन्दा कम भएको गोलिया।

७. <u>बिगो कायम गर्ने तरिकाः-</u>

(क) ठुटाबाट आयतन कायम गरी बिगो कायम गर्ने तरिकाः

(१) जङ्गल नोक्सानी भई ठुटासम्म भएको तर काठ फेला नपरी ठुटाबाट बिगो कायम गर्दा देहाय बमोजिम गर्नु पर्छः-

(अ) ठुटाको गोलाइ मापन गर्दा जमिनबाट एकफूट माथि ठुटाको बोक्राभित्रको गोलाइ फिटमा मापन गर्नु पर्छ।

(आ) ठुटाको गोलाइको आधारमा बिगो निकाल्दा तालिकामा ४ उल्लेख भएको काठको जात र साईज अनुसार आयतन कायम गरी उक्त आयतनलाई अनुसूची-३० बमोजिमको काठको मूल्यले गुणन गरी बिगो कायम गर्नु पर्छ।

तालिका ४ः ठुटाको गोलाइको आधारमा घनफिटमा आयतन निकाल्ले तालिकाः-

| जात | < २′ | २′–३′ | ३′–४′ | ४′–५′ | ५′–६′ | ६′–७′ | ७′–८′ | ८′–९′ | ९′–१०′ | १०′–११′ | ११′–१२′ | >१२′ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फर, देवदार | २ | ९ | १८ | ३४ | ४५ | ८० | १०० | १३८ | १५४ | १९१ | २१३ | २४५ |
| चाँप | १ | ६ | १२ | ३० | ४० | ६१ | ८१ | १२६ | १६० | २१३ | २६० | ३११ |
| सिसौ | ३ | १० | १७ | २७ | ४० | ५४ | ७० | ८६ | १०१ | ११५ | १२८ | १३४ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साल | २ | ८ | १५ | २७ | ४१ | ५० | ७० | ८६ | ११९ | १३८ | १६२ | १८१ |
| असना | १ | ५ | १० | २१ | ३४ | ५४ | ८६ | १०२ | १३१ | १६१ | १९२ | २२५ |
| कर्मा | १ | ४ | ७ | १५ | २६ | ४० | ५४ | ६९ | ८२ | ९३ | १०४ | ११४ |
| टुनी | २ | ८ | १४ | २५ | ३८ | ५२ | ६६ | ८० | ८३ | १०८ | ११८ | १३० |
| सल्लो | १ | ६ | १६ | ३५ | ६२ | ९८ | १४१ | १७१ | २०१ | २२० | ३५२ | ४०६ |
| अन्य सल्ला | २ | ८ | १६ | ३१ | ५२ | ७० | १०० | १४१ | १७१ | २०१ | २२० | २२० |
| खयर | १ | ९ | १६ | २९ | ४७ | ७२ | १०२ | १२९ | — | — | — | — |
| भुडकुल | १ | ७ | १४ | २६ | ४१ | ५९ | ७८ | ९९ | ११९ | १४२ | १६१ | १५२ |
| गुटेल | २ | ६ | १५ | २१ | ३२ | ४६ | ६२ | ८१ | १०३ | १२७ | १५१ | १७५ |
| जामुन | १ | ५ | १० | १८ | २८ | ३० | ४० | ५४ | ६० | ६५ | ६९ | ७४ |
| उत्तिस | २ | ८ | १६ | ३७ | ५४ | ८३ | ११५ | १५२ | १९३ | २४० | २९० | ३४२ |
| चिलाउने | १ | ४ | ८ | १८ | ३० | ४४ | ६० | ७६ | ९३ | १०६ | १३२ | १२२ |
| सिमल | १ | ६ | १३ | २७ | ४४ | ६६ | ९५ | १२४ | १५५ | १८८ | २२३ | २५९ |
| अन्य जात | २ | ६ | ११ | २० | ३० | ४२ | ५४ | ७० | ८३ | ९९ | ११३ | १३१ |

(ख) चिरान काठको बिगो कायम गर्ने तरिकाः चिरान काठको बिगो कायम गर्नु पर्दा चिरान काठको आयतनलाई १.४ ले गुणन गरी आएको आयतनलाई अनुसूची–३० बमोजिमको मूल्यले गुणन गरी बिगो कायम गर्नु पर्छ।

**अनुसूची-४८**

**(नियम ७० को उपनियम (४) सँग सम्बन्धित)**

**<u>वन पैदावारको चलानी पुर्जी</u>**

गण्डकी प्रदेश सरकार

........................... मन्त्रालय

निर्देशनालय

डिभिजन वन कार्यालय ........

.................।

मितिः....................

श्री ...........................

.................................।

| क्र. सं. | गोलिया नं. | जात | नाप साईज | | आयतन | धोद कट्टी | नेट आयतन | टाँचा चिन्ह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गोलाई | लम्बाई | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**<u>बोधार्थ/कार्यार्थः</u>**

डिभिजन वन कार्यालय, ..................

....................................

(वन प्रतिनिधि)

नाम र दस्तखतः

*नोटः यो चलानी पूर्जी ३ प्रति तयार गरी एक प्रति आफैले राखी एक प्रति ढुवानी साधनमा र एक प्रति डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।*

...................... ..........

डिभिजनल वन अधिकृत

## अनुसूची-४९
## (नियम ७२ को उपनियम (५) सँग सम्बन्धित)
## काठ, दाउराको छोडपुर्जीको ढाँचा

गण्डकी प्रदेश सरकार
............................ मन्त्रालय
निर्देशनालय
डिभिजन वन कार्यालय .............
.............।

च.न.                                                                                   मितिः
.........................

विषयः छोडपुर्जी दिएको ।

श्री ..................................
.......................................।

यस कार्यालयबाट .................सब डिभिजन वन कार्यालय अन्तर्गतको ..... ......... घाटगद्दीमा रहेको लट नम्बर................ आ.व. ....................मा सङ्कलन/बरामद भएको खडारुख/काठ/दाउरा लिलाम बिक्री गर्न प्रकाशित मिति ............. को सूचना अनुसार तपाईले पेस गरेको बोलपत्रमा तपाईको कबोल अङ्क सबै भन्दा बढी हुँदा मिति ...............को निर्णय अनुसार तपाईको नाममा बिक्री सदर भई कबोल अङ्क रु.................. यस कार्यालयमा प्राप्त भई सकेकोले तपाईको माग अनुसार ........... सम्म लैजान मिति .......................को नापी/बिमार्का अनुसार व.वि. ............. बिक्री टाँचा निसान लागेको तपसिल बमोजिमको वन पैदावार ................ दिन भित्र उठाई ................ सम्म लैजाने गरी यो छोडपुर्जी दिईएको छ। सब डिभिजन वन कार्यालयले प्रदान गरेको चलानी पुर्जीको आधारमा दरपिठ गराई वन पैदावार ओसारपसार गर्नु हुन अनुरोध छ।

तपसिलः

| क्र.स. | जात | थान | परिमाण | जम्मा रकम | टाँचाको विवरण | सिलको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

बोधार्थ/कार्यार्थः-
(१) डिभिजन वन कार्यालय ................. (पुग्ने ठाउँको)
(२) सव डिभिजन वन कार्यालय ...................
(३) आर्थिक प्रशासन शाखा, डिभिजन वन कार्यालय, ..............
(४) श्री ........................ तोकिएको सिल लगाइ छाडिदिनु हुन।

(....................................)
डिभिजनल वन अधिकृत

## अनुसुचि-५०
## (नियम ७४ को उपनियम (४) सँग सम्बन्धित)

**<u>डिभिजन वन कार्यालयले प्रयोग गर्ने टाँचाको ढाँचा</u>**

टाँचाको नमूना

क

ख ग

घ

डाइमिटर १.४ (३.५ सी.एम) इन्चको गोल आकारमा बिचमा रूख रोपौं वन जोगाऔं लोगो राख्ने र चारैतिर देहाय बमोजिमको *Provincial Database* अनुसार *Code* राख्ने ।

(क) डिभिजन वन कार्यालयको कोड
(ख) छपानको लागि ग प्र व छ
(ग) कटानको लागि ग प्र व का
(घ) विमार्काको लागि ग प्र व वि
(ङ) स्थान्तरणको लागि ग प्र व जा

## अनुसूची-५१

**(नियम ८२ को उपनियम (१) सँग सम्बन्धित)**

**<u>पूरानो घर गोठमा प्रयोग भएका काठ वा काठजन्य सामग्री ओसारपसारको अनुमतिका लागि दिइने निवेदनको ढाँचा</u>**

श्री डिभिजनल वन अधिकृत,
डिभिजन वन कार्यालय, ......................।

........... गाउँ/नगरपालिका ..... नं. वडाको कि.नं. .... मा रहेको मेरो निजी जग्गा तथा निजी आवादीमा रहेका पूरानो घर गोठमा प्रयोग भएका देहाय बमोजिमका काठ तथा काठजन्य सामग्रीहरू घरायसी प्रयोजन/बिक्री वितरणका लागि ....... जिल्लाको ...... गाउँ/नगरपालिका क्षेत्रभित्र पर्ने ........................... सम्म ओसारपसार गर्नुपर्ने भएकोले स्थानान्तरण गर्न अनुमति पाउँ भनी यो निवेदन पेस गरेको छु।

१. घरायसी प्रयोजनका लागि ओसारपसार गर्न चाहेको निजी वन वा निजी आवादीको पूरानो घर गोठमा प्रयोग भएका काठ तथा काठजन्य सामग्रीको विवरणः

| क्र.सं. | काठ दाउराको विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |

२. गण्डकी प्रदेश वन नियमावली, २०८० को नियम ८२ को उपनियम (१) बमोजिमका आवश्यक कागजातहरुः

<u>घर धनीको,-</u>
नामः
दस्तखतः
मितिः

**अनुसूची-५२**

**(नियम ८२ को उपनियम (३) सँग सम्बन्धित)**

**<u>पूरानो घर गोठमा प्रयोग भएका काठ वा काठजन्य सामग्री ओसारपसारको अनुमतिको ढाँचा</u>**

गण्डकी प्रदेश सरकार

................................ मन्त्रालय

निर्देशनालय

............................... कार्यालय

श्री .......................

...............................।

................ जिल्ला ..................... गाउँ/नगरपालिका ........ वडा नं. मा रहेको तपाईको निजी जग्गामा रहेको पूरानो घरको पूरानो काठ घरायसी/व्यवसायिक प्रयोजनका लागि अन्यत्र ओसारपसार गर्ने स्वीकृतिका लागि पेस गर्नु भएको निवेदनसाथ संलग्न कागजात र सव डिभिजन वन कार्यालय ................ को सिफारिसका आधारमा देहाय बमोजिमको पूरानो काठ दाउरा ............ जिल्लाको ............ गाउँ/नगरपालिकाको क्षेत्रभित्र पर्ने ..... सम्म ओसारपसार गर्न यो अनुमतिपत्र दिइएको छ।

| क्र.सं. | काठको विवरण | इकाई | परिमाण | टाँचा लगाइएको भए सोको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

<u>अनुमतिपत्र बुझी लिनेको,-</u>

नामः

दस्तखतः

मितिः

<u>अनुमतिपत्र दिनेको,-</u>

नामः

पद/दस्तखतः

मितिः

**<u>बोधार्थः</u>**

१. श्री निर्देशनालय, ..................।

२. श्री डिभिजन वन कार्यालय ........................।(गन्तव्य स्थान)

३. श्री .......................... गाउँपालिका/नगरपालिका (उद्गम स्थान र गन्तव्य स्थान)

४. श्री सव डिभिजन वन कार्यालय ................ (उद्गम स्थान)

**अनुसूची-५३**
**(नियम ८४ को उपनियम (३) सँग सम्बन्धित)**

जिल्ला वन पैदावार आपूर्ति समितिबाट बिक्री हुने काठ, दाउराको परिमाण

| क्र.स. | काठ, दाउरा चाहिने प्रयोजन | अधिकतम परिमाण | | कैफियत |
|---|---|---|---|---|
| | | काठ (घन फिट) | दाउरा (चट्टा) | |
| (क) | विपद्मा परेका परिवारको घर गोठ निर्माण तथा पुनर्निर्माण | ४० | ०.२५ | |
| (ख) | घरकाजको रुपमा नयाँ घर गोठ निर्माण | १०० | १ | |
| (ग) | घरकाजको रुपमा घर गोठ मर्मत | ४० | - | |
| (घ) | कृषक परिवार वा समूहले निर्माण तथा उपयोग गर्ने कृषि औजार | ७ | - | |
| (ङ) | धार्मिक तथा सांस्कृतिक कार्य र पुरातात्त्विक सम्पदाको निर्माण तथा पुनर्निर्माण | आवश्यकता अनुसार | १ | |
| (च) | शीतलहर वा हिमपात भएको समयमा सार्वजनिक स्थानमा न्यानो कार्य | - | आवश्यकता अनुसार | सामूहिक रुपमा प्रयोग गर्न |
| (छ) | शव दाहसंस्कार | १५ | ५ क्वीन्टल | |
| (ज) | जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्य | १५० | - | |
| (झ) | गण्डकी प्रदेशमा स्थायी बसोबास रहेका वा गण्डकी प्रदेशमा कम्तिमा तीन वर्ष मन्त्रालय वा मातहतका कार्यालयमा रही काम गरेका कर्मचारीको घर निर्माण कार्यका लागि | १०० | - | |

**अनुसूची-५४**

**(नियम ९३ को उपनियम (२) सँग सम्बन्धित)**

**राहत माग गर्ने निवेदनको ढाँचा**

श्री डिभिजनल वन अधिकृत,

डिभिजन वन कार्यालय, ..............

....................................... ।

विषयः **राहत उपलब्ध गराई पाउँ।**

वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कामको सिलसिलामा म/मेरो ......................... लाई तपसिल बमोजिमको क्षति/घटना भएको हुँदा गण्डकी प्रदेश वन ऐन, २०८० को दफा ९५ तथा गण्डकी प्रदेश वन नियमावली, २०८० को नियम... बमोजिम राहत उपलब्ध गराई पाउन देहाय बमोजिमका कागजात तथा प्रमाण यसैसाथ संलग्न राखी पेस गरेको व्यहोरा अनुरोध गर्दछु।

<table>
<tr><td>निवेदकको नाम</td><td colspan="4"></td></tr>
<tr><td>निवेदकको ठेगाना</td><td>गा.पा./न.पा.:</td><td>वडा नं.:</td><td colspan="2">टोलः</td></tr>
<tr><td colspan="2">घटना मितिः</td><td colspan="3">क्षतिको किसिमः सामान्य घाइते/गम्भीर घाइते/मृत्यु</td></tr>
<tr><td colspan="2">राहत माग रकम (अङ्कमा) रु........</td><td colspan="3">अक्षरमाः</td></tr>
<tr><td colspan="2">बैंकको नामः</td><td colspan="3">बैंक शाखाः</td></tr>
<tr><td colspan="2">बैंकको ठेगानाः</td><td colspan="3">खातावालाको नामः</td></tr>
<tr><td colspan="2">खाता नंः</td><td colspan="3">सम्पर्क नं.</td></tr>
<tr><td colspan="5">पेस गरेको कागजात तथा प्रमाणहरूः</td></tr>
<tr><td>१</td><td colspan="2">घाइते वा मृतकको फोटो,</td><td></td><td></td></tr>
<tr><td>२</td><td colspan="2">मृतकको हकमा मृत्यु दर्ता प्रमाणपत्र र पोष्टमार्टम रिपोर्ट</td><td></td><td></td></tr>
<tr><td>३</td><td colspan="2">घटनास्थलको सर्जमिन मुचुल्का</td><td></td><td></td></tr>
<tr><td>४</td><td colspan="2">स्वास्थ्य संस्थाको सिफारिस र औषधीको बिल</td><td></td><td></td></tr>
<tr><td>५</td><td colspan="2">प्रहरी प्रतिवेदन</td><td></td><td></td></tr>
<tr><td>६</td><td colspan="2">नाता प्रमाणित कागजात र नागरिकता प्रमाणपत्र प्रतिलिपि</td><td></td><td></td></tr>
<tr><td colspan="5">पेस भएको निवेदन सत्य, साँचो हो। यस सम्बन्धमा कुनै व्यहोरा झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।</td></tr>
<tr><td colspan="5">निवेदकको हस्ताक्षरः .......................... मितिः.................................</td></tr>
</table>